
माघ २५, २०६३

# समय

राष्ट्रिय साप्ताहिक

# घट्दो साख



मूल्य रु. २५






समय

# समय

राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १४१, माघ १२–१८, २०६३




आवरण: प्रधानमन्त्री गिरीजाप्रसाद कोइराला ।

*तस्बिर : भास्वर ओझा*

**आवरण : प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले तराईको हिंसा साम्य पार्न गरेको सार्वजनिक सम्बोधनको खासै असर देखिन सकेको छैन । यसले निर्विवाद प्रधानमन्त्रीका रूपमा उनको स्वीकार्यता घटाएको छ । मधेसी आन्दोलनकारीहरूले सम्बोधनलाई धोकाको संज्ञा दिइरहेका छन्** ३०

## शिक्षा

जाजरकोटका जनवादी विद्यालयहरूको अनिश्चित भविष्य १६

## प्रशासन

उच्च पदमा नियुक्ति गर्न सरकारले खासै पहल गर्न नसक्दा प्रशासनिक नेतृत्व निमित्तको भरमा चल्न बाध्य भएको छ १८

## पेसा

नर्सिङ पेसामा महिलाहरूको आकर्षण त बढिरहेकै छ, तर उत्पादन कमसल भएका कारण बेरोजगारी पनि बढिरहेको छ २०

## अपराध

पछिल्लो समयमा महानगरमा अपराध बढिरहेकै हो ? २८

## रिपोर्ट

धर्मसन्तानका रूपमा विदेशिएकाहरूको सम्मेलन हुने भयो २७

बेलबारी घटनाका पीडितहरूलाई सरकारले न्याय गर्न सकेन ४४



समय

**रंग : पूर्वदेखि पश्चिमसम्म सांगीतिक यात्रा सकेर काठमाडौं आइपुगेको नेपथ्य टोली बल्ल सुस्तायो** ५५

सम्पादकीय ........ ५
चसक ........ ६
डाँक ........ ८
दर्शन ........ १०
मुलुक ........ ११
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले–आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# शासकीय धृष्टता

जीवनमा आएको अनपेक्षित सफलता वा उपलब्धिले यदाकदा व्यक्तिलाई पथभ्रष्ट बनाउँछ। राष्ट्रले हासिल गरेको सफलताको कुव्याख्या भएबाट वा त्यसले अभिमान जन्मिएमा निर्दिष्ट पथबाट सम्पूर्ण राष्ट्र विचलित हुन सक्छ। शान्ति, प्रजातन्त्र र आर्थिक समृद्धि लक्ष्य हासिल गर्ने दिशामा जनआन्दोलनपछि सरकारमा एकाधिकार बनाएका आठ दलहरूले आत्मसमीक्षा गर्नु आवश्यक छ, मुलुकको अहिलेको स्थिति र उनीहरूको आफ्नै आचरणको आलोकमा।

सत्ता परिवर्तन, व्यवस्था र समाजको अग्रगामी गतिमा सहायक हुन सक्छ र हुनुपर्छ। जेठ महिनाको परिवर्तनले जगाएको आशा पनि त्यही हो। तर, 'हामीले' सत्ता पाउनेबित्तिकै मुलुक समस्यारहित बन्छ भन्ने अव्यवहारिक सन्देश सरकार र पुनःस्थापित संसद्ले दिनु आफैं अपत्यारिलो मात्र हैन, जनतालाई भ्रमित पार्ने आचरण थियो। अहिले मुलुकमा विद्यमान परिस्थितिले जनतालाई भ्रमबाट बिउँझाएको छ भने सत्ता र त्यसलाई बाहिरबाट संचालित वा प्रभावित गरेको माओवादीलाई पनि यथार्थ बुझ्ने अवसर दिएको छ।

## सम्पादकीय



मधेसको अभिव्यक्त असन्तोष बुझ्ने कोसिस गरेको देखिनसमेत आनाकानी गरिरहेको यो सरकारले त्यस्तै खासगरी सुदूर पहाडका र हिमाली भेगका अव्यक्त असन्तोष जातीय र भौगोलिकतालाई बुझ्ला वा आठ दलले एकाधिकार जमाएको नवसत्तामा समावेश गर्ने कोसिस गर्ला–त्यो कल्पना गर्न गाह्रो छ।

सत्ताको मदमा सेना लगायत सुरक्षानिकायलाई अपमानित र हतोत्साहित गरेको परिणामस्वरुप वर्तमान सत्ताले अहिलेको हिंसामा न्यूनतम आधिकारिकता प्रदर्शन समेत गर्न सकेन।

सेनालाई संसद् मातहत ल्याएको घोषणा गर्नु तर उपद्रव नियन्त्रण बाहिर जाँदा समेत उसलाई नखटाउनुले सरकार जनधनको क्षति रोक्न कति सचेत छ, भन्ने स्पष्ट हुन्छ। सुरक्षानिकाय जनधनको क्षति रोक्न र राष्ट्रको सुरक्षाका लागि निर्मित राज्यका अंगहरू हुन्, यद्यपि उनीहरूका काम कारबाही नियम र कानुनको जवाफदेहिताको सीमाभित्र हुनुपर्छ। एउटा जीवित, संवेदनशील र उत्तरदायी राज्यलाई कानुन व्यवस्था कायम राख्न दलहरूले घचघच्याइराख्नु राज्य आफ्नो प्राथमिक दायित्वप्रति असफल भएको पूर्ण प्रमाण हो।

माघ १९ को वर्षगाँठ वर्तमान सरकारले राजा ज्ञानेन्द्रकै शैलीमा मनाएको छ। मधेशको अवस्थाका लागि प्रथमतः जिम्मेवार सरकार हो। त्यो असफलताको नैतिक र राजनीतिक जिम्मेवारी नलिई षड्यन्त्रको अवधारणाकै आधारमा प्रतिशोधपूर्ण राजकाज चलाउनु सरकारको असफलता र धृष्टता दुवै हुन्। ■




## समय साता

### मृत्यु



लामो समयदेखि नेपाली राजनीतिमा सक्रिय नेपाली कांग्रेसकी वरिष्ठ नेतृ नोना कोइरालाको ७८ वर्षको उमेरमा मृत्यु ।

### ज्ञापनपत्र

उपसभामुखसहित तराईका ५३ जना विधायिकाहरूद्वारा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष तराईका न्यायोचित मागलाई तत्काल सम्बोधन गर्नुपर्ने मागसहित ज्ञापनपत्र प्रस्तुत ।

### भेट

नेपाल भ्रमणमा रहेका श्रीलंकाका पूर्वप्रधानमन्त्री रणिल विक्रमासिंघे तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबीच भेट ।

### राजीनामा



वाणिज्य तथा अर्थमन्त्री हृदयेश त्रिपाठीद्वारा मधेसका मागहरू सुनुवाइ नभएको कारण देखाई प्रधामन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष राजीनामा ।

### गिरफ्तार



तराईको आन्दोलनलाई हिंसात्मक बनाउन सक्रिय रहेको आरोपमा शाही सरकारका गृहमन्त्री कमल थापा गिरफ्तार ।

### माग



सन् १९९४ देखि निर्वासनमा रहेकी बंगलादेशकी साहित्यकार तस्लिमा नसरिनद्वारा भारतीय सरकारसमक्ष भारतीय नागरिकता उपलब्ध गराउन माग ।

### सार्वजनिक

लोकतान्त्रिक शिक्षा पद्धतिसँगै गुणस्तरीय शिक्षालाई अगाढि बढाउने लक्ष्यका साथ शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा अन्तरिम शिक्षा योजनाको मस्यौदा सार्वजनिक ।

### पक्राउ

दुई किलो लागूऔषधसहित नेपाली नागरिक दा लामा र खामी तामाङ चीनको संघाईमा पक्राउ ।

### रिट

जनआन्दोलन-२ का दमनकारीलाई आन्दोलनको लागि बुझाइएको जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै सर्वोच्चमा निवेदन दायर ।

### आदेश

सर्वोच्च अदालतद्वारा महिला-महिलाबीच भेदभाव हुने गरी राखिएको मुलुकी ऐनको अंशबन्डाको महलको प्रावधान बदर गर्नुपर्ने वा नपर्नेमा लिखित जवाफ पेस गर्न सरकारका नाममा आदेश जारी ।

### अवरोध

स्थानीय मन्त्रालयले ओखरपौवा गाविसका स्थानीयहरूसँग गरेको सम्झौता लागू नगरेको भन्दै माओवादीद्वारा राजधानीको फोहोर ओखरपौवामा फाल्न अवरोध ।

### सार्वजनिक



संयुक्त राष्ट्रसंघका महासचिव बान की मुनद्वारा आफ्नो सम्पत्ति सार्वजनिक ।




## बल्झियो मधेसको पीडा

*समय* (वर्ष ३, अंक १४१)मा मधेससम्बन्धी समाचार पढ्ने मौका पाइयो। आठ राजनीतिक दल संविधानसभाको तयारीमा जुटिरहेका बेला मधेसको आगोले यसलाई लत्याउने काम पक्कै भएको छ। यसो हुनमा अरूभन्दा बढी आठ राजनीतिक दलहरूको तदर्थवादी नीति नै जिम्मेवार छ। विशेष गरी मधेसका लागि ठूला सपना बाँडेको माओवादीले अहिले मधेसमा चर्किरहेको आगोलाई षड्यन्त्रको गन्ध भन्नु आफैंमा ठूलो भुल हो। जस आफ्नो र अपजस अरूको भन्ने अन्य दलहरूको मान्यतामा माओवादी पनि हिँड्न खोजेको भान भएको हुन्छ। यसले अरूभन्दा बढी माओवादीलाई नै नोक्सानी गर्छ। अहिलेको तरल राजनीतिक अवस्थामा घुसपैठ हुनु अस्वभाविक होइन, तर आठ दलहरू घुसपैठ भएको छ भनेर आफू चोखिन खोज्नु ठूलो महाभुल हुनेछ। संविधानसभाको निर्वाचन हुन नदिने षड्यन्त्र भइरहको छ भनेर आठ दल चोखिन खोज्यो भने यो आगो पहाडमा पनि नपुग्ला भन्न सक्ने अवस्था छैन।

■ **विनोद अग्रवाल**
क्षेत्रपाटी, काठमाडौं

## आरोप होइन, मेलमिलाप गरौं

मधेसी फोरमले गरेको आन्दोलन सही वा गलत के छ भन्न सक्ने अवस्था छैन, तर तराईवासीका मागहरूलाई लत्याउन सकिने अवस्थामा पनि होइन। मधेसी फोरमले गरेको आन्दोलन पहाडिया र मधेसीबीचको फाटो ल्याउने तवरले अगाडि बढेको देखिएको छ। यसले मुलुक विखण्डनतर्फ उन्मुख हुन्छ। यसरी जातीय आन्दोलनमा मुलुक गयो भने ११ वर्षमा नभोगेको अर्को द्वन्द्वबाट मुलुक ग्रसित हुनु पर्नेछ। मधेसी बन्धुहरूले यस्ता संवेदनशील कुरामा ध्यान दिन जरुरी छ।

■ **गणेश श्रेष्ठ**
खोटाङ

## सल्किन दिन हुन्न आगो

*समय* (वर्ष ३, अंक १४१)मा 'मधेसमा दन्कियो आगो' समाचार पढ्ने मौका पाइयो। मधेस बल्नुमा सबैभन्दा बेसी दोष माओवादीको छ। लहानमा माओवादीले हानेको गोलीले एक विद्यार्थी मर्दा यो आन्दोलन भुसको आगोजस्तै सल्किएको हो। अहिले आएर मधेसका समस्यालाई समेट्नुको सट्टा राजावादीहरूको घुसपैठ भन्न लाज लाग्नु पर्ने हो। आफूले गल्ती गर्ने जनता ओर्लिएपछि अरूको घुसपैठ भन्न सुहाउँछ ? यो आठ दललाई राम्ररी जानकारी हुनुपर्छ कि अहिलेको तरल अवस्थामा कसरी अवसर खोज्न सकिन्छ भनेर राजावादीहरू लागिरहेको छन् भन्ने। यस्तो बेला यो परिस्थितिको सिर्जना गर्ने को ? के माओवादीले गोली नचलाएको भए नौजनाले सित्तैमा ज्यान फाल्नु पर्थ्यो ? समस्या सिर्जना आफैं गर्ने अनि अरूलाई दोष थुपार्ने यस्तो राजनीतिक चरित्रबाट नेपालीहरूले कहिले मुक्ति पाउने। माओवादीले ११ वर्षसम्म लडेर पनि यस्तो दुष्चरित्र अँगालिरहनु ठिक हो ?

■ **ननिल ढुंगाना**
महाँकाल-काठमाडौं
dhunganaanil@yahoo.com

## आठ दलको गाइजात्रा

अहिले मधेस सबैको चासोको विषय बनेको छ। दिनदिनै चर्किएको आन्दोलनले मधेस मात्र होइन, पहाडलाई पनि छुन्छ कि भनेर मानिसहरूमा आतंक पैदा हुन गइरहेका बेला सरकार र आठ दल झन् यो आन्दोलनमा घ्यू थप्नेतर्फ अगाडि बढेको भान भइरहेको छ। समस्यालाई हलुका रुपमा हेर्ने हो भने तराईको आगो पहाडमा नपुग्ला भन्ने अवस्था छैन। राजावादीहरू अवसरको पर्खाइमा रहेका बेला यो उपयुक्त समय हुनु पर्छ त्यसैले अहिलेका आठ दलले अरूलाई दोष थुपार्नेतिर लागेर गाइजात्रा देखाउने होइन, बढी जिम्मेवार बन्नु पर्ने अवस्था हो। यस्तो बेला राजावादीको खेल भनेर पन्छिन थाल्ने हो भने सबैले प्रतीक्षा गरेको संविधानसभाको निर्वाचन समयमा नहुन सक्छ। आठ राजनीतिक दललाई समयमै चेतना भया।

■ **केदार अविरल, सिन्धुली**
हाल : पुल्चोक, ललितपुर

## काम पनि कटाक्ष हुन पऱ्यो

*समय* (वर्ष ३, अंक १४१) को समय हेरें। व्यक्तित्व भनेर चित्रबहादुर केसीको बारेमा लेखिएको चाखलाग्दो समाचार पनि पढें। उनको खुबीलाई म सलाम गर्छु। केसी जस्ता नेतृत्वले मुलुकको अग्रगामी चित्र कोर्नेतर्फ पनि त्यत्तिकै बलियो कदम चाल्न सक्दो सहयोग गर्न सक्नु पर्छ। उनको व्यक्तित्व हाँसोमै सीमित रहनु हुँदैन भन्ने हाम्रो मान्यता छ।

■ **सुरेश बस्नेत**
बागलुङ
हाल : काठमाडौं

## फस्टाउँदो धन्दा

*समय* (वर्ष ३, अंक १४१) मा छापिएको धर्मपुत्र-पुत्री सम्बन्धी रिपोर्ट पढें। मुलुकमा द्वन्द्व सुरु भएपछि सबैभन्दा फस्टाएको व्यापार व्यवसाय नै धर्मपुत्र-पुत्री बनाएर विदेश पठाउने नै हो। बालबालिकासम्बन्धी लडिरहेका संघसंस्थाले यतातिर कहिल्यै आवाज उठाउनु पर्दैन ? समाजमा विचल्ली परेका बालबालिकाहरूलाई ल्याएर पालन पोषण गरेर हुर्काउनु पक्कै पनि स्यावासीको काम हो, तर विदेश पठाउने धन्दाका रुपमा यस्तो पवित्र उद्देश्यलाई अगाडि बढाइरहेका व्यापारीहरूलाई सही बाटोमा ल्याउने कानुन छैन ? यस्ता विषयमा सरकार र सम्बन्धित पक्ष संवेदनशील कहिले बन्ने ?

■ **अमृता सिलवाल, विन्दु तिमिल्सिना**
भैंसेपाटी


समय

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४

# सत्ताइस वर्षदेखि झोलामै

**राजधानी छिरेका** कर्णालीका विद्यार्थीहरूका लागि सहयोग जुटाउन २०२६ सालमा गठित कर्णाली विद्यार्थी हित समिति आफू जन्मेको २७ वर्षपछि पनि आफ्नै लागि सहयोग जुटाउन चिन्तित छ ।

राजनीतिक हस्तक्षेपबाट ग्रसित कर्णाली विद्यार्थी हित समितिको झोले कार्यालय बोकेर हिँडाइरहेका रामसिंह रावल भन्छन्, 'यो संस्था सबैले प्रयोग गर्ने भाँडो बन्यो, सबैले प्रयोग गरे माथि पुगे अनि फाले ।' कर्णालीबाट केन्द्रमा पुगेर दुर्गमको विकासको रेखा कोर्ने सबैले यसको नेतृत्व सम्हालिसकेका छन् । 'अन्य जिल्लाका जस्तै सक्रिय प्रतिनिधि भएका भए, कर्णालीका विद्यार्थीहरूका लागि काठमाडौंमा छात्रावास बनिसक्थ्यो, तर त्यसो हुन सकेन', रावल अगाडि थप्छन् ।

'कर्णालीका जिल्लाबाट काठमाडौं पुगेका विद्यार्थीहरूका लागि आपत् पर्दा वासको व्यवस्था गर्न सकियोस् भन्ने उद्देश्यले यसको परिकल्पना गरिएको थियो, तर कहिल्यै सफल हुन सकेन', संस्थापक अध्यक्ष रत्नाकर देवकोटा सम्झिन्छन् । कर्णालीको राजनीतिक नेतृत्वले सेवाको पवित्र उद्देश्य बोकेको यस संस्थामाथि राजनीतिक हस्तक्षेप गरेका कारण अहिलेसम्म यसले राजधानीमा आफ्नो खुट्टा टेक्न नसकेको बताउँछन्, उनी ।

लगातार २७ वर्षदेखि खेप्दै आएको राजनीतिक हस्तक्षेपका कारण कर्णालीबाट काठमाडौं आएर सास्ती पाएका विद्यार्थीहरूलाई सहयोग गर्नु त टाढाको कुरो रह्यो, आफ्नै लागि एउटा कोठाको व्यवस्थासमेत गर्न सकेको छैन समितिले । 'सहयोगको आश्वासन पाउँदा नपाउँदै विद्यार्थीहरूमा हुने राजनीतिक गुटबन्दीका कारण कर्णालीका विद्यार्थीहरूका लागि केही गर्न सकिएन', समितिका पूर्व सभापति भूपेन्द्रजंग शाहीको भनाइ छ । 'विद्यार्थीहरूको भलाइका लागि नभएर विशुद्ध राजनीति गर्ने संस्थाका रुपमा यसको विकास गर्ने परिपाटीले कर्णाली विद्यार्थी हित समितिले कर्णालीबाट पढाइका लागि काठमाडौंमा आइपुगेका विद्यार्थीहरूका लागि कुनै काम गर्न सकेन', शाही भन्छन् ।

प्रेम कैदी, रत्नाकर देवकोटा, डा. कलबहादुर रोकाया, डा. नन्दबहादुर शाही, डिल्ली महतजस्ता दिग्गजहरूले यसको नेतृत्व सम्हालेका थिए, तैपनि विद्यार्थीहरूबीचको अन्तरद्वन्द्व र नेतृत्वको पार्टी मोह कारण नेतृत्वपंक्तिमा पुगेकाहरूले पनि कर्णाली विद्यार्थी हित समितिका लागि केही गर्न नसकिएको स्विकार्छन्, संस्थापक सदस्य डा. नन्दबहादुर शाही । 'हामीले यो स्विकार्नु पर्छ, विद्यार्थीहरूको ढाडमाथि टेकेर राजनीति गर्‍यौं, तर विद्यार्थीहरूका लागि केही गर्न सकेनौं ।'

उच्च शिक्षा अध्ययनका लागि काठमाडौं आउने दुर्गम हिमाली जिल्लाका विद्यार्थीका लागि आवासको समस्या अहिले पनि यथावत् छ । अहिले कर्णालीका पाँचवटा जिल्लाबाट झन्डै १ हजार विद्यार्थी काठमाडौंमा अध्ययन गरिरहेको बताउँछन्, संयोजक रामसिंह रावल । आफ्नो स्थापनाकालदेखि नै कर्णालीका विद्यार्थीहरूको हकहित र अधिकारको लागि आवाज उठाउने उद्देश्य बोकेको समितिसँग अहिले विद्यार्थीहरूको सही लगतसम्म छैन ।

'कसैबाट पनि सिन्को भाँच्ने काम भएन', संस्थापक सदस्य डा. नन्दबहादुर शाही भन्छन् । 'यसलाई संस्थागत रुपमा विकास गर्ने सोच बसैले बनाएनन्, खुट्किलोको रुपमा सबैले प्रयोग गर्ने र छोड्ने परिपाटीले कर्णाली विद्यार्थी हित समिति निरीह भएको हो', उनी थप्छन् ।

स्थापनाकालको २४ वर्षपछि २०६० मा सरकारका तर्फबाट राजधानीमा एउटा कम्प्युटर र कोठाको व्यवस्था गरिदिने वचन पाएको थियो, समितिले । 'त्यो सहयोग पनि विद्यार्थीहरूबीच देखिएको अन्तरद्वन्द्व र राजनीतिक हस्तक्षेपका कारण त्यसै रह्यो', तत्कालीन सभापति हरि बोहोरा भन्छन् ।

■ **ज्योति देवकोटा/काठमाडौं**



# बिग्रँदो वातावरण



**संयुक्त राष्ट्रसंघीय** वातावरण कार्यक्रम, अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको एक प्रतिवेदनमा भरपर्दो उपाय अवलम्बन नगर्ने हो काठमाडौं बस्न लायकको सहर नहुने आशयको चेतावनी दिइएको छ ।

काठमाडौं उपत्यकाको वातावरणका सम्बन्धमा तयार पारिएको उक्त प्रतिवेदनका अनुसार काठमाडौंको सहरी क्षेत्रमा फोहर र फोहरपानीको व्यवस्थापनको समस्या सबैभन्दा ठूलो समस्याका रुपमा अगाडि आएको छ । त्यससँगै काठमाडौंको खराब बन्दै गएको वायुको गुणस्तर, ट्राफिक व्यवस्थापनको नाजुक स्थिति, योजनाबद्ध सहरीकरणको अभाव, जलस्रोतको अभाव र दुर्घटनाको उद्धारको कमजोर संयन्त्रजस्ता समस्याले पनि काठमाडौंलाई गाँज्दै लगेको छ ।

प्रतिवेदनका अनुसार काठमाडौंको वायु प्रदूषणले पर्यटन र स्थानीय बासिन्दाको स्वास्थ्यमा पनि निकै नकारात्मक असर गरिरहेको छ । एक सर्वेक्षणमा भाग लिएका १ हजार ७ सय २ जना पर्यटकहरूमध्ये सबैले काठमाडौंको वायू ज्यादै प्रदूषण भएको बताएका थिए । प्रतिवेदनका अनुसार प्रदूषित वायुका कारण हरेक वर्ष १ हजार ६ सय मानिसको अकालमा ज्यान जाने गरेको छ भने काठमाडौंका जनताले वार्षिक २ करोड १० लाख रुपैयाँ वायु प्रदूषणका कारण भएका रोगहरूको उपचारका लागि खर्च गर्ने गरेका छन् । खेतीयोग्य भूमिको विनाश पनि अर्को गम्भीर चासोको विषय भएको प्रतिवेदनले उल्लेख गरेको छ । सन् १९८४ सम्म उपत्यकामा ६२ प्रतिशत खेतीयोग्य जमिन थियो भने सन् २००० मा त्यो ४२ प्रतिशत पुग्यो भने प्रतिवेदनअनुसार अत्यन्त उत्पादक भूमिका रुपमा चिनिएको उपत्यकाको भूमिमा सन् २०२५ सम्म खेतीयोग्य जमिन बाँकी रहनेछैन । उक्त प्रतिवेदनले नकारात्मक असरहरू कम गर्नका लागि फोहरको राम्रो व्यवस्थापन, आकाशे पानीको संकलनजस्ता उपाय पनि सुझाएको छ । ■


**संसारको कुनै पनि मुलुकमा हुने अत्याचारको विरोध गर्नु मानवीय धर्म हो ।**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**



## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| भद्रपुर | बिहान ५.१० बजे | कलैया | बिहान १०.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| जनकपुर | बिहान ७.२० बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| गौर | बिहान ६.५५ बजे | वरथवा | बिहान ७.४० बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | | |
| पोखरा | बिहान ७.३० बजे | | |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| धरानबाट | बिहान ४.२० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | | |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |
| वीरगञ्जबाट | बेलुका ८.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*


गाउँमा बनेको पुस्तकालयमा अध्ययनरत व्यक्तिहरू

# सामूहिक बचतबाट गाउँमा पुस्तकालय

**पैसाको अभावमा** पाठ्यपुस्तक खरिद गर्न नसकेर पढ्न पाइएन भन्ने गुनासो अबदेखि बाँकेका ६ गाविसका विपन्न विद्यार्थीहरूको मुखबाट सायद सुन्नु पर्नेछैन । प्राथमिक तहसम्म सरकारले निःशुल्क शिक्षाको व्यवस्था गरे पनि त्योभन्दा माथिल्लो तहमा पुग्दा खासगरी दलित र विभिन्न जनजातिका बालबालिकाहरू शिक्षाबाट वञ्चित भएको गुनासो भइरहेका बेला स्वयं त्यस्ता विपन्न जनताको प्रयासबाट बाँकेको खजुरामा पुस्तकालय स्थापना गरेपछि त्यस्तो आशा गरिएको हो ।

बाँकेका सोनपुर, रनियापुर, बेलहरी, इन्द्रपुर, बेलभार तथा साइगाउँमा गठित समूहहरूले आर्थिक संकलन गरेर यसै सातादेखि खजुरामा पढ्न नसक्ने कक्षा ६ देखि १० सम्म अध्ययनरत बालबालिकाहरूको लागि पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्थाको साथै गाउँमै पुस्तकालय स्थापना गरेर पत्रपत्रिकादेखि लिएर विभिन्न पुस्तकहरूको व्यवस्था गरेका छन् ।

बाँकेको पश्चिमी क्षेत्रको ६ गाउँ विकास समितिमा गठन गरिएका १ सय १६ वटा बचत समूहहरूले संकलन गरेको १ लाख ५० हजार रुपैयाँबाट पुस्तकहरू खरिद गरी थालनी गरिएको जनजागरण सामुदायिक पुस्तकालयलाई स्थानीय धनाढ्य व्यक्तिहरूले पनि सक्दो सहयोग रेपछि ग्रामीण भेकका जनता पत्रपत्रिका पढ्न पाइने आशाले खुसी छन् भने आर्थिक अभावले पढ्न नसकेका विद्यार्थीहरू हर्षित भएका छन् ।

अशिक्षित स्थानमा पुस्तकालय स्थापना गर्नका नेतृत्व गरिरहेको जनजागरण समाजका अध्यक्ष होमराज कुर्मीका अनुसार थप पुस्तकहरूको लागि विभिन्न संस्थाहरूमा प्रयास गरिनेछ भने पुस्तकालयलाई व्यवस्थित बनाई लामो समयसम्म चलाउन नियमित आम्दानीको लागि फोन सेवा सञ्चालन गर्ने र ग्रामीण भेकमा रहेका समूहहरूबाट मासिक प्रतिसमूह पाँच रुपैयाँ संकलन गर्ने काम जारी राखिनेछ ।

पुस्तक अध्ययन गर्नेहरूबाट न्यूनतम शुल्क लिएर ग्रामीण पुस्तकालयलाई लामो समयसम्म व्यवस्थित गरिने बताइएको छ । पहिलो चरणमा उक्त पुस्तकालयमा विभिन्न पत्रपत्रिकाको अलावा कृषि, वन, नेपाली साहित्य, व्याकरण, कानुन, मानवअधिकार र सूचना प्रविधि लगायतका पुस्तकहरू राखिएको छ ।

आर्थिक अभावले पाठ्यपुस्तक खरिद गर्न नसकेर स्कुल छोडेका कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूको स्थानीय समूहहरूमार्फत पहिचान गरी न्यूनतम शुल्कमा त्यस्ता विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउने र ती विद्यार्थीले कक्षा पूरा गरिसकेपछि पाठ्यपुस्तक फिर्ता गर्नुपर्ने नियम बनाइएको अध्यक्ष कुर्मीले जानकारी दिएका छन् ।

■ रुद्र खड्का/नेपालगन्ज


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ट बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# मदरसाहरूलाई मान्यता

## मान्यतापछि मदरसाहरूले पनि अन्य सामुदायिक विद्यालयहरूसरह सुविधा पाउनेछन्



धार्मिक शिक्षाको रुपमा चिनिँदै आएका मदरसाहरूलाई लामो प्रयासपछि सरकारले मान्यता दिएको छ ।

मुस्लिम बालबालिकाहरूले अध्ययन गर्दै आएका मदरसाहरूलाई गत साता सरकारले सामुदायिक विद्यालयसरह मान्यता दिने निर्णय गरेपछि यतिखेर नेपालगन्ज लगायत मुलुकका अन्य भागमा सञ्चालित मदरसाहरू दर्ताको प्रक्रियामा छन् ।

हालै सरकारले प्राथमिक तहसम्मका मदरसाहरूलाई मान्यता दिँदै प्राथमिक शिक्षापछिको लागि मुस्लिम बालबालिकाहरू अन्य सरकारी विद्यालयहरूमा अध्ययन गर्न पाउने निर्णय गरेको थियो ।

यसअघि धार्मिक शिक्षाको लागि मुस्लिम बालबालिकाहरूले मदरसाहरूमा अध्ययन गर्ने गरे पनि सरकारले मान्यता नदिएका कारण धेरै मुस्लिम बालबालिकाहरूको पढाइ बीचमै अलपत्र हुने गरेको थियो । सरकारको उक्त निर्णयलाई मदरसा इस्लामिया संघले स्वागत गरेको छ । अध्यक्ष मौलाना अब्दुल जब्बार मन्जरीले सरकारको उक्त निर्णयले लामो समयदेखि सरकारी उपेक्षामा परेका मदरसाहरूले राहत महसुस गरेको प्रतिक्रिया दिए ।

मदरसा इस्लामिया संघका अनुसार हाल बाँकेका ६८ वटा मदरसाहरूमा ७ हजार मुस्लिम बालबालिका अध्ययनरत छन् । मदरसाहरूको मान्यतापछि मुस्लिम अगुवाहरूले मदरसाहरूमा कम्प्युटर शिक्षा पनि दिइने बताएका छन् । सरकारले मान्यता नदिएका कारण यसअघि अधिकांश मदरसा चन्दा र अन्य सहयोगबाट सञ्चालन हुँदै आएका थिए । दर्तापछि मदरसाहरूले पनि अन्य सामुदायिक विद्यालयसरह सुविधा पाउनेछन् ।

■ **रुद्र खड्का/नेपालगन्ज**




रुद्र खड्का

# पुस्तौँदेखि अर्काको सहारामा

**पिछडिएका क्षेत्र तथा समूहहरूका लागि गरिनुपर्ने आर्थिक उन्नतिका प्रयासहरू नथालिँदा समाजमा विभेद रहिरहेको धेरैको ठम्याइ छ ।**

■ रुद्र खड्का/मेहलमुडी (कालिकोट)

कसैको हलो जोत्दा होस् वा कसैको फलाम चुट्दा, मेहलमुडीका लालबहादुर लोहारले श्रम गरेबापत नगद लिँदैनन् । अर्काको काम गरेबापत नगदको साटो अनाज-बाली उनका बाजे-बराजुले जसरी लिन्थे, त्यसरी नै लालबहादुरले अहिले पनि लिइरहेका छन् ।

त्यसैगरी स्थानीय दधीमोले दर्जी पनि बाह्रै महिना अरूको कपडा सिलाउँछन्, तर उनीसँग नगद पैसाको जहिले पनि समस्या परिरहेको हुन्छ । उनी भन्छन्, 'काम नगरेको कहिल्यै छैन, तैपनि नगद कहिल्यै हुँदैन ।'

प्राचीनकालमा श्रम तथा आपसमा भएका सामानहरू साटासाट गरेर गुजारा गर्ने चलन यतिखेर सहरी र शिक्षित क्षेत्रहरूमा समाप्त भए पनि दुर्गम भेकहरूमा भने अझै श्रम साट्ने तथा श्रम गरेबापत बदलामा चाहिएको सामान लिएर गुजारा गर्ने चलन कायमै छ । एकापसमा भएका सामान साटासाट गरेर गुजारा गर्ने चलन लगभग अन्त्य भएको कालिकोटमा श्रमको साटासाट तथा कसैको काम गरेबापत पैसाको साटो अनाज, बाली अथवा अन्य कुनै सामान लिने चलनमा भने कमी आउन सकेको छैन ।

खासगरी ग्रामीण भेकमा विकास हुन नसकेका कारण जनताको जीवनस्तरमा सुधार हुन नसक्दा आर्थिक अभावमा सर्वसाधारणले श्रमको मूल्य ग्रामीण भेकमै उत्पादन भएको अनाज, बाली र अन्य आवश्यक वस्तुहरूसँग साटिरहेको पाइन्छ ।

वर्षौंदेखि श्रम गर्दा पनि अधिकांश विपन्नले कमाएको सबै खानामा सक्ने गरेका छन् र जसका कारण उनीहरूको जीवनस्तरमा सुधार आउन सकेको छैन । बाजेको जुन अवस्था थियो, अहिले नातिको अवस्था पनि त्यही छ । ४८ वर्षीय लालबहादुर भन्छन्, 'बाजेले पनि अर्काको हलो जोतेर गुजारा गरेका थिए, बुवा अर्काको हलो जोत्दाजोत्दै खेतमै मरे र मैले १४ वर्षको उमेरदेखि हलो जोतिरहेको छु ।' मेहनत गरेको छैन भन्ने हो भने काम गर्दागर्दै मेरो पुस्ताले ज्यान गुमाएका छन् र मैले काम नगरेको दिनै छैन । तैपनि सधैं अपुग मात्र भइरहेको छ । उनी गुनासो पोख्छन्, 'आर्थिक अभावकै कारण मैले पनि चारवटा छोराछोरी स्कुल पठाउन सकेको छैन ।'

मुख्यगरी जग्गा नभएका विपन्न व्यक्ति तथा दलितहरू यस्तो प्रथाबाट मर्कामा परिरहेका छन् । मेहलमुडीकै धने सुनार भन्छन्, 'काम नगर्ने हो भने अनाज पनि आउँदैन । काम गर्दा पैसा कहिलै पाइँदैन र जीवनस्तर पहिला जस्तो थियो, अहिले पनि उस्तै छ ।'

स्थानीयस्तरमा कतै कमारा-कमारी प्रथा त कतै हलिया अनि कतै बँधुवा प्रथाको रुपमा चिनिने यस्तो चलनले जिन्दगीभरि अर्काको घरमा काम गर्नेहरूको मात्र जीवन स्तर सुधार हुन भने नसकेको होइन । स्वयं अनाज-बाली दिएर काम लगाउने स्थानीय 'साहुहरू' पनि बाध्यतावश विपन्न मान्छेहरूलाई काम लगाउनु पर्दा समस्या हुने गरेको गुनासो गर्छन् । मेहलमुडीका कृपाराम सन्ज्याल भन्छन्, 'उनीहरूलाई काम नदिने हो भने जग्गा नहुने विपन्नहरू के गरेर बाँच्छन् ? काम लगाउँदा एकातिर घरको परिवारलाई पुऱ्याउन गाह्रो हुन्छ भने अर्कोतिर पछिल्ला दिनहरूमा अधिकारका कुरा गर्नेहरूले दिक्क पार्न थालिसके ।'

पछिल्ला दिनहरूमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले समाजमा रहेका विभिन्न विभेदहरू अन्त्यको लागि गरेको प्रयासले विचारमा धेरैलाई नजिक बनाउँदै लगे पनि पिछडिएका क्षेत्र तथा समूहहरूको लागि गरिनुपर्ने आर्थिक उन्नतिका प्रयासहरू नथालिँदा समस्याहरूको हल हुन नसकेको धेरैको ठम्याइ छ । मेहलमुडीकै वीरजित धामी भन्छन्, 'गाउँमा आर्थिक उन्नति हुन्थ्यो भने कसैले कसैको घरमा गएर काम गर्नुपर्ने अवस्था हुँदैनथ्यो र कयौंलाई पुराना चलन बचाइराख्नु पर्ने चिन्ता पनि हुँदैनथ्यो ।' फेरि अशिक्षित समाजका कारण एकले अर्काको घरमा काम गर्दा पनि राम्रो सोचिँदैन, धामी आफ्नो धारणा बताउँछन् । अनिवार्य शिक्षा र आर्थिक समृद्धिका कामहरूका साथै ग्रामीण भेकको विकास निर्माणलाई जोड दिनुपर्ने उनको सरकारसँग माग छ ।

'तर विगत लामो समयदेखि ग्रामीण भेकसम्म पुग्न नसकेको राज्यले जनताका यस्ता समस्या पूरा गर्न प्रयास गरेन', उनी गुनासो गर्छन् । माओवादी युद्धका बेला सरकारले ग्रामीण भेकलाई बढी बेवास्ता गरेको बताइन्छ । करिब ७ हजार जनसंख्या रहेको मेहलमुडीमा दलितहरूको जनसंख्या झन्डै दुई हजार छ । स्थानीय बासिन्दाहरूका अनुसार यहाँका अधिकांश दलितहरू अर्काको घरमा काम गर्ने र उनीहरूले दिने गरेको अनाज बालीबाट श्रमको मूल्य लिने गर्छन् । अर्काको काम गरेर अनाज बालीमा चित्त बुझाउनेहरूमध्ये आर्थिक समस्याका कारण धेरैले छोराछोरीहरूलाई स्कुल पठाउन सकेका छैनन् भने आर्थिक अवस्थाका कारण धेरैको स्वास्थ्य अवस्था राम्रो छैन ।

पुस्तौंदेखि अनाज, बाली पाउनको लागि काम गरिरहेका विपन्न व्यक्तिहरू तथा उनीहरूलाई काममा लगाउने स्थानीय साहुहरू यतिखेर ग्रामीण भेकमा रहेको कमारा-कमारी प्रथा, हलिया तथा बँधुवा प्रथा अन्त्य हुनुपर्छ भन्ने बताउन थाले पनि वैकल्पिक अवसरको अभावमा यस्तो कुप्रथा समाजमा चलिरहेको छ । स्थानीय साहुको काम गर्दा गर्दै श्रीमान्को मृत्यु भएपछि तीन छोराछोरीसगै अहिले पनि अर्काको काम गरेर गुजारा चलाइरहेकी ५० वर्षीया जर्मकला लोहार भन्छिन्, 'जीविकोपार्जनको लागि अन्य कुनै उपाय नभएपछि जति पीडा र समस्या भए पनि कुप्रथालाई मान्यता दिनु परिरहेको छ ।' यस्ता कुप्रथा रोक्नको लागि उनले सर्वप्रथम विकास निर्माणको साथै आर्थिक आय-आर्जनमा जोड दिनुपर्ने बताउँछिन् ।

यहाँ दलित कामीले माथिल्लो जातिको परिवारलाई फलामका कृषि औजार तथा भाँडाकुँडा बनाइदिएबापत वर्षको दुईपटक अनाज, दर्जीले कपडा सिलाइदिएबापत पनि त्यस्तै किसिमले अनाज तथा हातमा सीप नहुने अन्य व्यक्तिहरूले स्थानीय साहुको हलो जोतेर त्यसबाट पाउने अनाजले गुजारा चलाइरहेका छन् । श्रम गरेबापत दिइने अनाजलाई यहाँ 'खलो प्रथा' भनिन्छ । ■




# मृत्युमा पनि मिलापत्र

■ **केशव लामिछाने/पोखरा** (तस्वीर पनि)

साँधसीमा बारे सँधियारहरूबीचको घरायसी झगडामा सकेसम्म मिलापत्र गराएर विवाद साम्य पारिन्छ। अड्डा अदालतसम्म मुद्दा मामिला गर्नुभन्दा मध्यस्थकर्तामार्फत वा अर्धन्यायिक निकायबाट दुवै पक्षलाई मिलाउने चलन नौलो छैन, तर पोखरामा भने गत साता मात्रै ज्यान गएको घटनामा समेत कुनै खोज अनुसन्धान नगरी पीडक र पीडितबीच मिलापत्र गराउने काम प्रहरीले गरेको छ।

गर्भपतन सम्बन्धमा दिएको अधिकारविपरीत कार्य गर्दा एउटी अधबैंसे महिलाको ज्यान लिने पोखराका डाक्टरसहितका व्यक्तिहरूलाई प्रहरीले पीडित परिवारको मुखमा पैसाको बुझो लगाएर पीडकलाई छुट्कारा दिएको हो। नागरिकको ज्यान लिने जस्तो सरकारवादी मुद्दामा समेत प्रहरीले मिलापत्र गराएर अभियुक्तलाई मुक्ति दिलाएपछि प्रहरीको नियतमाथि शंका उत्पन्न भएको छ। अधिवक्ता सुरेन्द्र थापा मगर भन्छन्, 'ज्यानमुद्दा पनि मिलापत्र गराउनु हास्यास्पद कार्य हो।'

कास्की जिल्लाको कृस्ती नाच्नेचौर गाविसकी २६ वर्षीया विष्णुमाया गुरुङको अवैध गर्भपतन गराउँदा माघ ९ गते ज्यान गएको थियो। पोखराको महेन्द्रपुल भीमसेन चोकस्थित अन्ना मेडिको फर्मामा डा. तारा पौडेलले विष्णुको पेटभित्र हुर्किरहेको ५ महिनाको शिशुको जीवन पेटभित्रैबाट समाप्त पार्ने प्रयास गर्दा आमाको पनि ज्यान गएको थियो।

नेपाल सरकारले आमाको इच्छामा १२ सातासम्मको भ्रूणपतन गराउन पाउने कानुनी व्यवस्था गरिदिएको छ, तर डा. तारा पौडेलले विष्णुमायाको १८ साताको गर्भपतन गराएका थिए। पोखरामा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, मेरी स्टोप र नेपाल परिवार नियोजन संघमा मात्रै कानुनले तोकेको अवस्थाको गर्भपतन गराउन पाइन्छ। ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल सहयोगी समूह पोखराका संयोजकसमेत रहेका अधिवक्ता सुरेन्द्र थापा मगर कानुनविपरीत कार्य गर्दा कसैको ज्यान गएमा त्यस्तो अवस्थामा पीडकमाथि ज्यानसम्बन्धी मुद्दा लगाउनुपर्छ। उनी भन्छन्, 'मुलुकै ऐनको ज्यानसम्बन्धी महलमा त्यस्तो व्यवस्था छ।' तर पैसाको लोभमा अवैध गर्भपतन गराउने चिकित्साकर्मी र क्लिनिकमाथि कास्की प्रहरीले कुनै मुद्दा चलाएन। अधिवक्ता थापा मगरकै भनाइमा नागरिकको ज्यान गएको सम्बन्धी मुद्दा आफैंमा सरकारवादी मुद्दा हो। यसमा पीडितले उजुरी गरे वा नगरे पनि प्रहरीले नै अनुसन्धान गरी दोषी पत्ता लगाएर मुद्दा चलाउनुपर्छ। तर कास्की प्रहरी कार्यालयको मुद्दा शाखाका प्रमुख इन्सपेक्टर कृष्ण पगेनीले त्यसबारेमा आफूहरूकहाँ कुनै उजुरी नआएको संचारकर्मीहरूलाई बताए।

माघ ९ गते क्लिनिकमा पुगेकी उनको त्यस दिन दिउँसो गर्भपतन गराइएको थियो। रगत बगेर नथामिएपछि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा राति ८ बजेतिर पुऱ्याइएकी उनको राति १२ बजे प्राण उडेको थियो। आफन्तको ज्यानगएपछि आक्रोशित परिवारले क्लिनिक तोडफोड गर्ने प्रयाससमेत गरेका थिए। त्यसपछि प्रहरीले नै दुवै पक्षलाई आफ्नो नियन्त्रणमा लिएको थियो। त्यसैले घटनाबारे प्रहरी अनभिज्ञ थिएन। गैरकानुनी तवरले गर्भपतन गराएको विषयमा प्रहरीले खोजबिन गरेर गल्ती पत्ता लगाउने प्रयत्न भने गरेन। उल्टै पीडित परिवार र क्लिनिक संचालक एवं चिकित्साकर्मीबीच मिलापत्र गराएर छाड्यो।

पीडित परिवारले चार लाख रुपैयाँ बुझेको स्रोतको दाबी छ। 'प्रहरीले पनि पैसा लिएर मिलापत्र गराएको हो।' स्रोतको दाबी असत्य लाग्दैन। किनभने व्यक्तिको ज्यान गएको घटनामा मिलापत्र गराउने नभई प्रहरीले नै ज्यानमुद्दा लगाउनुपर्ने हो, पीडकमाथि। तर आक्रोशित पक्षको मुखमा बुझो लगाउने गरी मिलापत्र गराएर दोषीलाई समेत उन्मुक्ति दिइएको छ।

चिकित्सक तारा पौडेलले पटक-पटक दबाब दिएर आफूलाई गर्भपतन गराउन ती महिलाले बाध्य पारेका बताएका छन्। उनी भन्छन्, 'दुईपटक हुँदैन भनेर फर्काएको पनि हो।' मृतक विष्णुका देवर चिना गुरुङका अनुसार डा. पौडेलले गर्भपतन गराउन सुरुमा २० हजार रुपैयाँ मागेका थिए। पछि १५ हजार हुँदै १० हजारमा कुरो टुंगिएको उनले सुनाए।








माओवादीले स्थापना गरेको विद्यालय

छत्र कार्की

# अनिश्चित भविष्य

**माओवादीले जनयुद्धका बेला जनवादी नमुनाको शिक्षा दिन स्थापना गरेको जाजरकोटको जुनी बाल संरक्षण केन्द्र आर्थिक अभावको चपेटामा परेको छ, उचित सहयोग नपाए यसलाई निरन्तरता दिन गाह्रो हुने सञ्चालकहरूको भनाइ छ।**

■ **छत्र कार्की/जाजरकोट**

भूमिगत कालमा अनेक कठिनाइ पार गरेर सञ्चालन हुँदै आएको जाजरकोट जिल्लाको एक मात्र माओवादी आवासीय नमुना विद्यालय यतिखेर आर्थिक संकटबाट गुज्रिरहेको छ। आर्थिक अभावकै कारण आन्तरिक व्यवस्थापन चुस्त हुन नसक्दा पठनपाठन प्रभावकारीरुपमा सुचारु गर्न कठिनाइ सिर्जना भएपछि लहँ-९, सिर्केमा रहेको जुनी बाल संरक्षण केन्द्र कुनै पनि बेला बन्द हुन सक्ने अवस्थामा पुगेको छ। विद्यालयका प्रमुख शिक्षक दीपज्योति भन्छन्, 'आर्थिक अभावका कारण अहिले विद्यालय कठिनाइपूर्वक सञ्चालन भइरहेको छ, यस्तै अवस्थामा विद्यालय निरन्तर रुपमा सञ्चालन गर्न गाह्रो छ।'

माओवादी जनयुद्ध उत्कर्षमा पुगेका बेला सञ्चालनमा आएको यो विद्यालयलाई चाहिने सम्पूर्ण खर्च जिल्ला जनपरिषद्ले जुटाउँदै आएको थियो। जनपरिषद्ले खर्च जुटाउनको लागि त्यस बेला चन्दा असुली गर्ने काम तीव्र रुपमा सञ्चालन गरेको थियो। यतिसम्म कि आवासीय विद्यार्थीको लागि चाहिने खाना, लत्ताकपडा, किताब, कापीलगायत सबै सामग्री सल्यानको सल्लीबजारबाट खच्चडलाई बोकाएर आपूर्ति गरिन्थ्यो।

माओवादी र सात दलको ऐतिहासिक १२ बुँदे सहमतिका आधारमा सम्पन्न जनआन्दोलन-२ को सफलतापछि परिस्थितिले कोल्टे फेरेको छ। माओवादीले सर्वसाधारण जनता, शिक्षक र व्यापारीबाट जबरजस्ती चन्दा असुल्ने काम स्थगित गरेपछि विद्यालयलाई सहयोग गर्ने आम्दानीको स्रोत नै सुकेको छ। माघ ४ गते माओवादी अध्यक्ष प्रचण्डद्वारा सम्पूर्ण स्थानीय सत्ता भंग गरेको घोषणा गरेपछि अब जिल्ला जनपरिषद्को औचित्य पनि सकिएको छ। प्रमुख शिक्षक दीपज्योति भन्छन्, 'विद्यालयलाई निरन्तरता दिने हो भने आर्थिक स्रोत जुटाउने विकल्प बेलैमा सोच्नुपर्छ।' दीपज्योतिका अनुसार प्राथमिक तहसम्म पढाइ हुने उक्त विद्यालयमा महिनाको डेढ लाख रुपैयाँजति खर्च हुने गरेको छ। त्यहाँ तीनजना स्वयंसेवक शिक्षक र १२ जना आमा कार्यरत छन्।

विद्यालयले झेल्नुपरेको आर्थिक समस्याबारे माओवादी जिल्ला तहका नेताहरूले नबुझेका होइनन्। अहिले उनीहरूसँग वैकल्पिक रुपमा आर्थिक स्रोत जुटाउने भन्ने स्पष्ट योजना भने छैन। माओवादी जिल्ला कमिटी सदस्य एवं विघटित जिल्ला जनसरकार प्रमुख टेकबहादुर रावल (दर्शन) उक्त विद्यालयमा आर्थिक अभाव देखिएको कुरा स्वीकार गर्छन्। उनी भन्छन्, 'यो विद्यालयसँग माओवादीको इतिहास र प्रतिष्ठा जोडिएको छ, जसरी भए पनि यसलाई व्यवस्थितरुपमा सञ्चालन गरिनुपर्छ।' माओवादी

नेता दर्शनका अनुसार केन्द्रीय तहमा समेत यो समस्याबारे कुरा भइसकेको छ, तर अहिलेसम्म उक्त विद्यालयलाई माओवादी केन्द्रीय तहबाट केही सहयोग प्राप्त भएको छैन ।

जाजरकोट सदरमुकाम खलंगाबाट हिँडेर ६ घन्टा लाग्छ - लहँ गाविस-८, सिर्केमा रहेको जुनी बाल संरक्षण केन्द्र पुग्न । रमाइलो ग्रामीण वातावरणमा सबल भौतिक संरचनासाथ निर्माण भएको यो विद्यालयले त्यहाँ पहिलोपल्ट पुग्ने जोकोहीलाई पनि लोभ्याउँछ । त्यहाँको भौतिक संरचना हेर्दा लाग्छ- निजी बोर्डिङभन्दा कम छैन यो विद्यालय । त्यस्तो दुर्गम गाउँमा पनि विद्यालयका गतिला तीनवटा पक्की भवन छन्, तिनमा सभाहल, शिक्षक आवास, भोजन हल, छात्रवासको व्यवस्था छ । बिजुली बत्ती नपुगेको उक्त दुर्गम गाउँमा पढ्नको लागि सौर्यबत्तीको व्यवस्था गरिएको छ । कक्षाकोठाको बाहिर भित्तामा कार्ल मार्क्स, एङगेल्स, लेनिन, स्टालिन, माओसँगै प्रचण्डको तस्बिर झुन्ड्याइएको छ । वर्ग संघर्ष र जनवादी शिक्षासम्बन्धी क्रान्तिकारी नाराले भित्ता रंगिएको छ - मार्क्सवाद, लेनिनवाद, माओवादसँगै प्रचण्डपथ ठूला अक्षरले लेखिएको छ ।

प्रायः बाहिरी जिल्लाका र माओवादी कार्यकर्ताका छोराछोरी पढ्ने भएकाले गर्दा यो विद्यालय अरू स्थानीय बासिन्दाको चासोभन्दा बाहिर पर्छ । स्थानीय बासिन्दा प्रेमबहादुर शाही भन्छन्,'त्यहाँ पढ्ने अधिकांश विद्यार्थी माओवादी लडाकु र कार्यकर्ताका छोराछोरी छन्, त्यसैले होला, कसैले मतलब गर्दैनन्, नजाने गाउँको बाटो किन सोध्नु ?'

दह-९ मा अवस्थित जुनी नमुना विद्यालय र लहँमा रहेको बाल स्याहार केन्द्रलाई एकीकृत गरेर २०५९ सालमा जुनी बाल संरक्षण केन्द स्थापना गरिएको थियो । विद्यालयको भौतिक संरचना निर्माण गर्न माओवादी कार्यकर्ता र लडाकुले मात्र होइन, स्थानीय बासिन्दाले समेत श्रम खर्चेका थिए । माओवादी नेता दर्शन भन्छन्, 'व्यवस्थितरुपमा वैज्ञानिक र जनवादी शिक्षा दिई कुशल व्यक्ति उत्पादन गर्ने पार्टीकै रणनीतिअनुसार दुईवटा विद्यालयलाई गाभेर एउटै स्तरीय विद्यालय बनाएका हौं ।'

मुलुकको विद्यमान शिक्षा प्रणलीलाई बुर्जुवा र अव्यवहारिक संज्ञा दिँदै माओवादीले जनयुद्ध थालेको केही वर्षमै जनवादी शिक्षाको वकालत गरेको थियो । माओवादी गढ मानिएका रुकुम, रोल्पा र सल्यान जिल्लामा सामूहिक खेती थालनी गरिएपछि ती जिल्लामा जनवादी विद्यालयसमेत स्थापना भएका थिए । ती जिल्लामा जनवादी विद्यालय सुरु भएलगत्तै जाजरकोटमा पनि यही नमुनामा विद्यालय स्थापना गरिएका थिए । माओवादीले मुलुकभरका विभिन्न भागमा सञ्चालन गरेका आवासीय विद्यालयमध्ये जुनी बाल संरक्षण केन्द्रलाई उत्कृष्ट आवासीय विद्यालयको रूपमा लिइएको छ । प्रमुख शिक्षक दीपज्योति भन्छन्, 'हाम्रो भौतिक संरचना बलियो त छँदै छ, पठनपाठनलाई पनि उत्तिकै महत्त्वसाथ अघि बढाएका छौं ।'

जनयुद्धको क्रममा मृत्युवरण गरी माओवादीले सहिद घोषणा गरेका परिवारका बच्चालाई उक्त केन्द्रमा विशेष ग्राह्यता दिइएको छ । त्यसो त ६३ जना विद्यार्थी रहेको उक्त केन्द्रमा सहिद परिवारका १३, सम्पत्ति पार्टीकरण गरेका परिवारका ११, पूर्णकालीन कार्यकर्ताका ३४ र असहायबाट ५ बालबालिका उक्त केन्द्रमा अध्ययनरत छन् । अहिले उक्त केन्द्रमा कालीकोट, जाजरकोट, दैलेख, डोल्पा, जुम्ला, हुम्ला, बाँके, बर्दियालगायत जिल्लाका बालबालिका रहेका छन् ।

उक्त केन्द्रमा रहेका चारपाँच वर्षदेखि दसएघार वर्ष उमेरका बालबालिकाहरूमा अनुहारमा आमाबाबुको न्यास्रो रहेको मनोविज्ञान झल्किन्छ । कोही नयाँ मानिस त्यहाँ पुग्नेबित्तिकै उनीहरू झुत्ती खेल्दै आइहाल्छन् । नयाँ मानिससँग गफ गर्न पनि खुबै रमाइलो मान्छन् । यसो प्रसंग निकाल्नुपर्छ, आफ्नो भविष्यको योजना सुनाउन तम्तयार भइहाल्छन् । म जनसेना बन्छु, म डाक्टर बन्छु, म इन्जिनियर बन्छु... यस्तै यस्तै योजना र सपनाका फेहरिस्त सुनाउँछन्, ती अबोध बालबालिकाहरू । त्यहाँ रहेका बालबालिकामध्ये अधिकांशले जनसेना र नेता बन्छु भन्ने विचार व्यक्त गर्छन् । डाक्टर र इन्जिनियर बन्छु भन्ने बालबालिकाको संख्या न्यून हुन्छ । यतिसम्म कि कतिपय बालबालिकामा प्रतिशोध र बदलाको भावना पनि छ । उनीहरू भन्छन्, 'म ठूलो भएर जनसेना बनी शत्रुलाई सफाया गर्छु ।'

जनवादी शिक्षाको अभ्यास गराउने उद्देश्यले स्थापित यस केन्द्रमा कक्षा १ देखि कक्षा ५ सम्म पठनपाठन हुन्छ । सरकारी पाठ्यक्रमअनुसार पढाइ हुने नेपाली, गणित, अंग्रेजीलगायत विषयका साथै विज्ञान तथा प्रविधि, कृषि, दर्शनशास्त्र र सैन्य विज्ञान विषयको पनि पढाइ हुन्छ । सैन्य विज्ञानअन्तर्गत विभिन्न किसिमका हतियारबारे जानकारी दिइन्छ ।

मुलुकको राजनीतिक अवस्थाले कोल्टे फेरेको छ । एघार वर्षसम्म सशस्त्र संघर्ष गरेको माओवादी बहुदलीय राजनीतिक अभ्यासमा प्रवेश गरिसकेको छ । प्रतिस्पर्धात्मक प्रणाली अंगीकार गर्ने भनेर प्रतिबद्धता आइसकेको अवस्था छ । माओवादीले अझै जनवादी शिक्षाको रटान त्यागेको छैन । त्यसैको परिणाम हुनसक्छ- माओवादीले स्थापना गरेका जनवादी विद्यालयले जीवनमरणको दोसाँधका रहेर पनि माओवादीले भनेको जनवादी शिक्षा धानिरहेका छन् ।

माओवादी मूल धारको राजनीतिमा आएपछि जुनी बाल संरक्षण केन्द्रजस्ता विद्यालयलाई सरकारले सघाउ पुऱ्याउनुपर्ने कुरा पनि उठिरहेको छ । तर, सरकारी सहयोग लिएपछि पनि आफ्नै हिसाबले पठनपाठन गर्न नमिल्ने विचार राख्नेहरू धेरै छन् । माओवादीले पछिसम्म उचित मात्रामा आर्थिक स्रोत जुटाउन पक्कै सजिलो विषय होइन । तसर्थ, व्यवस्थित रुपमा चलेका नमुना विद्यालयको बारेमा बेलैमा नसोच्ने हो भने त्यहाँ अध्ययनरत बालबालिकाको भविष्य अनिश्चिततातर्फ उन्मुख हुने देखिन्छ । (साथमा महेन्द्र शाह) ■




## बन्लान् त इन्जिनियर ?

**'भविष्यमा के बन्छौ ?'**, प्रश्न भुइँमा खस्न पाउँदै जुनी बाल संरक्षण केन्द्रमा कक्षा ३ मा अध्ययनरत बालक जीवन भन्छन्, 'इन्जिनियर ।' इन्जिनियर बन्ने सपना देखेका जीवनलाई आमाबाबु र घरको ठेगाना केही थाहा छैन ।

तीन वर्षअघि सुर्खेत मेहलकुनाको जंगलमा रोइरहेका अवस्थामा यी बालकलाई माओवादी छापामार कल्पितले फेला पारेका थिए । एकान्त जंगलमा बालकको हृदयविदारक चिच्याहट सुनेपछि दुस्मनलाई परास्त गर्न बन्दुक भिरेर युद्धमोर्चामा हिँडेका कामरेड कल्पितको मन पग्लियो । नजिक जाँदा आफूसँग झुम्मिएपछि कल्पितले यी बालकलाई केही दिन सँगै राखेका थिए र त्यसपछि तीन दिन पैदल यात्रापछि कल्पितले पठनपाठनको लागि उनलाई उक्त केन्द्रमा पुऱ्याएका थिए । त्यसपछि उनी केन्द्रमा आवासीय विद्यार्थीको रुपमा माओवादीको जनवादी शिक्षा पढिरहेका छन् ।

आफू पढ्ने विद्यालय नै उनका लागि सिंगो घर भएको छ र शिक्षक र साथीहरू परिवारका सदस्य । 'तिम्रो बुवाको नाम के हो ?', जीवन निस्फिक्री जवाफ दिन्छन्, 'कामरेड कल्पित ।' जनयुद्धको बेला कामरेड कल्पितसँग वर्ष दिनमा मुस्किलले १-२ पटक भेट हुन्थ्यो । हेर्दा चनाखो देखिने जीवन पढाइलगायत अरू क्रियाकलापमासमेत अग्रणी रहेको शिक्षकहरू बताउँछन् । माओवादी खुला राजनीतिमा आएपछि जिल्लामा चन्दा असुली गर्ने कार्य व्यापक रुपमा घटेको छ । यसैको कारण बाल स्याहार केन्द्रमा आर्थिक संकट देखा परेकाले केन्द्रको स्थायित्वमै विराम त लाग्ने होइन भन्ने आशंका जन्मेको छ । बेवारिसे अवस्थामा फेला गरेर माओवादीको संरक्षणमा हुर्किएका यी बालकको सपना साकार होला त ? प्रश्न पेचिलो रुपमा आएको छ ।



# निमित्त नेतृत्व

**२०४७ सालको संविधानको सट्टा अन्तरिम संविधान लागू भएको र अन्तरिम व्यवस्थापिका संसद् यस विषयमा प्रवेश नगरिसकेकाले ऐन जारी हुने तिथिबारे अनुमान लगाउन सकिने अवस्थासमेत छैन ।**

■ **किरण भण्डारी/काठमाडौं**

**प्रशासन सुधारका** नाममा करोडौं खर्चेर बनेका आधा दर्जनभन्दा बढी प्रतिवेदन र निजामती ऐन नियमलाई खिल्ली उडाउँदै कामचलाउ सचिवले हाँकिरहेका डेढ दर्जन सरकारी निकाय माघ २१ गतेदेखि प्रशासनिक नेतृत्वविहीन बन्दै छन् ।

विभिन्न मन्त्रालयका सचिव र पाँच क्षेत्रीय प्रशासकमा साउन २२ गते कायम मुकायम ( काम्) भएकाहरूको म्याद सकिन लागेको, योजना र निर्वाचन आयोगको सचिवहरू हालै अवकाश भएकाले यति ठूलो संख्यामा प्रशासनिक रिक्तता हुन लागेको हो ।

ऐनले कुनै पनि पदमा ६ महिनाभन्दा बढी अवधि काम् गर्न नसकिने व्यवस्था गरेकाले सचिव र क्षेत्रीय प्रशासकहरू सहसचिवमा झर्न लागेका हुन् । केही महिनाभित्र 'कन्फर्म' गर्ने योजनाअनुसार सरकारले काम् गरेको भए पनि ऐन संशोधन अध्यादेश संसद्बाट पारित नभएकाले यी पद कहिले पूर्ति हुन्छ भन्ने विषय अनिश्चित भएको छ ।

योजना र निर्वाचन आयोगका सचिवद्वय गोविन्दप्रसाद पाण्डे, दोलखबहादुर गुरुङ र कायममुकायम पूर्वाञ्चल प्रशासक शंकरलाल चौधरीको अवकाश र दसैंको मुखमा ताप्लेजुङ हेलिकोप्टर दुर्घटनामा वनका कायममुकायम सचिव डा. दामोदरप्रसाद पराजुलीको मृत्युपछि ती चार निकाय केही महिनादेखि नै निमित्त अधिकारीको नेतृत्वमा चलिरहेका छन् ।

दैनिक प्रशासन संचालन सुचारु गर्ने उद्देश्यले निमित्त बनाइने अधिकारीले सचिवको अधिकार

**माघ २१ देखि नेतृत्वविहीन बन्ने निकायहरू र हालका काम् सचिव**

**राजस्व** -रामेश्वरप्रसाद खनाल
**शिक्षा** -बालानन्द पौडेल
**श्रम** -श्यामप्रसाद मैनाली
**मन्त्रिपरिषद्** -ताना गौतम
**संचार** -शंकर कोइराला
**स्थानीय विकास** -भगवतीकुमार काफ्ले
**मुक्त कमैया व्यवस्थापन** -छविराज पन्त
**महिला बालबालिका** -पुण्य न्यौपाने
**राष्ट्रिय सतर्कता केन्द** -रामसरोवर दुवे
**परराष्ट्र** -भगीरथ बस्नेत
**शिविर व्यवस्थापन** -सुशीलजंगबहादुर राणा
**निर्वाचन आयोग** -रिक्त
**राष्ट्रिय योजना आयोग** -रिक्त
**वन** -रिक्त

**केही दिनका काम् क्षेत्रीय प्रशासक**

**सुदूरपश्चिमाञ्चल** -टेकबहादुर थापा
**मध्यपश्चिमाञ्चल** -अवनिन्द्रकुमार श्रेष्ठ
**पश्चिमाञ्चल** -मेदिनी शर्मा
**मध्यमाञ्चल** -शंकरप्रसाद पाण्डे
**पूर्वाञ्चल** -रिक्त

क्षेत्रमा रहेका अधिकांश काम कारबाही गर्न पाउँदैन। कर्मचारी मूल्यांकन, आर्थिकदेखि न्यायिक निर्णयसम्म गर्न नपाउने हुँदा निमित्तले नेतृत्व गरेको मन्त्रालय अपाङ्ग सरह हुन्छ।

मन्त्रिपरिषद् सचिवालय, विभिन्न मन्त्रालय, आयोग र अन्य निकाय गरी विशिष्ट श्रेणीको ३४ दरबन्दी रहेकोमा १९ रिक्त छ। निजामती सेवा ऐन संशोधन अध्यादेश असारमा निष्क्रिय भएदेखि नै सचिव पदपूर्ति गर्ने बाटोसमेत बन्द भएको छ। अध्यादेश निष्क्रिय भएपछि उत्पन्न शून्यताको अन्त्यका लागि सरकारले भदौ १४ गते प्रतिनिधिसभामा संशोधन विधेयक दर्ता गरे पनि ५ महिनासम्म पनि दफावार छलफलसमेत हुन सकेन।

२०४७ सालको संविधानको सट्टा अन्तरिम संविधान लागू भएको र अन्तरिम व्यवस्थापिका संसद् यस विषयमा प्रवेश नगरिसकेकाले ऐन जारी हुने तिथिबारे अनुमान लगाउन सकिने अवस्थासमेत छैन।

सत्तारुढ दलहरूकै असहयोगका कारण प्रतिनिधिसभाबाट विधेयक पारित नभएको भन्दै सामान्य प्रशासनमन्त्री धर्मनाथप्रसाद साहले बारम्बार रोष प्रकट गर्दै आइरहेका छन्। उनी सार्वजनिक फोरमहरूमा समेत यस विषयमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको आलोचनामा उत्रिएका छन्।

लामो समयदेखि रिक्त रहेका उच्च प्रशासनिक पदमा स्थायी नियुक्ति गर्ने विकल्पलाई लत्याएर सरकार आफैंले कायममुकायमको अस्थायी व्यवस्थापनको बाटो अँगालेको हो, त्यति बेला। असारअघि नै सत्ताको प्रमुख घटक एमाले नियुक्तिको पक्षमा भए पनि प्रधानमन्त्री विपक्षमा उभिएका थिए।

मन्त्रिपरिषद्ले अध्यादेशको म्याद समाप्त हुनुअघि नै गृहकार्य थालेर संसद्मा दर्ता नगराएकाले भएको ढिलाइ पछिल्लो चरणमा सरकारले प्रतिनिधिसभामा पेस गरेको विधेयकका विवादास्पद दफाहरूका कारण लम्बिएको हो।

विधेयकमा प्रस्तावित केही दफामा उत्पन्न विवादले यो अवस्था सृजना भएको हो। मन्त्रिपरिषद्बाट पारित भएर संसद्मा दर्ता भएको विधेयक पारित नगर्न सरकारका केही मन्त्रीहरू नै लबिङमा उत्रिएका थिए।

प्रस्तावित विधेयकमा हाल कार्यरत पदमा न्यूनतम योग्यता पुगेकालाई २० वर्ष र माथिल्लो पदको योग्यता भएकालाई १६ वर्ष सेवा गरेपछि बढुवा गर्ने प्रस्ताव सर्वाधिक विवादास्पद बन्यो। 'स्वतः बढुवा' भनी आलोचित पद्धतिले योग्यता प्रणालीलाई ध्वस्त पार्ने र युवा स्नातकहरूका लागि ढोका बन्द हुने तर्क जोडदार रूपमा उठिरहेको छ।

शिक्षा विधेयक पारित गरेपछि भएको सडक प्रदर्शनबाट हच्किएर संसद्ले यस विषयमा निर्णय लिन अन्कनाएको हो। कांग्रेस र एमाले कर्मचारी संगठन कुनै हालतमा पारित गर्ने पक्षमा उभिए पनि त्यति बेला नवगठित माओवादी निकटस्थ युनियन भने ऐन नल्याउन लागी परेका थिए।

ऐन नआएकाले पदपूर्ति प्रक्रिया रोकिदा राजस्व, शिक्षा, श्रम, संचार, स्थानीय विकास, परराष्ट्र, पाँच क्षेत्रीय प्रशासन जस्ता महत्त्वपूर्ण निकाय कामचलाउबाट नेतृत्वविहीन अन्धकारमा प्रवेश गर्दै छन्। कामु नेतृत्व गरिरहेकामध्ये अधिकांश मन्त्रालय वर्षदिन वा अघिदेखि सचिवविहीन बनेका हुन्। अध्यादेशको निष्क्रियतापछि उत्पन्न शून्यतालाई परिपूर्ति गर्न निजामती ऐन जारी हुन महिनौं लाग्ने निश्चय गरी सामान्य प्रशासन मन्त्रालय नयाँ उपायको खोजीमा जुटेको छ।

ऐनका सम्बन्धित दफाविहीन अवस्थामा मन्त्रिपरिषद्ले कायममुकायम गरेकाले ६ महिनामा झर्नु नपर्ने जिकिरसहित सामान्यले महान्यायाधिवक्तासँग राय मागेको छ। माघ दोस्रो साता समान्य प्रशासन सचिव युवराज पाण्डे र मुख्य सचिव डा. भोजराज घिमिरेले आपसी छलफल गरी सुझाएको उपायअनुसार महान्यायाधिवक्तासँग परामर्श मागिएको स्रोतले जनाएको छ।

'प्रशासनलाई नेतृत्वविहीन हुन नदिन आवश्यक निर्णय लिन महान्यायाधिवक्ताको सहयोग मागेका हौं', राय मागिएको स्विकार्दै सचिव पाण्डेले भने। सचिव मात्र होइन, असारदेखि अधिकृत, सहायक र स्तरविहीन पदहरू समेत पूर्ति हुन सकेको छैन। न त बढुवा प्रणाली नै सुचारु भएको छ, असारदेखि लोकसेवा आयोगले विज्ञापनसमेत गरेको छैन।

'पियन-ड्राइभरदेखि सहसचिवसम्मको नयाँ नियुक्ति र बढुवा ठप्प छ', पाण्डे भन्छन्, 'महान्यायाधिवक्ताको राय प्राप्त भएपछि सबै बाधा व्यवधान फुक्ने आशा राखेका छौं।' यस्तो रिक्तता हुन नदिन ऐनको २०५५ को संशोधनले ६ महिनाभन्दा बढी अवधि कायममुकायम समेत दिन नपाइने भने पनि त्यसको अवज्ञा भइरहेको छ।

२००९ सालको बुच आयोगदेखि विचाराधीन निजामती सेवाको दूरदृष्टि, परिलक्ष्य र रणनीति २०६३ सम्मले प्रशासनका उच्च तहमा उत्तराधिकारी योजना (सक्सेसन प्लान) लागू गर्न सुझाए पनि त्यो कागजमा मात्र सीमित भएको छ। त्यतिमात्र हैन, अहिलेको प्रशासनिक रिक्तताले प्रशासनिक पुनर्गठन योजना आयोग २०१३, प्रशासन सुधार आयोग २०२५, २०३२, २०४८ र शासकीय सुधार कार्यक्रमको मार्गचित्र २०६१ ले प्रशासनका उच्च तहमा रिक्तता आउन नदिन दिएका सुझावलाई पनि गिज्याएका छन्।

प्रशासनको विशिष्ट श्रेणीको पदमा सक्सेसन प्लान लागू गर्ने योजनाको कार्यान्वयन कति दयनीय भयो भन्ने ज्वलन्त उदाहरण परराष्ट्र मन्त्रालय बनेको छ। साविक र हालवाला सँगै काम गरेर अनुभव आदानप्रदानको परिकल्पना पूरा हुनु टाढाको कुरा महिनौंसम्म हुने रिक्ततालाई समेत सरकारले पूर्ति गर्न सकेको छैन।

सचिव र विभागीय प्रमुखका पदमा साविक र हालवालाले केही दिन एकसाथ काम गरेर अनुभव र सूचना साटासाट गर्ने परिपाटी विकास गर्न सके निर्णय लिन सहज हुने ठानी उत्तराधिकारी योजना बनाउने भनिए पनि त्यस्ता पद महिनौंसम्म रिक्त रहने रोगको उपचार भएको छैन।

प्रतिवेदनहरूमा उत्तराधिकार योजना लागू गर्ने लेखिए पनि विगतमा व्यवहारमा उतार्ने प्रयास नभएको जनाउँदै सामान्यले अहिले भने कम्मर कसेर लागेको दाबी गरेको छ। 'विगतमा प्रतिवेदन लेखिए पनि व्यवहारमा खासै प्रयास भएको देखिँदैन', पाण्डे भन्छन्, 'अहिले सक्सेसन प्लानको ढाँचा तयार गर्ने कार्यलाई जोडदार रुपमा अघि बढाएका छौं।'

लोकसेवा आयोगका पूर्व सदस्य मधुनिधि तिवारी उत्तराधिकारी योजनाको ढाँचा तयारीमा जुटिरहेका छन्। सरकारको कथनी र करणीमा देखिएको भिन्नताले तिवारीले तयार गर्ने प्रतिवेदनले मन्त्रालयको पुस्तकालयको शोभा मात्र बढाउने त हैन भन्ने आशंका जन्माएको छ। ■

## अलपत्र कूटनीति

विश्वव्यापीकरणसँगै विश्वका सबै मुलुकमा परराष्ट्र मन्त्रालयको महत्त्व बढ्दै गएको छ। नेपाल सरकारले पनि कूटनीतिलाई उच्च महत्त्व दिँदै मन्त्रिपरिषद्को वरिष्ठ सदस्यलाई परराष्ट्रको कार्यभार दिँदै आएका छन्।

माघ १९ पछिको शाही सरकारले वरिष्ठ मन्त्री रमेशनाथ पाण्डे र २०६३ वैशाख १७ गते बनेको लोकतान्त्रिक मन्त्रिमण्डलमा उपप्रधानमन्त्री केपी शर्मा ओलीले जिम्मेवारी पाएका छन्। मन्त्रीको नियुक्ति हेर्दा कूटनीतिलाई महत्त्व दिइएको देखिए पनि प्रशासनिक नेतृत्वलाई आधार मान्ने हो भने परराष्ट्र अलपत्र बनेको छ।

स्थायी सरकार भनिने प्रशासनको उच्च तह सचिव पद परराष्ट्रमा डेढ वर्षदेखि पूर्ति गरिएको छैन। २०६२ साउनमा परराष्ट्र सचिव मधुरमण आचार्यलाई संयुक्त राष्ट्रसंघका लागि न्युयोर्कस्थित आवासीय प्रतिनिधिमा पठाएदेखि नै परराष्ट्र प्रशासनिक नेतृत्वविहीन छ। यस अवधिमा कायममुकायम र निमित्तको लुकामारी गर्दै पाँच सहसचिव परराष्ट्र सचिवको कुर्सीमा बसेका छन्।

पाण्डेकालमा नवीन्द्र श्रेष्ठ कायममुकायम र डा. हीराबहादुर थापा निमित्त बनेका थिए भने ओलीको नेतृत्वमा क्रमशः भगीरथ बस्नेत र प्रदीप खतिवडाले त्यो जिम्मेवारी पाएका छन्। विभिन्न मुलुकका डेढ दर्जन नियोग प्रमुखविहीन रहेका बेला तिनीहरूलाई निर्देश मन्त्रालय समेत तदर्थ हुनुले कूटनीतिमा गम्भीर आघात पुगेको ज्वलन्त उदाहरणको रुपमा संयुक्त राष्ट्रसंघ सुरक्षापरिषद् सदस्यमा नेपालको शर्मनाक हारलाई लिइएको छ। शीतलनिवास, राजदूतावास र महावाणिज्यदूतावाससम्म निमित्तमय हुनुले सरकारले कूटनीतिलाई खेलाँची मानिरहेको पुष्टि हुन्छ।

■ गोविन्द परियार/काठमाडौं

# कमसल उत्पादनले बेरोजगारी

**नर्सिङलाई महिलाहरूले चिकित्सकपछिको वैकल्पिक पेसा बनेको देखाएको छ। तर पछिल्ला दिनहरूमा यो पेसामा पनि असुरक्षा बढ्दै गएका छन्। कडा मेहनत र ठूलै पैसा लगानी गर्नुपर्ने नर्सिङ अध्ययनमा उत्पादनको चापले गर्दा बेरोजगारी बढ्दो छ।**

**महिलाहरूको** आकर्षण बनेको नर्सिङ अध्ययनमा सरकारले अत्यावश्यक भौतिक पूर्वाधारविना नै क्याम्पसहरूलाई अध्यापनको स्वीकृति दिएका कारण गुणस्तर खस्कँदै गएको छ। सिटिइभिटीअन्तर्गत रहेका अधिकांश नर्सिङ क्याम्पसहरूले न्यूनतम भौतिक पूर्वाधारसमेत पूरा नगरी नर्सिङ अध्ययन गराएको आरोप यस क्षेत्रका विज्ञहरूले लगाएका छन्। नेपाल नर्सिङ संघकी अध्यक्ष सरला केसी भन्छिन्, 'च्याउ उम्रेझैं स्वीकृति पाएका नर्सिङ क्याम्पसहरूले नर्सिङको न्यूनतम मापदण्डसमेत पूरा नगरेका कारण जनशक्तिको गुणस्तर खस्किँदै गएको छ।' सिटिइभिटीअन्तर्गतका जिरी प्रविधिक शिक्षालय, तानसेन नर्सिङ क्याम्पस लगायतका उदाहरणीय नर्सिङ क्याम्पस हुँदाहुँदै पनि पछिल्लो समयमा भौतिक पूर्वाधारको अनुगमन नगरी क्याम्पसहरूलाई सम्बन्धन दिएका कारण गुणस्तर खस्किएको छ। गुणस्तर खस्किएको बारेमा सिटिइभिटीले समेत स्वीकार गरी नियम बाँध्ने तयारी गरेको छ। सिटिइभिटीका एक उच्च अधिकारी भन्छन्, 'मापदण्ड पूरा नगरेका नर्सिङ क्याम्पसहरूलाई नियमानुसार कारबाही गरिनेछ।' नेपाल नर्सिङ परिषद्ले सिटिइभिटीअन्तर्गत खुलेका नर्सिङ क्याम्पसहरूमा मापदण्ड पूरा नगरेको बताउँदै दर्जनभन्दा बढी क्याम्पसहरूलाई कारबाहीको लागि सरकारलाई सिफारिस गरेको थियो। नेपाल नर्सिङ परिषद्की अध्यक्ष दयालक्ष्मी जोशी भन्छिन्, 'हामीले सरकारलाई कारबाहीको सिफारिस गरेकाले गर्दा गत दुई वर्षदेखि नयाँ नर्सिङ क्याम्पसको लागि सम्बन्धन दिइएको छैन।'

प्रवेशिका परीक्षामा विशिष्ट श्रेणी ल्याउनेदेखि आइएस्सी प्रथम श्रेणीमा पास गर्नेहरू समेत नर्सिङको पवेश परीक्षामा प्रतिस्पर्धा गर्ने गर्छन्। कतिपय चिकित्सा विज्ञानमा नाम ननिस्किएपछि नर्सिङमा जाने गर्छन्। यसले नर्सिङलाई महिलाहरूको चिकित्सकपछिको वैकल्पिक पेसा बनेको देखाएको छ। तर पछिल्ला दिनहरूमा यो पेसामा पनि असुरक्षा बढ्दै गएका छन्। कडा मेहनत र ठूलै पैसा लगानी गर्नुपर्ने नर्सिङ अध्ययनमा उत्पादनको चापले गर्दा बेरोजगारी बढ्दो छ।

निजीस्तरबाट संचालन भएका अस्पताल र नर्सिङ होमहरूले सेवा सुविधामा समेत शोषण गरेको आरोप नर्सहरूले लगाएका छन्। केसी भन्छिन्, 'ठूलो रकम खर्च गरेर नर्सिङ अध्ययन सकेपछि निजीस्तरका अस्पतालहरूले विनापारिश्रमिक वर्षौं काम गराउने गरेका छन्।' काठमाडौंका महँगा निजी अस्पतालहरूले समेत नर्सहरूको पारिश्रमिकमा शोषण गरेको आरोप पीडितहरूले लगाएका छन्। राज्यसँग स्वास्थ्यसम्बन्धी स्पष्ट नीति नभएका कारण उत्पादित जनशक्ति विदेश पलायन हुन बाध्य छन्। नेपाल नर्सिङ संघले मापदण्डविपरीत संचालन भएका नर्सिङ क्याम्पसहरूबाट उत्पादन गरिएका जनशक्तिलाई नर्सिङ 'एग्रिगेसन' रोक्नु पर्ने बताएको छ। उता नर्सिङको स्नातकको लागि सरकारले अस्पताल नभएका क्याम्पसहरूलाई धमाधम स्वीकृति दिँदै आएको छ। केसी भन्छिन्, 'नर्सिङको स्नातक जस्तो जनस्वास्थ्यसँग जोडिएको विषयको अध्ययन स्वीकृति



उत्पादन बढेपछि नर्सहरूले आफ्नो माग पनि बढाउँदै लगेका छन्

गर्दासमेत अस्पतालविनाका क्याम्पसहरूले धमाधम स्वीकृति पाएका छन् ।'

नेपाल नर्सिङ परिषद्को ऐन २०५८ सालमा संशोधन गरिएपछि नर्सिङ क्याम्पस खोल्ने होडबाजी केही कम भए पनि नियन्त्रण भने हुन सकेको छैन । ४० सिटको क्षमता भएको नर्सिङ क्याम्पस खोल्नको लागि कम्तीमा ५० शय्याको अस्पताल हुनै पर्ने प्रावधान संशोधित ऐनले गरेको छ । यो प्रावधान पूरा नगरी खोलिएका केही क्याम्पसहरूलाई कारबाही गर्न नर्सिङ परिषद्ले सरकारलाई सिफारिस गरिसके पनि कारबाही हुन नसकेको परिषद् स्रोतले *समय*लाई बतायो । नर्सिङ परिषद्ले 'नर्सिङ लाइसेन्स' लिनको लागि परीक्षा प्रणालीको सुरुवात अझैसम्म नगरेका कारण पनि त्यस्ता गुणस्तर कम भएका क्याम्पसबाट उत्पादित विद्यार्थीहरूले समेत सजिलै लाइसेन्स पाउने गरेका छन् । केसी भन्छिन्, 'सिटिइभिटीअन्तर्गतका नर्सिङ क्याम्पसहरूमा दक्ष जनशक्ति र प्रयोगशालाबेगर नै नर्सिङको पढाइ गरिने हुँदा गुणस्तर खस्किएको छ, त्यसैले नर्सिङ परिषद्ले लाइसेन्सको लागि परीक्षा चुस्त बनाउने तयारी भएको छ ।'

विश्व स्वास्थ्य संगठनको विश्वव्यापी मान्यताअनुसार प्रत्येक अस्पतालका सामान्य शय्यामा प्रत्येक ६ जना बिरामीबराबर एकजना नर्स र सिसियु तथा आइसियुमा प्रत्येक एकजना बिरामीबराबर दुईजना नर्सले सेवा दिनु पर्ने व्यवस्था छ । मुलुकका अत्याधुनिक र महँगा अस्पताहरूमा समेत यो सेवा बिरामीहरूले लिन सकेका छैनन् ।

नर्सिङ क्याम्पस संचालनको लागि कम्तीमा पनि ५० शय्याको अस्पताल हुनुपर्ने भनिए पनि अधिकांश क्याम्पस अस्पताल नै नभई संचालन भइरहेका छन् । मानिसको जनस्वास्थ्यसँग जोडिएको नर्सिङ अध्ययनमा समेत सैद्धान्तिक अध्ययन मात्र हुने गरेकोमा यस क्षेत्रका विज्ञहरूले चिन्ता व्यक्त गरेका छन् । विशेष गरेर महिलाहरूमा नर्सिङ शिक्षाको लोकप्रियता बढ्दै गए पनि गुणस्तर खस्कँदै गएका कारण उत्पादित जनशक्ति बेरोजगार हुँदै गएको छ । केसी भन्छिन्, 'त्रिविअन्तर्गतका केही क्याम्पसबाहेक सिटिइभिटी, पूर्वाञ्चल र पोखरा विश्वविद्यालयअन्तर्गतका नर्सिङ क्याम्पसहरूले चर्को शुल्कमा न्यूनतम मापदण्डसमेत पूरा नगरी नर्सहरू उत्पादन गरेका छन् ।' सरकारले प्रत्येक गाउँ विकास समितिमा उपस्वास्थ्यचौकी पुऱ्याउने नीति लिएको लामो समय बितिसक्दा पनि अझै पूरा हुन सकेको छैन । सरकारी नीतिअनुसार प्रत्येक उपस्वास्थ्यचौकीमा दुईजना अनमिको दरबन्दी अनिवार्य गरिएको छ, तर अधिकांश उपस्वास्थ्यचौकीहरू अनमिविहीन छन् । केसी भन्छिन्, 'सरकारको आफ्नै नीतिसमेत कार्यान्वयन नगरेका कारण नर्सहरू बेरोजगार हुँदै गएका छन् ।'

सरकारी र ठूला अस्पतालहरूमा दरबन्दी हुँदाहुँदै पनि कतिपय नर्सहरू विनासूचना गयल बसेका कारण एकातिर अस्पतालमा नर्स नहुने र अर्कोतिर नर्सहरू बेरोजगार हुने समस्या देखिएको छ । महिलाहरूको आकर्षक करियर बनेको नर्सिङको उत्पादन विगत केही वर्षदेखि बढ्न थालेपछि अहिले बेरोजगार नर्सहरूको संख्या चुलिँदै गएको छ । नर्स उत्पादन गर्न नयाँ क्याम्पसहरूले स्वीकृति पाए पनि राज्यसँग वार्षिक १६ सयको हाराहारीमा उत्पादन हुने नर्सहरूलाई थेग्न सक्ने क्षमता नभएका कारण नर्सहरू बेरोजगार हुँदै गएका छन् ।

कतिपय सरकारी अस्पतालमा स्टाफ नर्सको कोटा रिक्त भए पनि सयौं संख्यामा रहेका बेरोजगार स्टाफ नर्सलाई प्रतिस्थापन गर्न सरकारले पहल गरेको छैन । विदेशी मुलुकमा राम्रो आम्दानी गर्न सकिने हुँदा सरकारी अस्पतालमा कार्यरत नर्सहरू धमाधम विनासूचना तथा राजीनामा दिएर विदेश जान थालेपछि अस्पतालहरूमा नर्सको संकट देखिएको छ ।

त्रिविअन्तर्गत ६ वटा क्याम्पसमा प्रत्येक वर्ष २ सय ७० जनाले स्टाफ नर्सिङ अध्ययन गर्ने गर्छन् भने वीर अस्पताल नर्सिङ क्याम्पसमा ४०, विपी कोइराला इन्स्टिच्युट अफ हेल्थ साइन्स धरानमा ४० र सिटिइभिटीअन्तर्गत ३९ वटा क्याम्पसमा र पोखरा र पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका क्याम्पससहित जम्मा प्रत्येक वर्ष १६ सय स्टाफ नर्स उत्पादन हुने गर्छन् । उता अनमितर्फ प्रत्येक वर्ष १४ उत्पादन हुन्छन् । प्रत्येक वर्ष आवश्यकताभन्दा बढी जनशक्ति उत्पादन भएका कारण नर्सहरू बेरोजगार हुँदै गएकाले आवश्यक र गुणस्तरलाई सरकारले प्राथमिकता दिनुपर्ने विज्ञहरूले बताएका छन् । नर्सिङको उत्पादनअनुरुपको सरकारी दरबन्दी भने ज्यादै न्यून छ । सरकारसँग १ हजार ९२ जनाको स्टाफ नर्सको दरबन्दी कोटा छ भने अनमि, मेट्रोन लगायत नर्सिङ अन्तर्गतका सबै पदहरू जम्मा ६ हजार १ सय छन् । नर्सिङको स्नातकमा त्रिवि महाराजगन्ज नर्सिङ क्याम्पसमा ४४, ललितपुर नर्सिङ क्याम्पस सानेपा २० र वीर अस्पताल नर्सिङ क्याम्पस १५ जना उत्पादन हुन्छन् । बिएस्सी नर्सिङअन्तर्गत धरानमा २० जना र यो वर्षबाट पूर्वाञ्चल विश्वविद्यालयले दसवटा क्याम्पसलाई मान्यता दिएको छ ।

नेपाल नर्सिङ परिषद्सँग आबद्ध भएका स्टाफ नर्सहरूको संख्या भने मात्र ६ हजार छ । अनमि लगायतका अन्य सहायकस्तरका नर्सिङअन्तर्गत लाइसेन्स लिनेहरूको संख्या १४ हजार भएको नर्सिङ परिषद्ले बताएको छ । उता सरकारसँग भएको एक हजार स्टाफ नर्सको दरबन्दीमा भने ४ सय पदहरू खाली छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता अर्जुनबहादुर सिंह भन्छन्, 'स्टाफ नर्सहरू विनाजानकारी गयल बस्ने र राजीनामा स्वीकृत नभएका कारण दरबन्दी भएर पनि पद रिक्त रहेकाले यस्ता पद पूर्ति गर्नको लागि निश्चित नियम पूरा गर्नुपर्ने भएकाले केही समय पद रिक्त रहेको हो ।' उता ग्रामीण क्षेत्रका स्वास्थ्यचौकी र जिल्ला अस्पतालमा भने अधिकांश नर्सहरूको पद खाली नै छ । नर्सहरू सहरकेन्द्रित भएका कारण ग्रामीण क्षेत्रका बिरामीहरूले पाउनै पर्ने नर्सिङ सुविधासमेत पाएका छैनन् । विज्ञहरू सरकारको फितलो नीतिका कारण नर्स र चिकित्सकहरू ग्रामीण क्षेत्रमा नगएको बताउँदै यसको लागि तुरुन्त सरकारले कडा नीति लागू गर्नुपर्ने बताउँछन् । ■



भास्कर ओझा


# लालीगुराँस वरिपरि...



**पोहर पुसको** पहिलो साता हिउँ परिसकेको थियो । यसपालि माघको मध्य गइसक्दा हिउँ पर्ने अलिकति छाँट देखिएपछि स्थानीय बासिन्दा दोमन भएका छन् । 'पर्न पनि सक्छ नपर्न पनि सक्छ चिसो बढेको छ', स्थानीय व्यवसायी भोजराज भन्छन् । यसै बेला वनै राताम्मे पारी फुल्ने गुराँसहरूले आफ्नो छटा प्रस्तुत गरेर हिउँलाई बोलाएझैं आभाससमेत हुन्छ । हिउँ र गुराँसको सायद आफ्नै सम्बन्ध छ । जहाँ गुराँस फुल्छ, त्यहाँ हिउँ पर्छ नै ।


सदरमुकामको मुख्य बजारसँग जोडिएको सामुदायिक वनमा फुलेको गुराँसले स्थानीय बासिन्दालाई चिसो तर मिठो हिउँदको सम्झना गराइरहन्छ । एक दशकअघि भने सदरमुकाम वरिपरि गुराँस खोज्न टाढै पुग्नु पर्थ्यो । प्रजातन्त्रको प्राप्तिपछि समुदायको हातमा परेर संरक्षण भएका वनका कारण यो सम्भव भएको हो । उसो त डडेल्धुराको कुल वनको आधा भू-भागमा गुराँस फुल्ने गर्छ । तराई हुँदै सम्पूर्ण पहाडी जिल्लाको लागि डडेल्धुरा भएर जाने सबैले राजमार्ग छेउका हराभरा वनमा गुराँसको मनमोहकता अनुभव गर्न पाउँछन् ।

■ श्याम श्रेष्ठ



# छैन कुनै बाधा

**मुलकका सबै विश्वविद्यालय खत्तम भए भन्ने सन्देश फैलिरहेका बेला काठमाडौं विश्वविद्यालयले भने आफ्नो साख बचाउन सफल भएको छ । काठमाडौं विश्वविद्यालयका उपकुलपति डा. सुरेशराज शर्मा भन्छन्, 'विश्वविद्यालयका शैक्षिक र प्रशासनिक कामहरू पहिलेको जस्तै यथावत्रूपमा सञ्चालन भएका छन् ।**


समय

**जनआन्दोलन-२** पछि त्रिभुवन, नेपाल संस्कृत, पूर्वाञ्चल र पोखरा विश्वविद्यालय नेतृत्वविहीन हुँदा ती विश्वविद्यालयका शैक्षिक, प्रशासनिक र योजनाका कामहरूमा व्यापक असर परेको छ । नौ महिनासम्म उपकुलपति, रजिस्ट्रार र शिक्षाध्यक्षको नियुक्ति हुन नसक्दा त्रिभुवन विश्वविद्यालय नै सबैभन्दा बढी अराजकताको भासमा फसेको छ । मुलुकका उच्च शिक्षा प्रदान गर्ने शैक्षिक निकायहरू अस्तव्यस्त भएका बेला काठमाडौं विश्वविद्यालयले वार्षिक शैक्षिक क्यालेन्डरअनुसार निर्बाधरुपमा पठनपाठन अघि बढाइरहेको छ ।

मुलकका सबै विश्वविद्यालय खत्तम भए भन्ने सन्देश फैलिरहेका बेला काठमाडौं विश्वविद्यालयले भने आफ्नो साख बचाउन सफल भएको छ । काठमाडौं विश्वविद्यालयका उपकुलपति डा. सुरेशराज शर्मा भन्छन्, 'विश्वविद्यालयका शैक्षिक र प्रशासनिक कामहरू पहिलेको जस्तै यथावत्रूपमा सञ्चालन भएका छन् । सबै विषयका पठनपाठन तोकिएको समयमा पूरा भई परीक्षा, नतिजा प्रकाशन कार्यक्रम पनि नियमितरुपमा भइरहेका छन् ।'

काठमाडौं विश्वविद्यालय मुलुकको एकमात्र यस्तो विश्वविद्यालय हो, अहिले यसमा मात्र उपकुलपति, रजिस्ट्रार र शिक्षाध्यक्ष लगायत उच्च पदाधिकारी रहेका छन् । वर्षको तीनपटक बस्नुपर्ने विश्वविद्यालय सिनेटको बैठक पनि नियमितरुपमा बसिरहेकाले योजनाका काममा पनि केही कमी आएको छैन । अरू विश्वविद्यालयको दीक्षान्त समारोह नभइरहेको अवस्थामा काठमाडौं विश्वविद्यालयले दीक्षान्त समारोह सफलतासाथ पूरा गरेको छ । विदेशी विश्वविद्यालयसँगको शैक्षिक आदानप्रदान कार्यक्रमअन्तर्गतका कार्यक्रमहरूले पनि पहिलेकै रुपमा सञ्चालन भइरहेको जनाइएको छ ।

काठमाडौं विश्वविद्यालय बेग्लैरूपले स्थापना भएको विश्वविद्यालय भएकाले अरू विश्वविद्यालयमा लागू हुने धेरै प्रावधान त्यहाँ लागू नहुने उपकुलपति शर्मा बताउँछन् । उनी भन्छन्, 'विश्वविद्यालय ऐनले जे दिएको छ, त्योभन्दा अलिकति पनि तलमाथि गर्न मिल्दैन ।' अहिलेसम्म काठमाडौं विद्यालयले शैक्षिक गुणस्तर कायम राख्न सकेका कारण पनि प्रभावकारी शैक्षिक वातावरण रहेको उपकुलपति शर्मा बताउँछन् ।

प्रमाणपत्र तहदेखि मास्टर्ससम्म विज्ञान, शिक्षा, व्यवस्थान, मानविकी, चिकित्सा, इन्जिनियरिङको पढाइ हुने काठमाडौं विश्वविद्यालयको आयस्ताको मूल स्रोत विद्यार्थी नै रहेका छन् । विश्वविद्यालयको वार्षिक २९ करोड बजेटमध्ये सरकारले करिब ९० लाखजति मात्र दिने गरेको छ । उक्त रकममध्ये १९ करोडजति सालबसाली खर्च हुने गरेको छ भने करिब १० करोडचाहिँ भौतिक निर्माण र शैक्षिक विकासका लागि खर्च गरिने विश्वविद्यालयले जनाएको छ । उपकुलपति शर्मा भन्छन्, 'खर्च गरेर बचेको रकम विश्वविद्यालयको कोषमा जम्मा हुन्छ, कसैको व्यक्तिगत हुँदैन ।'

करिब ६ हजार विद्यार्थी, २ सय २५ शिक्षक र १ सय ५० कर्मचारी रहेको उक्त विश्वविद्यालयमा जनआन्दोलन-२ पछि केही असहज अवस्था नआएको होइन । तर, ती बाधा व्यवधान रहँदा रहँदै पनि कुशल व्यवस्थापनका कारण विश्वविद्यालयले गुणस्तरमा रत्तिभर कमी हुन दिएको छैन ।

शाहीकालमा नियुक्ति गरिएका उपकुलपतिलगायत अन्य उच्च पदाधिकारीको राजीनामा माग गर्ने क्रममा काठमाडौं विश्वविद्यालयका उपकुलपति, रजिस्ट्रार र शिक्षाध्यक्षको पनि राजीनामा माग गरिएको थियो । काठमाडौं विश्वविद्यालय ऐनअनुसार कुलपतिको रुपमा रहेका प्रधानमन्त्रीले उपकुलपति नियुक्ति गर्ने प्रावधान छ । अहिलेका कुलपति सुरेशराज शर्माले स्थापना कालदेखि नै आफ्नो चार कार्यकाल सफल रुपमा पूरा गरेका छन् र अन्तर्राष्ट्रिय जगत्मा काठमाडौं विश्वविद्यालयको प्रसिद्धि उस्तैरुपमा रहेको छ । उपकुलपति शर्माको नियुक्तिसँग शाही शासनको कुनै सम्बन्ध नभएकाले उक्त बहस नै औचित्य समाप्त भएको विश्लेषकहरूको भनाइ छ ।

## युनियनले अप्ठ्यारो

काठमाडौं विश्वविद्यालयले सुरुमा शिक्षक नियुक्ति गर्दा एक वर्षको लागि करारमा लिने गर्छ । २०६२ चैतमा करार अवधि सकिएका लेक्चरर बोरिस निरौलाले राम्रो दक्षता प्रदर्शन गर्न नसकेको कारण देखाई तीन महिनाको थप तलबसुविधासहित उनलाई गत जेठमा अवकाश दिएपछि सुरु भएको आन्दोलन तालाबन्दीमा समेत पुगेको थियो । त्यसपछि करार सेवामा नियुक्त गरिएका प्राविधिक कर्मचारी अमित बर्मालाई कार्य दक्षताको अभाव देखाई नियुक्त गरिएपछि बर्माको पुनर्नियुक्तिको माग राख्दै आन्दोलन सञ्चालन गर्ने क्रममा माघ पहिलो साता गरिएको तालाबन्दी विश्वविद्यालयकै कर्मचारीले खुलाएका थिए ।

काठमाडौं विश्वविद्यालयको ऐनले कर्मचारी, शिक्षक र विद्यार्थीको युनियन खोल्ने अधिकार दिएको छैन । अहिले काठमाडौं विश्वविद्यालय कर्मचारी संघ र काठमाडौं विश्वविद्यालय प्राध्यापक संघ नामक संस्था जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता भएर गतिविधि सञ्चालन गरिरहेका छन् । काठमाडौं विश्वविद्यालयसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी र शिक्षक युनियन दर्ता प्रक्रियालाई अन्तिम रुप दिँदा जिल्ला प्रशासनले विश्वविद्यालयसँग सहमति लिनुपर्ने प्रावधान मिचेर दर्ता गरिएको युनियन वैध नहुने विश्वविद्यालयको भनाइ छ ।

विश्वविद्यालयको अहिलेको ऐनले शिक्षक, कर्मचारी र विद्यार्थीलाई युनियन गठन गर्न सक्ने अधिकार दिएको छैन । उपकुलपति शर्मा भन्छन्, 'युनियन गठनबारे ऐनमै उल्लेख छैन, त्यसैले पनि अहिलेको अवस्थामा युनियन दिन मिल्दैन ।' उपकुलपति शर्माका अनुसार युनियन दिने-नदिने कुराको निर्णय गर्ने अधिकार सिनेटले मात्र छ । राजनीतिक दलप्रति बफादार युनियन गठन गर्दा शैक्षिक गुणस्तर खस्कने भएकाले विश्वविद्यालय यसतर्फ सचेत रहेको जनाइएको छ ।

डेढ दशकको अवधिमा मुलुकभित्र मात्र होइन, बाहिरसमेत ख्यातिको शिखरमा पुगेको काठमाडौं विश्वविद्यालयले अहिलेसम्म योजनानुरुप उपलब्धि हासिल गरिरहेको छ । विभिन्न खाले राजनीतक हस्तक्षेप भएर भविष्यमा विश्वविद्यालयको गुणस्तर खस्किने त होइन भन्ने आशंका विद्यार्थी, अभिभावक र शिक्षकमा रहेको पाइन्छ ।

■ छत्र कार्की/काठमाडौं



नदीजन्य पदार्थ राखेर भारत लैजान सीमामा ठीक्क पारिएका ट्रकहरू

# छलियो राजस्व

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)

**नाकामा लामका लाम** ट्रकहरू। सबै हेर्दा दुरुस्त। माथिल्लो भागमा देखिन्छ मिस्कट वा बालुवा। झट्ट लाग्छ, उनीहरूले बालुवा, मिस्कट वा प्रशोधित गिट्टी भारततर्फ लैजाँदै छन्।

वास्तविकता त्यस्तो हुँदैन। प्रायः ती ट्रकले बोकेको माल हुन्छ, ठूल्ठूला नफुटालिएका ढुंगा, जसको राजस्व तेब्बर बढी हुन्छ। यस्तो सामान निकासी गर्न समेत प्रतिबन्ध छ। ती ट्रकहरूले माथिल्लो भागमा राख्ने मिस्कट र बालुवा देखाउन मात्र हो।

'अक्सर सबैलाई यस्तो रहस्य थाहा नभए पनि थाहा हुनुपर्नेहरूलाई थाहा छ, तर उनीहरू बुझ पचाएर ढुंगालाई मिस्कट भएको प्रमाणित गर्छन् र तीन गुना कम राजस्वमा उम्काइदिएर भारत जान बाटो खोलिदिन्छन्,' एक स्रोत भन्छ।

सप्लायर्स कम्पनीहरूले मिस्कट बालुवाको छर्रामुनि राखेर ठूल्ठूला नफुटाएका ढुंगा पनि मिस्कटको भन्सार शुल्कमा धमाधम सीमा पार गराएका छन्। स्रोतका अनुसार। नाकाहरूबाट ट्रकहरूमा यसैगरी लुकाएर मिस्कटका नाममा ८० प्रतिशत ढुंगा भारत गइरहेका छन्।

यस्तो क्रमले करोडौं राजस्व छली भइरहेको मात्र छैन, नेपाली प्रशोधन उद्योगहरूमाथि पनि प्रहार भइरहेको छ। अत्यधिक गिट्टी, बालुवा र मिस्कट निकासी हुने रुपन्देहीको सुनौली र कपिलवस्तुको कृष्णनगर नाकामा यस्तो भ्रष्टाचार बढी छ।

रुपन्देहीको सुनौली नाकाबाट मात्रै मासिक सरदर १ लाख २५ हजार घनमिटर नदीजन्य वस्तु भारत निकासी हुन्छ। बालुवा, गिट्टी, छर्री मिस्कट भनेर जाने ती वस्तुबाट प्रतिमहिना करिब १ करोड १४ लाख रुपैयाँ राजीव संकलन हुन्छ। सुनौली भन्सार स्रोतका अनुसार गत पुसमा सुनौली नाकाबाट १ लाख २५ हजार ५ सय ८४ घनमिटर नदीजन्य पदार्थ भारत निकासी भएको थियो।

कपिलवस्तुको कृष्णनगर भन्सारको अवस्था पनि यस्तै छ। यहाँबाट दैनिक झन्डै १ सयदेखि १ सय ५० वटा ट्रकले नदीजन्य पदार्थ भारततिर निकासी गर्छन्। एक ट्रकमा ११ देखि १७ घनमिटरसम्म त्यस्ता वस्तु अट्छन्। कपिलवस्तुका पीडित क्रसर उद्योगीहरूको भनाइमा कृष्णनगर नाकाबाट मात्रै मासिक एक करोड रुपैयाँभन्दा बढी राजस्व छली भइरहेको छ।

भन्सार स्रोतका अनुसार मिस्कट, छर्रीहरूको भन्सारदर प्रतिघनमिटर सय रुपैयाँ छ। तर, ठूला ढुंगाको भन्सारदर प्रतिघनमिटर तीन सय रुपैयाँ छ। चार इन्चभन्दा माथिको नफुटाएको ढुंगा त निकासी गर्न अनुमति समेत छैन। कपिलवस्तुका एक क्रसर उद्योगी भन्छन्, 'भारत जाने ट्रकहरूमध्ये ८० प्रतिशतले मिस्कटले ढाकेर प्रशोधन नगरिएका ढुंगा लैजान्छन्।' कपिलवस्तुमा डेढ सयभन्दा बढी आपूर्तिकर्ताहरूले नदीजन्य वस्तु आपूर्ति गर्छन्।

स्थानीय एक क्रसर तथा कंक्रिट उद्योगका संचालक राम श्रेष्ठका भनाइमा क्रसर उद्योगहरूको कच्चापदार्थका रुपमा रहेको ढुंगालाई प्रशोधन नगरी नदीबाट सीधै उठाएर निकासी गरिन थालेपछि उद्योगहरू कसरी धराशायी नहोऊन्? त्यसको प्रमाण कृष्णनगर जाने बाटो छेउछाउ निकासीका लागि जम्मा गरेका मिस्कट भनिने तर धेरै ठूल्ठूला ढुंगा मिसिएका सयौं थुप्रा पनि हुन्।

कपिलवस्तुका बाणगंगा नदी र सुरई नाका क्षेत्रबाट नेपाली ट्रकहरूले संकलन गरेर लैजाने ढुंगा भारतीय सीमा कृष्णनगर नजिकै संचालित विभिन्न प्लटहरूमा पुऱ्याइन्छ र त्यहाँबाट भारतीय ट्रकहरूमार्फत भारत लगिन्छ। बहादुरगञ्ज नजिक भारतीय व्यापारीद्वारा सञ्चालित एक त्यस्तै प्लटका कामदार सन्तोष पासवानले हेभिलोडका ट्रकहरूमा माथिबाट बालुवाले ढाकेर ठूला ढुंगा ल्याइने गरिएको बताए।

उद्योगीहरूको भनाइमा ढुंगाहरू नै निकासी हुँदा क्रसर उद्योगलाई चाहिने कच्चापदार्थ अभाव भएको छ। कपिलवस्तुमा आठवटा ठूला क्रसर उद्योगसहित ८७ वटा रोडा ढुंगा तथा हाते रोडा उद्योग घरेलु उद्योगमा दर्ता भई संचालन भएका छन्। यसबाहेक प्रालिका रुपमा संचालित एक दर्जन कम्पनी छन्। एक वर्षदेखि सप्लायर्स कम्पनीहरूले नदीजन्य पदार्थ प्रशोधनविना भारत निकासी गर्न थालेको भए पनि पछिल्ला तीन महिनामा त्यो क्रम बढेको छ। यसबारे पटकपटक भन्सारमा कुरा राखे पनि नियन्त्रणका लागि कुनै पहल नभएको दुखेसो क्रसर उद्योगीहरूको छ।

धेरै क्रसर उद्योगीहरूले त भन्सार कार्यालयकै मिलोमतोमा सप्लायर्स कम्पनीहरूले काम गरिरहेको आरोप लगाउँछन्, तर नाम उल्लेख गर्न डराउँछन्।

कृष्णनगर भन्सार कार्यालयका प्रमुख अच्युतसिंह बस्नेत भने मिस्कटका रुपमा बालुवा लैजाँदा ढुंगा पनि मिसिने तर्क गर्छन्। प्रत्येक ट्रकलाई त्यसैअनुसार जाँच गर्न नसकिएकाले बालुवामुनि ढुंगा लुकाएर लगेको हुनसक्ने उनको भनाइ छ। 'नियन्त्रणका लागि जिविसले नदीमै रेखदेख गर्ने मान्छे खटाउनु पर्छ', उनी भन्छन्। उनका अनुसार कृष्णनगर भन्सारबाट सबैभन्दा बढी निकासी हुने वस्तु नदीजन्य पदार्थ हो जसबाट यो आर्थिक वर्षको मंसिरसम्म २ करोड ९७ लाख ६६ हजार रुपैयाँ राजस्व असुली भइसकेको छ।

कपिलवस्तुका स्थानीय विकास अधिकारी दामोदर भण्डारी ठेकेदारहरूलाई वार्षिकरुपमा ठेक्का दिएपछि नियमित रुपमा अनुगमन नगरिने भएकाले सप्लायर्स कम्पनीहरूले अनियमितता गरेको हुनसक्ने बताउँछन्। उनले जिल्लाको मुख्य आयस्रोत नै नदीजन्य पदार्थ भएकाले यसको अनियमितता र चुहावट रोक्न जिविसले पहल गर्ने पनि बताए। भने, 'नदीको स्रोत निकासी गर्दा नदी संरक्षणका बारेमा पनि ध्यान दिएर गुरु योजना बनाउन लागेका छौं। त्यसपछि त्यस्तो हुँदैन।' ■

# विदेशिएका छोराछोरीको भेला !

**सात समुद्र टाढा पुगेका नेपाली छोराछोरीको जीवनशैली, तिनीहरूको उपयुक्त स्याहारसुसार, ग्रहण प्रक्रियामा कठिनाइ तथा झन्झटहरू निराकरण गर्ने उद्देश्य पनि सम्मेलनले बोकेको न्यौपानेको कथन छ ।**

■ **किरण भण्डारी/काठमाडौं**

**नेपाली बालबालिका** धर्मसन्तानको रुपमा युरोप र अमेरिका जान थालेको २५ वर्ष नाघेपछि पहिलोपटक सोसम्बन्धी अन्तरदेशीय सम्मेलन हुन लागेको छ । फागुन २३-२५ सम्म राजधानीमा हुन लागेको तीन दिवसीय सम्मेलनमा धर्मसन्तानसम्बन्धी लामो अभ्यासका क्रममा देखिएका सर्वपक्षीय विषयमा छलफल हुनेछ ।

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, बालबालिकाका लागि गैरसरकारी संस्था महासंघ (सिएनएफएन) र नेपाल बालसंगठनको संयुक्त आयोजनामा हुन लागेको सम्मेलनको आकर्षण धर्मपुत्रपुत्रीका रुपमा युरोप र अमेरिका पुगेका नेपाली छोराछोरीहरू रहनेछन् ।

महिला राज्यमन्त्री उर्मिला अर्याल अध्यक्ष रहेको सम्मेलन आयोजक समितिका अनुसार धर्मपुत्रपुत्रीका रुपमा सात समुद्र टाढा पुगेका नेपाली छोराछोरी र तिनलाई कर्म दिने बाबुआमा सम्मेलनमा सहभागी हुनेछन् । धर्मपुत्र ग्रहण गर्ने प्रक्रियामा रहेका विकृति, विसंगति र जटिलताबारे सम्मेलनमा केस्रा केस्रा केलाएर छलफल गरिनेछ ।

सिएनएफएनका अध्यक्ष तथा आयोजक समितिका उपाध्यक्ष उपेन्द्रकेशरी न्यौपानेका अनुसार धर्मसन्तान विदेशिएका, बाबुआमा र यससम्बन्धी एजेन्सीसहित सयभन्दा बढीको अन्तर्राष्ट्रिय सहभागिता रहनेछ ।

मुलुकी ऐन धर्म सन्तानसम्बन्धी महलको १२ नं. ले दिएको अधिकार प्रयोग गरी विदेशिएका बालबालिकाहरूको तथ्यांक र अवस्थाबारे जानकारी लिने उपाय पहिल्याउने प्रयास सम्मेलनले गर्नेछ । गृह मन्त्रालयले २०३८ देखि १९ वर्ष र २०५७ यता महिला तथा बालबालिका मन्त्रालयले धर्मसन्तान दिनेसम्बन्धी निर्णय गर्ने अख्तियारी प्रयोग गरिरहेको भए पनि तथ्यांक भने दुरुस्त राखेको छैन ।

दुवै मन्त्रालयले ठेट तथ्यांक भनी दाबा गर्न नसकेको आँकडाअनुसार धर्मसन्तानको रुपमा विदेशीभूमिमा पुगेको नेपाली बालबालिकाको संख्या तीन हजार हाराहारी पुग्न लागेको छ । तीमध्ये कुन कुन बालगृहबाट कति विदेशिए, अभिभावकले मन्जुरीमा कति विदेश पठाइएजस्ता तथ्यांक पाउन मन्त्रालयबाट असम्भवप्रायः छ ।

यति ठूलो संख्यामा धर्मसन्तानको रुपमा विदेशिएका बालबालिकालाई नेपालको सद्भावना राजदूतको रुपमा जिम्मेवारी सुम्पन सकियोस् भन्ने मूल ध्येय सम्मेलनले राखेको छ । जन्म दिने बाबुआमाबाट छुट्टिएर कर्म दिने बाबुआमासँग युरोप र अमेरिकाका विकसित मुलुकमा रहेका नेपाली छोराछोरीले दुई देशबीच गाढा माया कायम गराउन उल्लेखनीय मद्दत पुऱ्याउने विश्वास लिइएको छ ।

धर्मसन्तान ग्रहण गर्ने अभ्यासको तितो मिठो अनुभव, यसबारे आम जनधारणा र विश्वासबारे छलफल गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागेको बताइएको छ । सात समुद्र टाढा पुगेका नेपाली छोराछोरीको जीवनशैली, तिनीहरूको उपयुक्त स्याहारसुसार, ग्रहण प्रक्रियामा कठिनाइ तथा झन्झटहरू निराकरण गर्ने उद्देश्य पनि सम्मेलनले बोकेको न्यौपानेको कथन छ ।

सम्मेलनमा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रका सम्बन्धित व्यक्तिहरूको सहभागिता रहनेछ । नेपाली बालबालिका धर्मपुत्रपुत्रीका रुपमा पुगेका सत्र देशका सरकारी निकाय, ती मुलुकका 'एडेप्सन एजेन्सी'का प्रतिनिधि र विदेशी बाबुआमाहरूको सहभागिता रहने आयोजकले जनाएका छन् ।

बालबालिकालाई धर्मपुत्रपुत्रीका रुपमा ग्रहण गरेक बाबुआमालाई सकेसम्म अधिकतम संख्यामा भेला गराउन समिति लागी परेको छ । युरोप र अमेरिकामा धर्मपुत्रपुत्रीसम्बन्धी काम गर्ने मुलुकका एजेन्सीमार्फत बाबुआमालाई धमाधम खबर भइरहेको छ ।

नेपाल सरकारका सरोकारवाला मन्त्रालय तथा सरकारी निकायहरू, दूतावास र कूटनीतिक नियोगका प्रतिनिधि, संयुक्त राष्ट्रसंघ, दाता, राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, बालगृह, बुद्धिजीवी, संचारकर्मी, धर्मपुत्रपुत्री दिने परिवार र मध्यस्थहरूको स्वदेशभित्रबाट सम्मिलित हुने बताइएको छ ।

**२०५७-२०६२ मा धर्मसन्तानका रुपमा विदेशिएका नेपालीहरू**

| मुलुक | संख्या |
|---|---|
| स्पेन | ३१७ |
| इटाली | २७४ |
| अमेरिका | २५१ |
| फ्रान्स | १७२ |
| जर्मनी | १५८ |
| नर्वे | २५ |
| स्विजरल्यान्ड | २५ |
| नेदरल्यान्ड | १५ |
| वेल्जियम | १५ |
| क्यानडा | १३ |
| डेनमार्क | १० |
| अस्ट्रिया | ९ |
| बेलायत | ७ |
| फिनल्यान्ड | १ |
| स्विडेन | १ |
| अस्ट्रेलिया | १ |
| सिंगापुर | १ |

धर्मपुत्रपुत्री दिने क्रममा विद्यमान जटिलता अन्त्य गरी पारदर्शी कायम गर्नुपर्ने चुनौतीलाई सम्मेलनले सम्बोधन गर्नेछ । यसक्रममा बच्चा संकलनदेखि, म्याचिङ, विदेश पठाउँदा संलग्न हुने संस्था र व्यक्ति, प्रक्रिया पारदर्शी बनाउनेतर्फ चासो देखाइएको छ ।

त्यसका साथै धर्मसन्तान ल्याउने प्रक्रियागत नाममा सम्बन्धित मुलुकले हजारौं डलर उठाइरहेको तर नेपालमा देखिने गरी एक पैसा पनि नआउने अवस्थाको अन्त्य हुने अपेक्षा गरिएको छ । सबैभन्दा बढी बच्चा पठाइएका स्पेनका एजेन्सीहरूले कम्तीमा ८ हजार ५ सय युरो उठाउने गरेका छन्, तर नेपालमा ३ सय डलरबाहेक केही पनि तिर्नुपर्दैन ।

'कि नेपालको बच्चाको नाममा पैसा नउठाऊ भन्न सक्नुपर्छ', न्यौपाने भन्छन्, 'हैन भने त्यस्तो रकमको बढीभन्दा बढी नेपाल आवस् भन्नेमा केन्द्रित हुनुपर्छ ।' प्रक्रियागत खर्चलाई नियम कानुनमा व्यवस्था गर्न सके विभिन्न निकाय कानुनी रुपमा क्रियाशील हुने बाटो खुल्ने हुँदा रोजगारीदेखि आयकरसम्मको दायरा फराकिलो हुन्छ ।

सबै प्रक्रिया भूमिगत रुपमा संचालन हुने, पारदर्शी रहेको अनुगमन खर्चको नाममा उठेको प्रतिव्यक्ति तीन सय डलरको प्रयोगसमेत सही ढंगले भइरहेको छैन । मन्त्रालयका अधिकारी, बालबालिका क्षेत्र र प्रभावशाली व्यक्तिहरूले त्यस्तो रकमबाट फाइदा लिने गरेका छन् ।

'अनुगमनका लागि उठेको रकमलाई विदेश घुम्न जाने अवसरको रुपमा लिने गरिएको छ', न्यौपाने भन्छन्, 'तर वास्तवमा ती मुलुकका एजेन्सीले सही ढंगले काम गरेका छन्-छैनन्, त्यो अनुगमन गर्नुपर्ने हुन्छ ।' ■

अध्यक्ष सावामाथि भएको आक्रमणको विरोधमा निकालिएको जुलुस




तस्वीरहरू: भास्कर ओझा

# असुरक्षित महानगर ?

**वैदेशिक रोजगारी व्यवसायी संघका अध्यक्ष एलपी सावा र पूर्व प्रहरी महानिरीक्षक मोतीलाल बोहोरामाथि एकै दिन भएको आक्रमणपछि राजधानीको सुरक्षा स्थिति कमजोर रहेको देखिएको छ । बोहोरामाथि आक्रमण गर्नेको पहिचान हुन सकेको छैन भने सावामाथि आक्रमण गर्ने गिरोहका नाइके मिलन लामा वा सन्दीप पाठक भएकोमा सबै विश्वस्त छन् ।**

■ **सुवास देवकोटा/काठमाडौं**


**वैदेशिक रोजगारी** व्यवसायी संघका अध्यक्ष एलपी सावा र पूर्व प्रहरी महानिरीक्षक मोतीलाल बोहोरामाथि माघ १६ गते राजधानीमा भएका छुट्टाछुट्टै घातक आक्रमणले राजधानीको सुरक्षा व्यवस्थालाई पुनः चुनौती दिएका छन् । पहिलेदेखि नै पैसा असुली गर्ने गिरोहबाट धम्की व्यहोर्दै आएका सावामाथि चक्रपथ धुम्बाराहीको चप्पल कारखाना चोकमा बिहान १० बजे गोली प्रहार भएको थियो । यसैगरी महानिरीक्षक बोहोरालाई नयाँबानेश्वरमा बेलुका सवा ८ बजे छुरा प्रहार गरिएको थियो । गोली प्रहारबाट सावा जोगिएका छन् भने छुरा प्रहारबाट बोहोरा घाइते भएका छन् । यो समाचार तयार पार्दासम्म दुवै घटनाका दोषीहरू पक्राउ परेका छैनन् । सावाले घटनाबारे प्रहरीमा उजुरी दिएका छैनन् भने बोहोराले घटनाबारे उजुरी दिएको प्रहरीले बताएको छ ।

प्रहरीका अनुसार एकै दिनका भए पनि दुई घटना फरक प्रकृतिका छन् । 'सावामाथि आक्रमण गर्ने गिरोहको नाइके सन्दीप पाठक वा मिलन लामा भएको पत्ता लागिसकेको छ, तर बोहोरामाथि आक्रमण गर्ने गिरोह अझै अज्ञात छ', उपत्यका अपराध अनुसन्धान शाखाका प्रमुख प्रहरी उपरीक्षक केशव अधिकारी भन्छन्, 'सन्दीप वा मिलनले विदेशबाट फोन गरेको देखिएकाले त्यसको सत्यता पत्ता लगाउन तथा बोहोरामाथि आक्रमण गर्ने लागूऔषधका दुर्व्यसनी र अपराधी हुन सक्ने भएकाले उनीहरूको खोजी गर्न हामी लागेका छौं ।' बोहोरामाथि आक्रमणको घटनाका प्रत्यक्षदर्शीले आक्रमणकारीको हुलिया दिएको प्रहरीले बताएको छ भने सावामाथि आक्रमण गर्नेहरूले प्रयोग गरेको पेस्तोल र मोटरसाइकल प्रहरीले बरामद गरेको छ । सिंगापुरमा निर्मित पेस्तोल आक्रमणकारीहरूले घटनास्थलमै छाडेका थिए भने उनीहरूले आक्रमणका बेला प्रयोग गरेको कालो रंगको २७३७ नम्बरको यामाहा मोटरसाइकल माघ १६ गते नै धापासीको सुनसान क्षेत्रमा फेला परेको थियो ।

वैदेशिक रोजगारी व्यवसायी संघ भने सरकार व्यवसायीको सुरक्षामा गम्भीर नभएको भन्दै आन्दोलनमा उत्रिएको छ । सावामाथि आक्रमण भएको भोलिपल्टै उनीहरूले आफ्ना कार्यालय तथा श्रम विभाग बन्द गराएका छन् । यसैगरी १८ गते संघले सिंहदरवार घेराउ गरेको छ । आक्रमण भएकै दिन व्यवसायीहरूले गृहमन्त्री कृष्णप्रसाद सिटौलासँग भेटेर आक्रमणकारीलाई पक्राउ गर्न तथा व्यवसायीको सुरक्षा गर्न माग गरेका थिए भने यस्तै माग गर्दै माघ १७ गते उनीहरूले



गोली प्रहारबाट बचेका सावा



From: "sandip pathak" <sandip_pathak001@hotmail.com>
To: <highdgp@col.com.np>
Cc: <gulfoc@wlink.com.np>; <pos@mos.np>; <anados@ntc net.np>. <moondrops@wlink.com.np>; <galliance@wlink.com.np>
Sent: Monday, January 08, 2007 3:42 PM
Subject: hi

Dear MD,

We are those person who are a group of Internatonal Black spider group as being
regarded in KTm valley .It is proved a cvent of Dixit who is princleple of KMC Sinamangal.so
pls we request that u should give us money as much as u can otherwise
..........................................?

MIlan lama

मेलबाट सावा लगायत ६ जनालाई आएको धम्की

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई ज्ञापनपत्र दिएका थिए ।

## पैसा असुली कारण

एक वर्षदेखि करोडौं रुपैयाँ मागको धम्की व्यहोरिरहेका वैदेशिक रोजगार व्यवसायीहरूले पुस २५ गते मिलन लामाबाट इ-मेल (विद्युतीय पत्र) पाएका थिए, मागेको रकम नदिए जे पनि गर्न सक्ने व्यहोराका ६ वटा कम्पनीहरूमा sandip-pathak001@hotmail.com बाट आएको इ-मेलमा मिलन लामाले आफूलाई 'अन्तर्राष्ट्रिय ब्ल्याक स्पाइडर ग्रुप'को सदस्यका रुपमा चिनाएका छन् । इ-मेलमा काठमाडौं मेडिकल कलेजका अध्यक्ष तथा वरिष्ठ बालरोग विशेषज्ञ डा. हेमांग दीक्षितलाई आफैंले आक्रमण गरेको उल्लेख छ । गोली प्रहारबाट बचेका पीडित सावा फोनबाट पनि मिलनले पटक-पटक रकम मागेको र ज्यान मार्ने धम्की दिएको बताउँछन् ।

माघ १६ गते नै मिलनले समयलाई फोन गरी सावामाथि आफ्नै समूहले आक्रमण गरेको दाबी गरेका छन् । '९८४१-५५२१४३' बाट आएको फोनमा उनले आफू छिट्टै सिंगापुरबाट युरोप जान लागेको बताएका थिए । 'सानो गल्तीका कारण उद्देश्य सफल नभए पनि मेरा केटाहरूले आज काम गरेका छन्', फोनमा मिलनले भनेका थिए । सिंगापुरमा बसेर नेपालमा पैसा असुल्ने गिरोह संचालन गरिरहेको दाबी गर्ने मिलन कहाँ छन् भन्नेमा प्रहरीसमेत अझै अन्योलमा छ । गत वैशाख २१ गते नयाँबानेश्वर हाइटमा डा. दीक्षितमाथि गोली प्रहार भएपछि प्रहरीले सन्दीप र मिलन समूहबारे निरन्तर अनुसन्धान गरिरहेको छ । प्रहरीका अनुसार उक्त गोलीकाण्ड र मिलन समूहमा संलग्न केही पक्राउ परे पनि गिरोहका नाइकेसम्म प्रहरी पुग्न सकेको छैन ।

काठमाडौं मेडिकल कलेजकै अर्का संचालक बिएस राणामाथि २०६२ पुस ४ गते गोली प्रहारको प्रयास र वैशाख २१ गते डा. दीक्षितमाथि गोली प्रहारपछि प्रहरीले मिलन समूहका दर्जनौं सहयोगीलाई पक्राउ गरेको थियो । आफ्नो समूहमा १९ सदस्य रहेको त्यस बेला दाबी गर्ने मिलन समूह प्रहरीको सक्रियतापछि निष्क्रिय र लगभग समाप्त भएको थियो । सावामाथि गोली प्रहारको घटनापछि मिलन समूह पुनः सक्रिय भएको देखिएको छ ।

## मिलनको पृष्ठभूमि

सिन्धुली कमलामाई, भिमान बजारका मिलन लामा 'पासाङ'ले गोपीकृष्ण हल चावहिलमा २०५२ तिर टिकट 'ब्ल्याक' गरेर आपराधिक जीवन सुरु गरेका हुन् । टिकट ब्ल्याक गरेको २ महिनामै उनी त्यहाँका नाइके बन्न सफल भएका थिए । ३० ननाघेका मिलन त्यसलगत्तै सिंगापुर गए र एक वर्षपछि करोडपति भएर फर्किए । त्यसपछि सिंगापुर जानु र आउनु उनका लागि नियमित बन्यो । पछिल्लो पटक गत वैशाख २१ गते डा. दीक्षितमाथि गोली प्रहार हुनु एक साताअघि मात्र उनले नेपाल छाडेको स्रोत बताउँछ । मिलनको २ वर्ष अघिसम्म काठमाडौं दरवारमार्गमा रेडिमेड कपडा र जुत्तापसल थियो । स्रोतअनुसार निकै कम मूल्यमा उनले उक्त पसल बिक्री गरेका थिए ।

गिरोह बनाउने क्रममा मिलनले आफ्नै गाउँ र क्षेत्रका युवाहरूलाई समेटेका छन् । गिरोहमा रहेका पुराना धेरै पक्राउ परे पनि केहीलाई भने मिलनले आफूसँगै विदेश लगेको स्रोत बताउँछ । माओवादी र नेपाली सेना छाडेकाहरू संलग्न रहेको उनको गिरोहमा पछिल्लो समयमा कति संलग्न छन् भन्ने भने यकिन छैन । सावालाई गोली प्रहार गर्नेहरू तालिम प्राप्त जस्तै देखिएकाले मिलनका नयाँ सहयोगी पनि माओवादी वा सेना छाडेकाहरू नै हुनसक्ने स्रोतहरू बताउँछन् । ■





भास्कर ओझा

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला

# घट्दै स्वीकार्यता

■ विश्वमणि पोखरेल/काठमाडौं

**सत्तारुढ दल सद्भावना बाहेकका सात राजनीतिक दलको मिलेमतो र सहमतिमा प्रधानमन्त्री कोइरालाबाट सम्बोधन आएको भए पनि दलहरूले यसअघि जसरी प्रमुख राजनीतिक मुद्दाहरूमा संयुक्त हस्ताक्षर गर्ने गर्दथे, त्यो राजनीतिक संस्कार यसपटक दोहोर्‍याएनन् ।**

**प्रधानमन्त्री गिरिजाप्रसाद** कोइरालाले माघ १७ गते राष्ट्रका नाममा गरेको सम्बोधनले मधेसमा दुई सातादेखि चर्किएको आन्दोलनलाई सम्बोधन गर्न सकेन । वृद्ध प्रधानमन्त्री कोइरालालाले भावुक मुद्रामा दिएको सम्बोधनको लगत्तै पूर्वी र मध्य मधेसमा सम्बोधन धोका हो भन्ने नाराका साथ विरोधको तातो आवाज घन्किन थाल्यो भने काठमाडौंको चिसोमा भने मधेसको राजनीति गर्ने नेताहरूले आधिकारिक वक्तव्य निकाल्न सकेनन् ।

अन्तरिम संविधान जारी भएपछि त्यसको विरोधमा आन्दोलन आह्वान गर्ने मधेसी जनाधिकार फोरम, उसका घोषित सहयोगी तराई जनतान्त्रिक मुक्तिमोर्चालाई प्रत्यक्ष रुपमा वार्ताका लागि आह्वान गरेका छैनन् । दुई सातामा एक दर्जनको मृत्यु भइसकेको स्थितिमा सहानूभुति जनाउने काम पनि प्रधानमन्त्रीबाट भएन भन्ने आरोप लागेको छ । लामो समय राजनीतिक निकासका नाममा आठ दलहरूका नेताहरूको पटक पटकका बैठकका बाबजुद सम्बोधन गर्ने काममा प्रधानमन्त्री कोइराला सबैबाट एक्लिएका छन् । जनआन्दोलनको सफलतापछि मुलुकको जिम्मेवारी सम्हालेका कोइरालाको राष्ट्रका नाममा आएको पहिलो सम्बोधनलाई मधेसको आन्दोलन चर्काउने मधेसी संगठन र पूर्वी नेपालका जनजाति संगठनले धोकाको संज्ञा दिएका छन् । सम्बोधन प्रकरणबाट कोइरालाको साखमा गम्भीर चोट लागेको छ ।

करिब दुई सातादेखि मधेसको आन्दोलनलाई कसरी सम्बोधन गर्ने भन्नेबारे सत्तारुढ सात दल तथा माओवादीको आपसी खिचलोबीच प्रधानमन्त्रीबाट सम्बोधन आएको छ । जानकारहरूका अनुसार कोइरालाको यस्तो वक्तव्य आउनुका पछाडि माओवादी नेतृत्वको दबाबले काम गरेको छ । सत्तारुढ सात दलमध्ये नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) अलग भएको छ भने नेपाल मजदुर किसान पार्टीले पनि सहमति जनाएको छैन । नेपाली कांग्रेसका सभापति स्वयं कोइराला भएकोले कांग्रेस असन्तोष हुने ठाउँ छैन, प्रजातान्त्रिकका महामन्त्री विमलेन्द्र निधि पनि सम्बोधनले कतिपय कुरा स्पष्ट गर्न नसकेको टिप्पणी गर्छन् । औपचारिक रुपमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले सम्बोधनको पक्षमा वकालत गरेको छ, तर आठ राजनीतिक दलको छलफलमा एमालेका नेताहरूले आफ्नो दलको समानुपातिक निर्वाचन प्रणालीको अडान छाडेका थिएनन् । एमाले महासचिव माधवकुमार नेपाल भन्छन्, 'पार्टीको सहमतिमा प्रधानमन्त्रीबाट सम्बोधन आएको हो । अब मधेसको स्थिति नियन्त्रणतर्फ जान्छ ।'

सत्तारुढ दल सद्भावना बाहेकका सात राजनीतिक दलको मिलेमतो र सहमतिमा प्रधानमन्त्री कोइरालाबाट सम्बोधन आएको भए पनि दलहरूले यसअघि जसरी प्रमुख राजनीतिक मुद्दाहरूमा संयुक्त हस्ताक्षर गर्ने गर्दथे, त्यो राजनीतिक संस्कार यसपटक दोहोर्‍याएनन् । दलहरू आ-आफ्नै अडानमा रहेका कारण कोइरालाले आफ्नो तर्फबाट मात्र सम्बोधन गर्नुपर्ने बाध्यात्मक स्थिति आएको राजनीतिक घटनाक्रमले देखाउँछ । तर, कोइरालाको सम्बोधनको पछाडि माओवादीको प्रभाव रहेको जानकार बताउँछन् । माओवादी अहिले मधेसको आन्दोलन चर्काउने फोरम र जनतान्त्रिक मुक्तिमोर्चाका दुवै खेमालाई बल प्रयोग गरेर नियन्त्रण गर्ने, तर राजनीतिक मान्यता नदिने पक्षमा छ । माओवादी नेताका सार्वजनिक भनाइहरूले पनि त्यसको पुष्टि गर्छन् । माओवादीको दबाबमा गृहप्रशासनले राजाको शासनका मतियारहरू गृहमन्त्री कमल थापा, मन्त्री बद्रीप्रसाद मण्डल लगायतलाई आन्दोलन उचालेको नाममा गिरफ्तार गर्ने काम गरेको छ । यो गिरफ्तारीको वस्तुगत आधार सरकारले स्पष्ट गर्न सकेको छैन । तर, नियन्त्रण बाहिरको अवस्थामा पुगेको मधेसको आन्दोलन र मधेसी मानसिकता भड्काउन बढी घुसपैठ हुने खतरा नभएका होइनन् । आन्दोलन चर्काउने र साम्प्रदायिक नारा दिने र तोडफोड गर्ने जस्ता हिंसात्मक कामको पछाडि कमल थापाहरूको हात छ भन्ने निष्कर्षमा सरकार पुग्नुका पछाडि राजनीतिक प्रतिशोध त होइन भन्ने प्रश्न पनि उठेको छ ।

राजनीतिशास्त्रका प्राध्यापक कृष्ण खनाल प्रधानमन्त्रीको घोषणा कुनै पनि निश्चित पक्षप्रति लक्षित नभएको बताउँछन् । खनाल सरकारले मधेसको आन्दोलनको आह्वानकर्तासँग अनौपचारिक वार्ता र सम्पर्कपछि प्रधानमन्त्रीको सम्बोधन आएको अवस्थामा मात्र सम्बोधनले काम गर्ने नत्र सम्बोधनको औचित्य नहुने टिप्पणी गर्छन् । खनाल भन्छन्, 'अनौपचारिक सम्पर्क छैन भने प्रधानमन्त्रीको हैसियत र विश्वसनीयतामा प्रश्न उठ्न सक्छ । प्रधानमन्त्रीको लिखित वक्तव्यमा पर्याप्त गृहकार्य भएको छैन भने, अनौपचारिक छलफल भएको छैन भने सम्बोधन हल्का हुन्छ ।'

खनाल प्रधानमन्त्रीले तराईको मुख्य मुद्दा संघीय राज्यप्रणालीका बारेमा सम्बोधन गर्नुलाई महत्त्वपूर्ण राजनीतिक निर्णय ठान्दछन् । उनी भन्छन्, 'यो धेरै ठूलो कुरा हो । नीतिगत रुपमा राज्यको तहमा सहमति बनिसकेपछि संघीय संरचना कसरी बनाउने भन्ने प्रश्नमा काम हुन थाल्छ । तराईको जनघनत्वका आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने राजनीतिक मुद्दाले पनि तराईको परेको मर्काको सम्बोधन भएको छ ।'

खनाल तराईको आन्दोलन नियन्त्रण बाहिर गएको टिप्पणी गर्दै यसलाई हल्का रुपमा लिन नहुने सुझाउँछन् । उनी भन्छन्, 'राजनीति नेतृत्व कसको भन्ने प्रश्न छ, तराईमा फैलिएको आन्दोलनमा । आठ राजनीतिक दलको नियन्त्रणमा छैन । फोरमको हातमा छ वा जनतान्त्रिकको हातमा त्यो पनि प्रश्नचिन्ह छ ।'

सरकार, विशेष गरेर माओवादीले आन्दोलनको आह्वान गर्ने फोरमलाई समेत राजावादीको मतियार बनेको आरोप लगाउँदै आएको छ । मधेसमा दुई सातासम्म आन्दोलन चर्काउने राजनीतिक हैसियत फोरमले राख्दैन । फोरमको आह्वानका पछाडि विभिन्न शक्तिकेन्द्रहरू लागेको आशंका छ, तर प्रमुख राजनीतिक दलका मधेसी मूलका कतिपय नेताहरूको भित्री समर्थनका कारण पनि आन्दोलनले आगोको रुप लिएको हो ।

प्रधानमन्त्री कोइरालाको सम्बोधनपछि पनि कांग्रेसकै कतिपय सांसदहरूले सम्बोधनलाई धोकाको संज्ञा दिएका छन् । उता एमाले केन्द्रीय सदस्य रघुवीर महासेठ सम्बोधनलाई सकारात्मक भन्न नमिल्ने बताउँछन् । महासेठ सम्बोधनले आन्दोलन स्थगित हुन सक्ने, तर समाप्त नहुने दाबी गर्छन् । सेठ भन्छन्, 'समानुपातिक निर्वाचन प्रणालीमा गएन भने समस्या समाधान हुँदैन ।'

उता नेपाली कांग्रेसका सहमहामन्त्री डा. रामवरण




सम्बोधन गर्दै प्रधानमन्त्री कोइराला

यादव भने प्रधानमन्त्रीको सम्बोधनपछि मधेसको स्थिति सुधारिने विश्वास व्यक्त गर्छन्। यादव भन्छन्, 'प्रधानमन्त्रीको सम्बोधन सकारात्मक छ। केही दिनदेखि तराईमा भइरहेको आन्दोलनका पक्षहरूलाई उहाँले वार्तामा बोलाउनुभएको छ। आन्दोलनको आह्वानकर्ता मधेसी जनाधिकार फोरम र अन्य पक्षलाई बोलाउनुभएको छ। अब उनीहरू वार्तामा आउनुपर्छ। संघीय आधारमा राज्यको पुनर्संरचना गर्ने भन्ने कुरा पनि आएको छ। जनसंख्याका आधारमा प्रतिनिधित्व हुने कुरा छ, त्यसलाई मधेसवासीले सकारात्मक रुपमा लिनुपर्छ।'

यादव थप्छन्, 'हाम्रो भूगोल लगायतका कारणले अहिल्यै संघीय संरचनामा जान खोज्दा संविधानसभाको निर्वाचन भनेको समयमा हुन सक्तैन। अब मधेसवासी धेरै खेल्न हुँदैन। शान्तिपूर्ण भनिएको आन्दोलनमा लुटपाट भएको छ, साम्प्रदायिक भड्काउ छ। लोकतन्त्रविरोधी शक्ति आन्दोलनका पछि लागेका छन्। म मधेसवासीलाई आग्रह गर्न चाहन्छु अब आन्दोलनमा लाग्ने काम छैन।'

आन्दोलनको आह्वानकर्ता फोरमका मधेसका नेताहरूले आन्दोलन धोका हो भनेर नाराबाजी गरेजस्तो स्वतन्त्र प्रतिक्रिया दिने स्थितिमा फोरमका केन्द्रीय नेताहरू देखिएनन्। प्रधानमन्त्रीको सम्बोधनपछि बैठक बस्न थालेका फोरमका नेताहरू लामो समयसम्म निर्णयमा पुग्न सकेका छैनन्। फोरममाथि राजावादीको घुसपैठ भएको, हिंसा भड्काएको आरोप एकातिर छ भने उसमाथि अन्तर्राष्ट्रिय दबाब पनि परेको स्रोतको दाबी छ। विराटनगरमा फोरमका कार्यकर्ताले प्रहरी असई नरेशजंग कार्कीको विभत्स हत्यापछि फोरममाथि आपराधिक राजनीति गरेको गम्भीर आरोप लागेको छ। फोरमले आन्दोलन आफ्नो नियन्त्रण बाहिर गएको विश्लेषण गरेर नयाँ राजनीतिक निर्णय गर्न सक्छ। फोरमका केन्द्रीय सदस्य एवं काठमाडौं संयोजक उपेन्द्र झाले बुधवार राति भने, 'केन्द्रीय समितिको औपचारिक निर्णय आउन समय लाग्न सक्छ।' झाले प्रधानमन्त्रीको सम्बोधनपछि फोरमको नाममा विभिन्न जिल्लामा व्यक्त प्रतिक्रिया र विरोध आधिकारिक नभएको बताए।

नेपाली कांग्रेस (प्रजातान्त्रिक)का महामन्त्री विमलेन्द्र निधि, प्रधानमन्त्रीको सम्बोधनमा संघीय संरचना तथा जनसंख्याका आधारमा निर्वाचन क्षेत्र छुट्याउने सकारात्मक कुरा भए पनि अहिले भइरहेका जिल्लाका निर्वाचन क्षेत्र नघटाउने कुरा स्पष्ट नभएको प्रतिक्रिया दिन्छन्।

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का भरतविमल यादव भन्छन्, 'प्रधानमन्त्रीको सम्बोधन हाम्रो सहमतिमा आएको होइन। हाम्रो विमति छ। यो प्रधानमन्त्रीको आह्वान हो। राष्ट्रको नाममा, प्रधानमन्त्रीको हैसियतमा आएको छ। हाम्रो माग निर्वाचन प्रणाली जनसंख्याका आधारामा हुनुपर्छ भन्ने हो। संघीय राज्यप्रणालीका बारेमा कुनै समस्या छैन।' प्रधानमन्त्रीको सम्बोधनप्रति सद्भावनाका सप्तरी, सिरहा लगायतका जिल्लामा विरोध र्‍याली प्रदर्शन गरिए पनि पार्टीले भने राजनीतिक स्थिति हेर्ने र निर्णय गर्ने बाटो लिएको देखिन्छ। सद्भावनाले समय लिएर मात्र औपचारिक निर्णय गर्ने नीति अख्तियार गर्‍यो।

संघीय लोकतान्त्रिक राष्ट्रिय मंचका महासचिव कुमार लिङदेङ पनि प्रधानमन्त्रीको सम्बोधन राजनीतिक प्रतिबद्धता मात्र भएको र त्यो विश्वास गर्न नमिल्ने टिप्पणी गर्छन्। उनी भन्छन्, 'संघीय संरचना अन्तरिम संविधानमै लेखिनुपर्ने थियो। यो राजनीतिक प्रतिबद्धता मात्र हो। यसलाई षड्यन्त्र भन्न मिल्छ। प्रधानमन्त्रीको प्रतिबद्धतामा विश्वास छैन। अन्तरिम संविधान संशोधन गर्नुपर्‍यो। अलमल्याउने खेल मात्र हो।' मंच र मधेसी जनाधिकार फोरमबीच पनि कार्यगत एकताको कुरा भइरहेको छ।

याख्खा स्वायत्त परिषद्का संयोजक, गोपाल देवान प्रधानमन्त्रीको सम्बोधन राजाको वैशाख ८ गतेको सम्बोधन जस्तै अपूरो भएको बताउँछन्। देवान पनि अन्तरिम संविधानमै संघीय संरचनाको व्यवस्था गरिनुपर्ने बताउँछन्।

थारू कल्याणकारी सभाका महामन्त्री राजकुमार लेखी प्रधानमन्त्रीको सम्बोधनले समस्याको समाधान नगर्ने बताउँछन्। मधेसको आन्दोलन चर्किएको अवस्थामा यसै साता मात्र प्रमुख जिल्ला अधिकारीहरूमार्फत ज्ञापनपत्र दिएर मधेसी आन्दोलनविरुद्ध खनिएको सभा तराईमा आफ्ना जातिको माग ओझेलमा परेको बताउँछन्। जनसंख्याका आधारमा निर्वाचन हुनुपर्ने र जनसंख्याका आधारमा प्रतिनिधित्व जस्ता मागमा सभाको पनि सहमति छ। तर, नेपालको कुल जनसंख्याको झन्डै सात प्रतिशत हिस्सा ओगट्ने थारूहरू मधेसी भन्न चाहँदैनन्। लेखी भन्छन्, 'मधेस होइन, तराई भन्नुपर्छ।'

सीमित हुने खाने र माथ्लो वर्गको राजनीतिक वर्चस्व कायम रहेको मधेसका जिल्लाहरूमा नेपालका अन्य क्षेत्रको भन्दा तुलनामा धेरै वर्गीय समस्या छन्। मधेसको जनसंख्याको अधिकांश हिस्सा ओगट्ने तल्लो वर्ग र समुदायका लागि मधेसको आन्दोलको प्रतिफल के हुने भन्ने प्रश्न अहिले ओझेलमा पारिएको छ। मधेसमा जसरी आन्दोलनका आगो सल्काउन विभिन्न संगठन, प्रमुख राजनीतिक दलका नेताहरू तथा काठमाडौंमा बसेर मधेसको गफ गर्ने बुद्धिविलासहरू पनि प्रत्यक्ष, अप्रत्यक्ष रुपमा फोरमको सहयोगी बनेका छन्। मधेसमा लागेको आगो सेलाउन थाल्नेबित्तिकै आपसी विभाजन, विवाद गर्ने र अदृश्य शक्तिबाट परिचालित भएको आरोप प्रत्यारोपको राजनीति गर्ने परम्परा पनि मधेसको राजनीति गर्नेहरूको प्रमुख रोग हो।

जनसंख्या, आर्थिक कारोवार, कृषि उत्पादन जस्ता कुरामा मुलुकका अन्य भागभन्दा धनी मधेसीहरूको राष्ट्रिय राजनीति र प्रशासनिक निकायमा कम पहुँच र प्रभाव छ। तर, राजनीतिक अधिकार खोज्ने नाममा मधेसमा जसरी राजनीतिक हिंसा, साम्प्रदायिकता र बेग्लै राज्यको धम्की आइरहेका छन्, त्यो प्रत्युत्पादक बन्न सक्छ। राजनीतिक अधिकार खोज्दा मधेसको मैदान प्रतिगामी शक्तिले चलखेल गर्ने र राजनीतिक अस्थिरता उत्पन्न गर्ने कारक बन्न हुँदैन।



आक्रोशित प्रदर्शनकारीहरू

# चर्किएको आन्दोलन

**मधेसको मागलाई तत्काल सम्बोधन नगरेमा तराईका सम्पूर्ण जिल्ला छुट्टै शासन व्यवस्था सञ्चालन गर्नसमेत बाध्य हुने मधेसी नेताहरू बताउँछन् ।**

■ **श्यामसुन्दर यादव/राजविराज** (तस्वीर पनि)

जनआन्दोलन भाग-२ को सफलताको दस महिना बित्न नपाउँदै पुनः मध्यपूर्वी मधेस असन्तुष्टिका साथ आन्दोलनमा लागेको छ । माघ १ गते जारी अन्तरिम संविधानमा मधेस र मधेसीको भावना समेट्न नसकिएको भन्दै मध्यपूर्वी मधेस क्षेत्रका जनता आन्दोलित भएका छन् । यो आन्दोलनले अहिलेसम्म ११ जना नेपालीको ज्यान गइसकेको छ । यो आन्दोलनको पछिल्लो सिकार विराटनगरका प्रहरीका सई नरेशजंग कार्की भएका छन् । कार्कीलाई मधेसी कार्यकर्ताहरूले चौकीबाट बाहिर निकालेर मारेको प्रत्यक्षदर्शीहरूले बताएका छन् । यो आन्दोलनका क्रममा क्षति पुऱ्याइएको भौतिक संरचनाको लेखाजोखा छैन । कति कार्यालय जले कति सवारी साधन जलेर खरानी भए, गणना नै गरिएको छैन । आगो लगाई क्षति पुऱ्याइएका कार्यालयहरू सञ्चालन हुने अवस्था छैन ।

सिरहा जिल्लाको लहानमा माओवादी कार्यकर्ता सियाराम ठाकुरले चलाएको गोलीबाट माघ ५ गते मनोकामना इङलिस बोर्डिङ स्कुलमा कक्षा १० मा अध्ययनरत छात्र रमेशकुमार महतो मारिएपछि आन्दोलनले गति लिन पुग्यो । १६ वर्षीय छात्र महतो मारिएको आक्रोशमा अहिले मध्यपूर्वी मधेस आन्दोलनको रापमा बल्दै छ ।

कुनै पनि समस्यालाई गम्भीरतापूर्वक नलिएका कारण मुलुकले लाखौं रुपैयाँको क्षति व्यहोर्नुपरेको छ । नेपालको इतिहासमै मधेसीहरू संगठित भई पहिलोपटक अधिकार प्राप्तिका लागि सडकमा उत्रेका छन् । त्यसो त जनआन्दोलन भाग-२ मा समेत मधेसीहरू सडक उत्रेका थिए, तर अहिलेको आन्दोलनको जस्तो आक्रोश मधेसी जनतामा नदेखिएको मधेसी नेताहरू नै बताउँछन् ।

जनआन्दोलनमा राजनीतिक दलका नेताहरूले नेतृत्व गरेका थिए भने यो आन्दोलन कसैको नेतृत्वमा छैन । आन्दोलनमा राजनीतिक दलका नेताहरू सडकमा नदेखिए पनि कार्यकर्ता भने सडकमा ओर्लिएका छन् ।

सरकारले मधेसको समस्या सम्बोधनमा



महिला पनि उत्रदैछन्

देखाएको ढिलाइका कारण मधेसले दैनिक करोडौं रुपैयाँको क्षति व्यहोर्नु परेको छ। विगत दुई सातादेखि राजमार्गमा सवारी आवगमन ठप्प छ। मधेसमा रहेका सम्पूर्ण शैक्षिक संस्थान र व्यापारिक प्रतिष्ठान बन्द छन्। यता सरकारी कार्यालयहरू खोलिए पनि सेवाग्राहीको अभावमा घाम तापेरै दिन काट्छन्, कार्यालयका कर्मचारीहरू।

मधेसका जारी आन्दोलनलाई सरकारले बेवास्ता गर्दै गएका कारण केही दरवारिया शक्तिहरू सल्बलाएकै हुन्। सरकारको उदासीनताका कारण मधेसी एकताको नारा दिई आफूलाई चोख्याउन थालेका छन्। खास गरी नेकपा माओवादी र सत्तासीन सरकारप्रति आन्दोलनकारीहरू आक्रोशित देखिन्छन्। राजनीतिक दलहरूले मधेसको मागलाई जायज भने पनि ती मागलाई सम्बोधन गर्न ढिलाइ गर्दै आएका राजनीतिक दलसमेत मधेसी जनताको आक्रोशको सिकार भएका छन्।

मधेसीको मागलाई सम्बोधन न गरेको आक्रोश जनताको मुक्तिका लागि जीवन उत्सर्ग गर्ने राजनेताहरूको सालिक भत्काउनसमेत पछि परेनन्। प्रदर्शनकारीको एक समूहले सप्तरीको मलेकपुर गाविस-५ मा रहेको गणेशमान सिंहको सालिक माघ १३ गते भत्काइदिए। २०४६ सालको जनआन्दोलनको सर्वोच्च नेता गणेशमान सिंहको सालिक प्रतिगमनकारीहरूले भत्काएको भनी आक्रोश पोख्दै सोही दिन सप्तरीको सदरमुकाम राजविराजस्थित राजा त्रिभुवन र महेन्द्रपार्कमा रहेको राजा महेन्द्रको सालिक भत्काइदिए। ती स्थानमा लोकतान्त्रिक सहिद दशन यादव, गजेन्द्रनारायण सिंह र साकेतचन्द्र मिश्रको तस्बिर राखिए पनि तिनमा कुनै क्षति पुगेको छैन।

अहिलेको आन्दोलनमा मधेसी जनाधिकार फोरम नेपाल, सद्भावना पार्टी (आ), दुवै जनतान्त्रिक तराई मुक्तिमोर्चाका कार्यकर्ताहरूको सहभागिता एवं ऐक्यबद्धता देखिएको छ। राज्यले मधेसको मागलाई सम्बोधन गर्न जति ढिलाइ गर्दै छ, त्यति नै मधेसी समुदाय आक्रोशित हुन थालेका छन्।

मधेसको मागलाई तत्काल सम्बोधन नगरेमा तराईका सम्पूर्ण जिल्ला छुट्टै शासन व्यवस्था सञ्चालन गर्नसमेत बाध्य हुने मधेसी नेताहरू बताउँछन्। त्यसको संकेत सप्तरीको हनुमाननगरमा मधेसी कार्यकर्ताहरूले विभिन्न सरकारी कार्यालयका साइनबोर्डहरूमा नेपाल सरकार मेटेर मधेस सरकार लेखिदिएका छन्।

सरकारले गरेको बेवास्ताका कारण मधेसका जिल्लाहरूमा जनतान्त्रिक तराई मुक्तिमोर्चाले मधेसी आन्दोलन आफ्ना गतिविधिलाई तीव्रता दिएका छन्। तराईमा जयकृष्ण गोइतले सञ्चालन गरेको जनतान्त्रिक तराई मुक्तिमोर्चालाई राज्यसमेत वार्तामा बोलाएर समाधानको निकास खोजेको भए अर्को जनतान्त्रिक (ज्वाला सिंह) बीजारोपण हुने थिए। कुनै पनि समस्यालाई सुरुमा गम्भीरतापूर्वक राज्यले नलिने पुरानो रोगका कारण अहिले जनतान्त्रिक पनि दुईवटा भइसकेको छ। दुवै जनतान्त्रिक स्वतन्त्र तराई लगायतका माग राखी अगाडि बढेका छन्।

यति बेला जनतान्त्रिक तराई मुक्तिमोर्चा पहाडे समुदायका व्यक्तिहरूको अपहरण गरी करका नाममा मोटो रकम असुल गर्दै आधुनिक हतियार खरिद गर्नमा लगाएका छन्। गाउँमा तिनै हतियारबन्दहरूको रजाइँ चलेको देखिन्छ।

सप्तरीका विभिन्न स्थानमा पुनःस्थापना गरिएका प्रहरीचौकी तत्काल हटाउन माग गर्दै दिनहुँजस्तो प्रहरीचौकी अगाडि प्रदर्शन जारी राखिएको छ। स्थानीय बासिन्दाको अडानका कारण प्रहरीचौकी तरही फिर्ता भएको छ। यता जनतान्त्रिक तराई मुक्तिमोर्चाका केन्द्रीय संयोजक जयकृष्ण गोइतले माघ १७ र १८ तथा जनतान्त्रिक (ज्वालासिंह)ले माघ १९ र २० गते तराई बन्दको घोषणा गरेका छन्। बन्दको




आन्दोलन केही ठाउँमा हिंसात्मक बन्दै गइरहे पनि थुप्रै ठाउँमा संयमित छ

पूर्वसन्ध्यामा सप्तरीको भारदह, पोर्ताहा कञ्चनपुर सिमरा लगायतका स्थानमा माघ १७ गते विस्फोट र गोली हानिएको आवाज सुनिएको छ। जनतान्त्रिक तराई मुक्तिमोर्चाका कार्यकर्ताले माघ १७ गते साँझ नै राजविराज नगरपालिका क्षेत्रअन्तर्गत तेतरी गाछीचोक राजदेवी मन्दिर चोकमा समेत मसाल जुलुस तथा सभा गरेका छन्।

सप्तरीको पकरी गाविसबाट डाँकाको आरोपमा जनतान्त्रिक तराई मुक्तिमोर्चाका कार्यकर्ता माघ १२ गते पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा जनतान्त्रिकका सप्तरी जिल्ला सदस्य उपेन्द्र यादव एरिया नं २ का इन्चार्ज उपेन्द्रप्रसाद यादव र साधारण कार्यकर्ता मो इमामुदिन रहेका छन्। उनीहरूको साथबाट एक थान पेस्तोलसमेत बरामद गरिएको जनाइएको छ। पक्राउ परेकाहरूमाथि मुद्दा चलाइएको सप्तरी जिल्लाका प्रहरी उपरीक्षक सुभाषचन्द्र चौधरीको भनाइ छ।

जनतान्त्रिकले पहाडे मूलका व्यक्तिलाई मुख्य तारो बनाई मधेसी आन्दोलनसँगै आफ्ना गतिविधिलाई तीव्रता दिएको छ। वार्ताद्वारा समस्या समाधान गर्न पटक-पटक नेपाल सरकारसँग आग्रह गर्दा पनि त्यसलाई कमजोरी ठानी बेवास्ता तरेर षड्यन्त्रका साथ वार्ताविरोधी आचरण सरकारी पक्षबाट देखाएको जनाउँदै जनतान्त्रिकका केन्द्रीय संयोजक जयकृष्ण गोइतले वार्ताको औचित्य समाप्त भएको घोषणा गरेका छन्। तराईमाथि औपनिवेशिक शोषक वरकरार रहन माओवादी अध्यक्ष प्रचण्डले जनतान्त्रिकविरुद्ध विष वमन मात्र होइन, दमनचक्र अगाडि बढाइएको गोइतद्वारा माघ ४ गते जारी विज्ञप्तिमा जनाइएको छ।

दुई सातायता मात्रै दुवै जनतान्त्रिकद्वारा झन्डै एक दर्जनभन्दा बढी पहाडीमूलका मानिसलाई अपहरण गरी करको नामबाट फिरौती लिएर मुक्त गरेका छन् भने कतिपयमाथि सांघातिक आक्रमण पनि भएको छ। जनतान्त्रिक (ज्वलासिंह) का कार्यकर्ताको अपहरणमा परेका सप्तरीको कल्याणपुर इलाका केदार श्रेष्ठ र ज्ञानेन्द्र बस्नेत फिरौती तिरेर मुक्त भएका छन्। यसैगरी जनतान्त्रिक संस्थापन पक्षका कार्यकताहरूले दामोदर आचार्य, नेपाल टेलिकम सिरहाका लेखापाल नीलकमल जर्घा मगर समेत अपहरणपछि फिरौती लिरेर मुक्त भएका छन्।

यस्तै ज्वालासिंहका कार्यकर्ताहरूले माघ १० गते सप्तरीको दौलतपुर-१ का अवकाशप्राप्त प्रहरी नायब उपरीक्षक हीराबहादुर न्यौपानेलाई गोली हानेका छन्।

यसैगरी ज्वालासिंहका कार्यकर्ताहरूले माघ १४ गते सप्तरीको कोचावखारी-८ का लक्ष्मण शमशेर र सरिता थापाको चार बिघा जग्गा कब्जा गरेका छन्। उक्त जग्गा भूमिहीन मधेसीलाई वितरण गरिने तथा कसैले जग्गा खरिद गरेमा भौतिक कारबाही गर्ने चेतावनीसमेत एरिया नं. ३ का इन्चार्ज विक्रान्तले दिएका छन्।

सरकारले मधेसको समस्या समाधान गर्न ढिलाइ गरेका कारण मधेसमा अर्को नयाँ मोर्चाको जन्म भएको छ। मधेसमा जारी आन्दोलन प्रतिगमनकारीहरू चोखिने क्रमसँगै विभिन्न नयाँ समस्या देखा पर्न थालेका छन्। तराई जनतान्त्रिक मोर्चाको नामबाट गठित मोर्चाले मधेसको समस्याको समाधानसहित ३० दिनभित्र आफ्ना माग पूरा गर्न अल्टिमेटम दिएका छन्।

तराईमा विभाजित दुई जनतान्त्रिक तराई मुक्तिमोर्चाले आफ्ना कारबाही जारी राखेकै अवस्थामा तराई जनक्रान्ति मोर्चा गठन हुनलु मुलुकमा शुभ संकेत देखिँदैन। नव गठित मोर्चाले प्रस्तुत गरेका मागहरू जनतान्त्रिक तराई मुक्तिमोर्चासँग मिल्दाजुल्दा छन्। मधेसी संगठनको अन्तरिम संविधानमा मधेसीविरोधी तत्त्वहरूले तराईविरुद्ध षड्यन्त्र गरेकाले अधिकार प्राप्तिका लागि ओलर्नु परेको संयोजक क्रान्तिवीर क्रान्तिद्वारा माघ १८ गते जारी विज्ञप्तिमा जनाइएको छ।




**संशोधन हुने निश्चित भएको अन्तरिम संविधानको धारा**

भाग ७ संविधानसभा

धारा ६३ संविधानसभाको गठन

१ नेपाली जनता आफैंले नया संविधान निर्माण गर्न यस संविधानको अधीनमा रही एक संविधानसभाको गठन हुनेछ। यो संविधान प्रारम्भ भएपछि संविधानसभाको निर्वाचन नेपाल सरकारले ताकेको मितिमा हुनेछ। संविधानसभामा कानुनमा व्यवस्था भएबमोजिम मिश्रित निर्वाचन प्रणालीको आधारमा निर्वाचित ४०९ जना र मनोनीत १६ जना गरी देहायबमोजिम ४२५ जना सदस्यहरू रहनेछन्।

(क) यो संविधान प्रारम्भ हुनुअगाडि प्रचलित कानुनबमोजिम कायम रहेको निर्वाचन क्षेत्रहरूबाट प्रत्येक निर्वाचन क्षेत्रबाट एकजनाका दरले पहिले हुने गरी निर्वाचित हुने निर्वाचन प्रणालीअनुसार निर्वाचित २०५ सदस्य।

(ख) सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक प्रणालीअनुसार निर्वाचित २०५ सदस्य।

(ग) राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तिहरूमध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद्बाट मनोनीत हुने १६ जना सदस्य।

# संशोधन हुने भयो ?

**प्रधानमन्त्री** गिरिजाप्रसाद कोइरालाले मुलुकको नाममा माघ १७ गते गरेको सम्बोधनले अन्तरिम संविधान संशोधन हुने पक्का भएको छ। पुस १ गते माओवादीसहित आठ दलले सहमति गरी माघ १ गते प्रतिनिधिसभाको बैठकबाट जारी अन्तरिम संविधान संशोधन गर्न आठ दललाई गत सातादेखि तराईमा सुरु भएका प्रदर्शनहरूले दबाब दिएका हुन्। प्रतिनिधिसभाको बैठकमा १८ संशोधन प्रस्ताव दर्ता भए पनि आठै दलले अन्तरिम संविधानमा तत्काल संशोधन नगर्ने सहमति गरेका थिए। संशोधन प्रस्ताव दर्ता गर्नेमा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सबै दलका सांसद थिए। प्रतिनिधिसभाको बैठक स्थगित गरी दलका शीर्षस्थ नेताहरूबीच सहमति भएपछि र प्रधानमन्त्री कोइरालाले अन्तरिम विधायिकामा पनि संशोधन गर्न सकिने वचन दिएपछि पूर्वपञ्च, चित्रबहादुर केसी र परि थापाको जनमोर्चाबाहेक सबै दलका सांसदहरूले आफ्ना संशोधन प्रस्ताव फिर्ता लिएका थिए।

आठै दलका नेताहरूको सहमतिमा प्रधानमन्त्री कोइरालाले गरेको सम्बोधनले अन्तरिम संविधानको भाग ७ धारा ६३ को संविधानसभा गठनसम्बन्धी व्यवस्था संशोधन हुने भएको छ। उक्त धारामा २०५ निर्वाचन क्षेत्र व्यवस्था गरिएको छ। प्रधानमन्त्रीको सम्बोधनले एक निर्वाचन क्षेत्र रहेका जिल्लाका निर्वाचन क्षेत्र नघट्ने गरी जनसंख्याका आधारमा निर्वाचन क्षेत्र बढाउने वचनबद्धता व्यक्त गरेको छ। यसअनुसार तराईमा निर्वाचन क्षेत्र बढ्नेछ र २०५ निर्वाचन क्षेत्रको सट्टा बेसी निर्वाचन क्षेत्र हुनेछ। निर्वाचन क्षेत्रबराबर समानुपातिक संख्या पनि कायम हुने व्यवस्थाअनुसार यसअघिको २०४ समानुपातिक संख्या पनि वृद्धि हुने नयाँ राजनीतिक सहमतिले पक्का गरेको छ।

तराईको आवाजलाई सम्बोधन गर्न प्रधानमन्त्रीबाट भएको सम्बोधनले संविधानसभापछि मुलुक एकात्मक र केन्द्रीकृत राज्यको सट्टा संघीय हुने पनि निश्चित भएको छ। प्रधानमन्त्रीको सम्बोधनपछि अन्तरिम संविधानमा मुलुक संघीय व्यवस्थामा जाने पनि उल्लेख गर्ने निश्चित भएको एमाले महासचिव माधवकुमार नेपाल बताउँछन्। प्रधानमन्त्रीको सम्बोधनपछि पनि तराईको प्रदर्शनको सिलसिला जारी रहेका बेला महासचिव नेपालले 'प्रधानमन्त्रीको सम्बोधनले तराईवासी र जनजातिको माग सम्बोधन गरेको' उल्लेख गरे। यद्यपि, समस्या समाधानका निम्ति समानुपातिक निर्वाचन प्रणाली उत्तम विकल्प हो भन्ने आफ्नो दलको मान्यता अझै रहेको बताउन भने महासचिव नेपालले बिर्सेनन्। अमेरिका लगायत अन्य मुलुकमा अनेकौंपटक संविधान संशोधन भएको उदाहरण दिँदै एमाले स्थायी समिति सदस्य प्रदीप नेपालले अन्तरिम संविधान निर्माण भएकै बेला संघीय शासन र समानुपातिक निर्वाचनको व्यवस्था नगर्नु आठ दलको गल्ती भएको उल्लेख गरे। जनसंख्याअनुसार प्रतिनिधित्व हुने सबैभन्दा उत्तम विकल्प समानुपातिक निर्वाचन प्रणाली भएको बताउँदै नेपालले भने, 'संविधान संशोधनले संविधानमा पहिरो आउँछ भन्ने मान्न सकिँदैन, आठ दल संविधान संशोधन गर्न एक मत भएपछि कसैले पनि चलखेल गर्न सक्दैन।'

नेपाली कांग्रेस केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले पनि प्रधानमन्त्रीको सम्बोधनले संविधान संशोधन निश्चित गरेको बताए। तर, उनले संशोधन र तराई तथा जनजातिको समस्या समाधान निम्ति विस्तृत अध्ययन आवश्यक रहेकोमा जोड दिए। 'कुनै निर्णय हतारमा गर्नुहुँदैन', केसीले भने, 'तराईवासी र जनजातिसँग २५-२६ दिन नै भए पनि छलफल गर्नुपर्छ र संविधानलाई अरू समावेसी स्वरुपमा लानुपर्छ। हतारमा निर्माण गर्नुहुँदैन।'

**■ समय संवाददाता/काठमाडौं**



# समाचारमाथि अत्याचार

**संचारसँग सम्बन्धित घटनाहरू**

| | |
|---|---|
| पत्रकारमाथि प्रदर्शनकारीबाट आक्रमण | ४ |
| राज्य पक्षबाट आक्रमण | १ |
| सवारी तोडफोड | ११ |
| व्यक्ति तोकेर धम्की | १५ |
| संचारमाध्यममा आक्रमण | ५ |
| महासंघको कार्यालयमा आक्रमण | २ |
| विस्थापित पत्रकार | ७ |
| पत्रिकाको प्रकाशन बन्द | १२ |

**संघीयराज्य प्रणाली** र समानुपातिक प्रतिनिधित्व लगायतका माग राखी मधेसी जनाधिकार फोरमको आह्वानमा भएको आन्दोलनका क्रममा स्वतन्त्र संचारमाध्यम र पत्रकारहरूमाथि तीव्र दबाब भएको छ। पूर्वी र मध्य तराईका दसवटा जिल्लामा चर्किएको आन्दोलनका क्रममा पत्रकारहरूमाथि कुटपिट, आक्रमण र धम्की बढ्दै गएका छन्। तराईका जिल्लाहरूमा भएको आन्दोलनका क्रममा त्यहाँ कार्यरत संचारकर्मीहरूले स्वतन्त्रतापूर्वक समाचार संकलन गर्न पाएका छैनन्। आन्दोलनकारीहरूले केही संचारकर्मीलाई भौतिक आक्रमणको धम्की दिनुका साथै समाचार संकलनमा रोक लगाएका छन्। आन्दोलनकारीको धम्कीका कारण वीरगन्जमा कार्यरत अधिकांश संचारकर्मीहरू विस्थापित भएका छन्। नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरी भन्छन्, 'तराईका आन्दोलनरत जिल्लाहरूमा संचारकर्मीहरूले सहजरुपमा समाचार संकलन गर्ने अवस्था छैन। यसलाई सम्बन्धित पक्षले तुरुन्त सच्याएर प्रेस स्वतन्त्रताको अधिकार सुनिश्चित गर्नु पर्छ।' राजाको प्रत्यक्ष शासनकालमा तारो बनेका पत्रकार र संचार संस्थाहरू फेरि तराई आन्दोलनमा स्वतन्त्र पत्रकारिताबाट वञ्चित गराइएका छन्।

आन्दोलनकारीहरूले समाचार संकलनमा रोक लगाउनुका साथै संचारगृहमा समेत आक्रमण गरेका छन्। आन्दोलनकारीको आक्रमणका कारण रेडियो वीरगन्जको प्रसारणसमेत केही समय रोकिएको थियो भने स्थानीय पत्रपत्रिकाहरूको प्रकाशन अझै बन्द भएको छ। संचारकर्मीहरूमाथिको आन्दोलनकारीहरूको यो रवैयाको मानवअधिकारवादी र संचार संस्थाहरूले चर्को विरोध गरेका छन्। राष्ट्रिय मानवअधिकार आयोगका निमित्त सचिव ध्रुव नेपाल भन्छन्, 'तराईमा भएको आन्दोलनमा पत्रकारहरूमाथि भएको दुर्व्यवहारले जनताको सूचना पाउने हकको उल्लंघन गरेकाले आन्दोलनकारीहरूले संचारकर्मीहरूलाई स्वतन्त्रतापूर्वक समाचार संकलन गर्ने वातावरण बनाउनु पर्छ।'

संचारकर्मीहरूले स्वतन्त्रतापूर्वक समाचार सम्प्रेषण गर्न पाउने अधिकारको आन्दोलनकारीहरूले उल्लंघन गरेको भन्दै पत्रकारहरूको राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूले विरोध जनाएका छन्। न्युयोर्कस्थित पत्रकारहरूको हकहितमा क्रियाशील संस्था कमिटी टु प्रोटेक जर्नालिस्ट (सिपिजे)का कार्यकारी निर्देशक जोइल सिमोनले तराईमा भएको आन्दोलनका क्रममा पत्रकारहरूमाथि भएको दुर्व्यवहारको विरोध गर्दै विज्ञप्तिमा भनेका छन्, 'पत्रकारहरू आफ्नो कार्यक्षेत्रमा स्वतन्त्रपूर्वक कार्य गर्न पाउने अधिकारको तराईमा भएको आन्दोलनका आन्दोलनकारीहरूले उल्लंघन गरेका छन्। पत्रकारमाथि भौतिक आक्रमणको धम्की दिएर आन्दोलनकारीले पत्रकारहरूको पेसागत स्वतन्त्रताको उल्लंघन गरेकाले सरकारले तुरुन्त प्रेस स्वतन्त्रताको वातावरण तयार गर्नु पर्छ र आन्दोलनरत मधिसे नेताहरूले पत्रकारहरूको अधिकारको सम्मान गर्नुपर्छ।' आन्दोलनले केही स्थानमा साम्प्रदायिक स्वरुप लिँदा पहाडीमूलका पत्रकारहरू बढी लक्षित भएको महासंघले बताएको छ। आन्दोलनको अवस्थाको फाइदा उठाउँदै त्यहाँ क्रियाशील आपराधिक गिरोह र भूमिगत समूहहरूले समेत आफ्नो पक्षमा समाचार संकलन नभएको भन्दै पत्रकारहरूमाथि धम्की दिएका छन्। आन्दोलनरत क्षेत्रहरूको भ्रमण गरेर फर्किएका महासंघका सभापति निष्ठुरीले राष्ट्रियस्तरका पत्रपत्रिकामा आएका समाचारले तराईको वास्तविकता समेट्न नसकेको आरोप लगाएका छन्। पत्रकारहरूको अवस्थाको थप अनुगमनको लागि महासंघको एउटा टोली यसै साता तराईका आन्दोलनरत जिल्लाहरूमा पठाउन लागेको महासंघले बताएको छ। महासंघ र अन्तर्राष्ट्रिय संचार संस्थाहरूको विरोधका कारण तराईमा बन्द भएका केही स्थानीय पत्रपत्रिका भने संचालन हुन थालेका छन्। तैपनि अधिकांश स्थानीय पत्रपत्रिकाहरू पुन:प्रकाशन हुने अवस्थामा अझै नभएको बताएइको छ। पत्रकार र संचारगृहमाथि भएको आक्रमणमा सुरक्षानिकाय संवेदनशील नभएको गुनासो पीडित पत्रकारहरूले गरेका छन्। निष्ठुरी भन्छन्, 'संचारगृहमा आक्रमण हुँदै छ भनेर सुरक्षानिकायलाई जानकारी गराउँदा समेत घटना भइसकेपछि सुरक्षाफौज पुगेको छ।' आन्दोलनकारीको धम्कीका कारण पर्सा र वाराका अधिकांश संचारकर्मीहरू जिल्ला छोड्न बाध्य भएका छन्। महासंघले पत्रकारमाथि भएको धम्की र संचारगृहमाथिको आक्रमणको कडा विरोध जनाएको छ।

■ **गोविन्द परियार/काठमाडौं**

**मधेसी जनअधिकार फोरमले मधेसीभित्रको उकुसमुकुसको अभिव्यक्ति दिएपछि आन्दोलन अहिलेको रुपमा विकसित भयो । अब यो आन्दोलन फोरमको मात्र रहेन । यसलाई आम मधेसीहरूले सामाजिक न्यायको आन्दोलनको रुपमा लिए । यस आन्दोलनलाई लोकतन्त्र र राष्ट्रिय अखण्डतालाई मजबुत गर्ने आन्दोलनको रुपमा लिएका छन् ।**

# राज्यको असंवेदनशीलता



चन्द्रकिशोर झा

**मधेसमा** चलिरहेको आन्दोलन सामाजिक न्यायका लागि गरिएको आन्दोलन हो । त्यसैले पनि मधेसका आमजनता सडकमा उत्रिएका हुन् । मधेसका परम्परावादी महिलाहरू पनि खुलेरै सडकमा ओर्लिएका छन् । गाउँ-गाउँबाट मानिसहरू ग्रामीण बजारहरूमा र सदरमुकाममा आएर आन्दोलनमा ऐक्यबद्धता देखाएका छन् । एकपछि अर्को जिल्लामा आन्दोलन बढ्दै जानु त्यसैको प्रभाव हो । मधेसका समस्याहरूप्रति प्रधानमन्त्री कोइरालासहित काठमाडौंमा देखिएको चरम उदासीनताले स्थिति दिनानुदिन भयावह बन्दै गएको छ । अहिले देखिएको आन्दोलन मधेसीहरूमा देखिएको नैराश्य र लोकतान्त्रिक राज्यबाट प्रकट भएको असंवेदनशीलताप्रतिको विस्फोट हो ।

लोकतान्त्रिक व्यवस्थामा नै सामाजिक न्यायको खोजी गरिन्छ । राष्ट्रले संविधानसभामार्फत नयाँ नेपाल निर्माण गर्ने जुन संकल्प लिएको छ, त्यसमा संविधानप्रति सबैको आत्मीयता र स्वामित्व प्रतिविम्बित हुनका लागि पनि सबैको सहभागिता हुनु अपरिहार्य छ । मधेसीहरूले जनसंख्याको आधारमा प्रतिनिधित्व खोजेका छन्, त्यो त्यसैका लागि गरिएको न्यायिक माग हो । संघात्मक राज्य व्यवस्था, जनसंख्याको आधारमा प्रतिनिधित्व र राज्य प्रणालीमा समानुपातिक सहभागिता मधेसीहरूको अहिलेका मुख माग हो । समग्र मधेसलाई मूलप्रवाहीकरणमा ल्याउन तथा राज्यप्रतिको भावनात्मकता अभिवृद्धि गर्नका लागि गरिनुपर्ने र हुनुपर्ने धेरै कार्यहरू हुन् ।

मधेसी जनअधिकार फोरमले मधेसीभित्रको उकुसमुकुसको अभिव्यक्ति दिएपछि आन्दोलन अहिलेको रुपमा विकसित भयो । अब यो आन्दोलन फोरमको मात्र रहेन । यसलाई आम मधेसीहरूले सामाजिक न्यायको आन्दोलनको रुपमा लिए । यस आन्दोलनलाई लोकतन्त्र र राष्ट्रिय अखण्डतालाई मजबुत गर्ने आन्दोलनको रुपमा लिए । मन्त्रिपरिषद् र अन्तरिम व्यवस्थापिकामा रहेका आठ दलका मधेसीमूलका राजनीतिकर्मीहरूले प्रधानमन्त्रीलाई संयुक्त रुपमा ज्ञापन दिने तयारी गरेकाले पनि यो आन्दोलन कुनै दल, मोर्चा, फोरम वा संगठनको मागभन्दा राष्ट्रिय मुद्दा हुन पुगेको हो । आन्दोलनमा फोरमको ब्यानर भए पनि सबै राजनीतिक तथा सामाजिक संगठनसहित आम नागरिकको सहभागिता र समर्थन हुँदै गएको छ । विभिन्न जिल्लामा मुख्य धारका राजनीतिक दलका जिल्लास्तरीय नेताहरूले समेत सामूहिक ऐक्यबद्धता र समर्थन जनाउँदै गएका छन् । यसरी यो आन्दोलन राष्ट्रिय आन्दोलनको रुपमा अभिव्यक्ति दिएको छ । वैशाख आन्दोलनपछि नेपाली समाजको सबै पक्षमा देखापरेको परिवर्तनको उत्कट चाहनाबाट मधेसीहरू अलग रहने कुरै थिएनन् र मधेसीपनको उभारले सामाजिक न्यायको आन्दोलनलाई अग्रगति दियो ।

तर राज्य जो लोकतान्त्रिक भनिएको छ, त्यसले आन्दोलनप्रति हेपाहा नीति राखेको छ र आन्दोलन दबाउने प्रयास गरेको छ । आन्दोलनलाई बदनाम गराउने प्रयास गरेको छ । आन्दोलनलाई षड्यन्त्रको उपज हो भन्ने षड्यन्त्र सुरु गरेको छ । यसैले यो राज्य सामाजिक न्यायको आन्दोलनलाई सम्बोधन गर्नमा चुकेको छ भनेर भन्ने अवस्था मात्र छैन । सरकारले स्थिति साम्य पार्नुको साटो 'बैठक हुने, निर्णय गर्नेसम्ममै सीमित रहेको प्रचार गर्न उद्यत छ र यसरी आन्दोलनको दुई साता नाघिसकेको छ ।

सरकार र संसद्मा सहभागी मुख्य धारका आठ दलहरू राजनीतिक लाभहानिमै सीमित रहेका छन् । शक्ति पृथकीकरणमा कोही अरू सहभागी नभई हालोस् भन्ने परम्परागत सोचमै सीमित छन् । नेसपा आनन्दी बाहेकका सात दलभित्रका मधेसी नेताहरूको स्थिति धृतराष्ट्रका सभामा रहेका भीष्मपितामहको जस्तै रहेको छ । मधेस जुन रुपमा जागृत भएको छ, त्यसबारे प्रदीप गिरी जस्ता (पहाडी) नेताहरूले बुझेजस्तो बुझ्न खोजिएन भने मधेसमा राजनीतिक प्रवाहलाई नियमित गर्न सजिलो छैन । मूलत: काठमाडौंको संस्थापन सत्ताको मानसिकता हेर्दा सन् साठीको दशकको पश्चिमी पाकिस्तानको पूर्वी पाकिस्तानप्रतिको मानसिकता जस्तो देखिन्छ । शान्ति प्रक्रियामा रहेको छु भन्ने आत्मरतिमा केन्द्रित काठमाडौंको संस्थापन पक्षले मधेसको शान्तिपूर्ण आन्दोलनलाई बेवास्ता गर्दा विस्तारै बन्दुकको राजनीति प्रभावशाली हुँदै जाने तथ्यप्रति आँखा चिम्लेको जस्तो लाग्छ । माओवादी हिंसाको अनुमोदनले गर्दा बन्दुकले वा बल मिचाइँले मात्र मागहरू पूरा गराउन सकिन्छ भन्ने सोच विकसित हुँदै गइरहेको छ ।

शान्तिपूर्ण आन्दोलनलाई दमन गर्ने, अधिकारको आन्दोलनलाई सम्बोधन नगर्ने राज्यको चरित्रलाई जिम्मेवार मान्न सकिँदैन । मधेसमा जुन प्रकारले नेपाली राष्ट्रियताको अभ्युदय भएको छ, त्यसलाई आत्मसात नगर्ने, स्वीकार नगर्ने पक्षलाई जिम्मेवार र उत्तरदायी हो भनेर मान्न गाह्रो पर्छ । हिजोको लोकतान्त्रिक आन्दोलनमा दमन गर्ने, गोली चलाउने, जनताको अधिकार कुण्ठित गर्नेहरूलाई कारबाही गर्नुपर्ने जनआवाज उठेको थियो र आज पनि नागरिक समाजले दोषीमाथि कारबाहीको माग गरिरहेका छन् । यतिखेर मधेसका जनता जब लोकतन्त्रकै सुदृढीकरणका लागि, सामाजिक न्यायको आन्दोलन गर्दा मान्छेहरू मारिन्छन् भने यसका दोषीहरूलाई कारबाही गरिने कि नगरिने ? सामाजिक न्यायका लागि सहादत प्राप्त गर्नेहरूप्रतिको जिम्मेवारी कसको हो ? मानवअधिकार र लोकतन्त्रको दुहाई दिनेहरूले दण्डहीनताको अवस्था राखी राख्दा यसले कुन संस्कृतिको विकास गर्दछ भन्ने प्रश्नहरू उठ्न थालेका छन् ।

मधेसीहरूले नागरिक समाजका अगुवाहरू र मानवअधिकारका पहरेदारहरूसँग नेपालगन्ज, लहान, कलैया, वीरगन्ज र विराटनगरका दोषीहरूमाथिको कारबाहीका लागि निष्पक्ष छानबिबन र दण्डको माग राख्दै छन् । अब मधेसको प्रश्न फोरमले अगाडि ल्याएका मागमा मात्र केन्द्रित छैनन् । जब यो मुलुकमा आफ्नो पहिचान, प्रतिनिधित्व र पहुँचका लागि शान्तिपूर्ण आन्दोलन गरिन्छन् र त्यसमाथि दमन गरिन्छ, गोली चलाइन्छन् भने त्यो कुन लोकतन्त्र र नयाँ नेपाल निर्माणको लागि अभ्यास हो भनेर मधेसीहरूले माग राख्न थालेका छन् । लोकतन्त्रभित्रै तानाशाहरू जन्मिने सम्भावना हुन्छन् । यतिखेर मधेसप्रतिको सत्ताको दृष्टिकोण कुनै तानाशाहीहरूभन्दा कम छैनन् । यस्तै अलोकतान्त्रिक र दण्डहीनताको परिस्थिति लामो समयसम्म रहिरह्यो भने त्यो मुलुकको लागि दुर्भाग्यपूर्ण हुन्छ । सरकार चलाउनेहरूले जनताका अधिकार ठाउँ-ठाउँमा खण्डित तुल्याउन खोज्दा नेपाली भावना नै खण्डित हुने वातावरण विकसित हुन थालेको छ । त्यसैले समय छँदै सामाजिक न्यायको मुद्दालाई सम्बोधन गर्न, मधेसलाई मूलप्रवाहीकरणमा ल्याउन, मधेसमा सामाजिक सद्भाव कायम राख्न र दण्डहीनताको अवस्थालाई अन्त गर्न ढिलो गर्नु हुँदैन, यसो गरियो भने त्यसभन्दा ठूलो विडम्बना अर्को हुनेछैन । ■

मधेसका नयाँ नेता र संगठनले पनि पहिलेका धोकेवाज नेताहरूले जस्तै मधेसका सबभन्दा ठूला उत्पीडक राजतन्त्रलाई राखेरै तथा जायज मागहरू पूरा नगर्दै सम्झौता गर्न सक्छन्, यसप्रति मधेसका न्यायप्रेमी जनता सावधान रहनुपर्छ र आन्दोलनलाई उत्कर्षमा पुऱ्याउनुपर्छ ।

# मधेस–मार्क्सवादी कोणबाट हेर्दा



रवीन्द्र श्रेष्ठ

**अधुरो दोस्रो** जनआन्दोलन- मधेसमा जुन आन्दोलन तीव्र बनेको छ, त्यसले एक प्रमुख कारण दोस्रो जनआन्दोलनमा अभिव्यक्त नेपाली जनसमुदायका विविध वर्ग, तह र समुदायका मागहरू आठ दलका नेताहरूले पूरा नगरी अन्तरिम संविधान जारी गर्नु नै बनेको छ । मधेसका मुख्य मागहरू संघीय गणतन्त्र, जनसंख्याको आधारमा संविधानसभाको निर्वाचन क्षेत्र विभाजन र मधेसी जनसमुदायमाथिको विविध उत्पीडन र असमानताको समाप्ति सबै नै जायज र तत्काल पूरा गर्नै पर्ने र सकिने मागहरू थिए । तर, आठ दलका नेताहरूको सम्झौतापरस्त चरित्रका कारण मधेस, जनजाति, उत्पीडित क्षेत्र, महिला, दलित र उत्पीडित वर्गका जायज मागहरू पूरा नगरी सत्ता भागबन्डा र उधारो आश्वासनमा लागे । जुन उत्पीडित जनसमुदायको आन्दोलनको आधारमा आठ दलका नेताहरू पुरानो सत्ताको कुर्सीमा पुगे, उनीहरूले ती जनताका जायज र वस्तुसम्मत मागहरू परित्याग गर्नुले ती उत्पीडित जनसमुदायले गत दोस्रो जनआन्दोलन अधुरो रहेको र नेताहरूले पुनः एकपल्ट धोका दिएको अनुभूति गर्न थाले । यसबाट तेस्रो जनआन्दोलन र दोस्रो जनयुद्धको वस्तुगत आधार तयार भइरहेको छ ।

## तात्कालिक कारण

जंगल सुख्खा छ भने एउटै फिल्कोले पनि डढेलो लाग्न सक्छ, आखिर यस्तै भयो । कुनै पनि आन्दोलन केवल आन्दोलनकारीहरूको एकोहोरो प्रयासले मात्रै उत्कर्षमा पुग्दैन । त्यसमा सत्तारुढ दलहरूको पनि मूर्खताहरू, गलत विश्लेषणहरू र जनविरोधी उल्टो धाराले आगोमा घ्यू थप्ने काम गर्दछ ।

अन्तरिम संविधान घोषणा भइसकेपछि त्यसविरुद्ध विभिन्न तह र तप्काबाट तीव्र आलोचना विरोध प्रदर्शन भएकै हो । जनजाति महासंघले पनि त्यसका केही धाराहरू जलाएकै हो, तर उनीहरूलाई किन गिरफ्तार गरिएन र शान्तिसुरक्षा ऐन नामको कालो कानुन लगाएर थुनामा राखिएन त ? तर फोरमका नेताहरूले त्यही काम गर्दा गिरफ्तार गरी किन थुनामा राखियो ? किनभने गृहमन्त्री र प्रशासन तथा प्रहरीमा र नेपालका सबै दलका वरिष्ठ नेताहरूमा पहाडिया बाहुनवादी अहंकार रहेकै छ । यसले मधेसका जनतालाई एउटा सन्देश दियो ।

यसका विरुद्ध लहानमा प्रदर्शनरत केही कार्यकर्ताहरूमाथि माओवादी केन्द्रीय सदस्य राम कार्कीको नेतृत्वमा भिडन्त र गोली प्रहारले मधेसका जनतालाई अर्को सन्देश दियो- माओवादी नेताहरूको पहाडिया अहंकारवाद र सत्ता प्राप्तिपछि उब्जेको फासिस्ट प्रवृत्ति तथा दुब्ला पातलालाई ह्याकुलाले मिच्ने दादागिरी ।

त्यस हत्याकाण्डविरुद्धको प्रदर्शनमा प्रहरीको निकृष्ट दमन र हत्याले मधेसी जनतालाई पहाडिया प्रभुत्ववादी पुरानो सत्ताविरुद्ध विद्रोहको आगो बाल्न उत्प्रेरित गऱ्यो ।

## विद्रोह, नेतृत्व र घुसपैठ

हामी इराकको आन्दोलनमा एउटा विडम्बना देख्दछौं । अहिले इराकमा अमेरिकी साम्राज्यवादको फासिस्ट हस्तक्षेप र दमनविरुद्ध भियतनाम युद्धपछिको सबभन्दा ठूलो जनविद्रोह देख्दछौं । त्यो वास्तवमा जनविद्रोह नै हो, किनभने जनताका सबै तह र तप्का त्यस विद्रोहमा सामेल छन्, तर त्यहाँ धार्मिक कट्टरपन्थीहरूको पुनरुत्थानवादीहरूको घुसपैठ मात्रै होइन कि नेतृत्व नै उनीहरूले गरिरहेका छन् । यस्तो स्थितिमा एउटा मार्क्सवादीले के गर्नुपर्दछ त ? उसले त्यहाँका जनविद्रोहको समर्थन गर्नुपर्दछ, सहभागी हुनुपर्दछ र नेतृत्वको वर्गचरित्र बारे सचेत पार्नु पर्दछ । इराकमा त्यसो किन भयो ? किनभने त्यहाँका लोकतन्त्रवादीहरू र कम्युनिष्टहरूले सद्दामलाई सत्ताच्युत नगरी आफू सत्तामा पुग्नुलाई नै क्रान्ति भएको ठानेर जनआकांक्षालाई धोका दिए तथा अमेरिकी साम्राज्यवादसँग गलत जनविरोधी सम्झौता गरे ।

यहाँ नेपालमा पनि मधेसको आन्दोलनलाई हामी सबै लोकतन्त्रवादी तथा कम्युनिष्टहरूले समर्थन गर्दै र सहभागी हुँदै तथा पुराना मधेसी सत्ताधारी नेताहरू तथा सत्तामा जान चाहेका नयाँ नेताहरूको जनविरोधी वर्ग चरित्र भण्डाफोर गर्दै यसलाई सही जनपक्षीय दिशामा लाने कोसिस गर्नुपर्दछ । मधेसमा सत्ता जनपक्षीय लोकतन्त्रवादी र सर्वहारा वर्गीय नेतृत्व विकास हुने वस्तुगत वातावरण तयार छ ।

## समस्या कि समाधान

आठ दलका नेताहरूले मधेसको आन्दोलनमा समस्या मात्रै देखेका छन्, तर वास्तवमा त्यसको सही विश्लेषण गर्ने हो भने नेपालको वर्तमान राजनीतिक गत्यावरोध र अकर्मण्यताको गुणात्मक समाधान हुन सक्दछ । यसको मुख्य समाधान जनपक्षीय समावेशी संघीय गणतन्त्रको घोषणा अन्तरिम संसद्बाट तुरुन्त गर्नु र सामन्तवाद, विस्तारवाद, साम्राज्यवाद र दलाल तथा नोकरशाही पुँजीवादका विरुद्ध निरन्तर क्रान्तिको सुरुवात गर्नु हो ।

प्रचण्डहरूले दरबार र भारतीय हिन्दु कट्टरतावादीहरूले मधेसमा आन्दोलन भड्काएकाले गणतन्त्र घोषणा तुरुन्त गर्नुपर्ने बताइरहे पनि उनको दरबार तथा भारतीय विस्तारवादपरस्त चरित्र तथा गिरिजासँग घुँडा टेकेर पुच्छर बनिरहने पुच्छरवादी संशोधनवादी प्रवृत्ति र सर्वहारा वर्गबाट च्युत भएर दलाल तथा नोकरशाही पुँजीपति वर्गमा 'वर्ग उत्थान' भएका कारण गणतन्त्र तुरुन्त घोषणा गर्ने अडान दृढताका साथ लिँदै केही दिनभित्रै सो प्रस्ताव आठ दल र संसद्मा राख्छन् । त्यसका लागि सडक संघर्ष तीव्र पार्दै सत्ता बहिष्कार गर्लान् भन्नेमा विश्वास गर्न जनताले सकेका छैनन् । रामराजाप्रसाद सिंहले भन्नुभएझैं प्रचण्डहरूले जनयुद्धलाई यसका न्यूनतम लक्ष्य पूरा नगरी अन्त्य गरी सम्झौतापरस्त प्रवृत्ति अपनाएकैले पनि मधेसको समस्या नयाँ ढंगले पुनः उठ्न बाध्य भएको यथार्थ हो । प्रचण्ड र गिरिजाहरूको दरबारलाई सराप्ने तर दरबारकै रक्षा गर्ने चरित्रका विरुद्ध पनि अब तेस्रो जनआन्दोलन अनिवार्य बनेको छ । अब सबै उत्पीडित तह र तप्का तथा वर्ग र क्षेत्रका जनसमुदायले आठ दलका नेताहरूको सम्झौतापरस्त प्रवृत्ति तोड्दै समावेसी संघीय गणतन्त्र स्थापनाको आन्दोलन गरेरै छोड्ने परिस्थिति बन्दै छ । किनभने दरबार र यसका विदेशी सहयोगीहरूले संविधानसभाको चुनाव हुन नदिन हजारौं तरिका अपनाउने निश्चित देखिएको छ । तब जनताले किन चुनाव नै पर्खने ?

## मधेसको शिक्षा

मधेसको आन्दोलनले एउटा मार्क्सवादी प्रस्थापनालाई पुनः प्रमाणित गरेको छ । जब आन्दोलनबाट स्थापित र सत्तामा जाने नेताहरूले जनताको मागप्रति धोखा दिन्छन्, तब जनताले नयाँ नेताहरू र संगठनहरू जन्माउने गर्दछ । ■

**‘गैंडा जोगाउ’ अभियान एउटा छुट्टै कुरा नभएर निकुञ्जको व्यवस्थापन प्रणालीसँगै जोडिएको कुरा हो । सही व्यवस्थापन भए गैंडा जोगिन सक्छन् । व्यवस्थापनमा नै सैद्धान्तिक त्रुटि भए जति छलफल गरे पनि, जति प्रयास गरे पनि र जति पैसाको खोलो बगाए पनि गैंडा जोगिन सक्दैनन् ।**



सोमत घिमिरे

# जनताका हातमा संरक्षण

**नेपाली समाज** अहिले राज्य पुनर्संरचनाको रचनात्मक छलफलबाट अगाडि बढिरहेको छ । सम्भवतः नेपाली समाजमा सबै क्षेत्र, धेरै समूह तथा सवालगत विषयहरू नागरिक तहका प्रयासबाट सतहमा आएका छन् । सधैं अप्ठ्याराहरूलाई सुकुलमुनि लुकाउन अभ्यस्त राज्यप्रणाली पुनः एकपटक असफल भएको छ । शक्तिका वरिपरि बस्नेले चाहे पनि नचाहे पनि अहिले धेरै सवाल समाजमा फाँगिएका छन् । अझ यसलाई राज्य पुनर्संरचनासँग जोडिएर बहसको विषय बनाइनु सकारात्मक पक्ष के हो । सबै क्षेत्र र सवालको पुनर्संरचनाबाट नै नयाँ नेपालको नक्सा कोरिने अवश्य होला ।

अहिले आदिवासी, दलित, महिला, मधेस, कर्णालीले ल्याएका बहसका विषयहरू हेर्ने हो भने मुख्यतया राजनीतिक अंशबन्डा र लामो समयदेखि यथास्थितिमा रहेको जल, जंगल र जमिनको पुनर्संरचना नै हो । नेपालमा भएका राजनीतिक परिवर्तनहरूले माथिल्ला तहमा भएका केही संरचनामा परिवर्तन गरे पनि नागरिकका जीविकासँग प्रत्यक्ष सम्बन्ध भएका संरचना बदल्न सकेन । जमिनको सवाल बेलाबेलामा उठ्ने र मौकामा सेलाउने सवाल बन्यो । ठूला जलविद्युत् आयोजना तथा भारतसँगका सन्धि सम्झौतामा चर्चा सीमित रह्यो । जंगलको छलफल गर्दा बहस धेरै सामुदायिक वनको वरिपरि नै रह्यो, तर नेपालको सबैभन्दा धेरै जंगल निकुञ्ज, वन्यजन्तु तथा सिकार आरक्ष, संरक्षित क्षेत्रमा पर्दछन् । सरकारी तथ्यांकलाई आधार मान्दा पनि नेपाली भूभागको करिब १८ प्रतिशत भूभाग यी क्षेत्रले ओगट्छन् । जैविक विविधताले भरिपूर्ण, गैंडाजस्ता लोपोन्मुख जीवहरूको वासस्थान, यार्सागुम्बाजस्ता महत्त्वपूर्ण जडिबुटीहरूको उपलब्धता रहेको क्षेत्रको व्यवस्थापन कसरी गर्नुपर्छ भन्ने कुरामा एकांकी बहसमात्रै जारी छ ।

साउन महिनादेखि हालसम्म चितवन राष्ट्रिय निकुञ्जमा मात्रै १३ वटा गैंडा चोरी सिकारीबाट मारिएका कारणले सबैको ध्यान संरक्षित क्षेत्रमा खिचिएको जस्तो देखिएको छ । गैंडा जोगाउने नाममा छलफल, भेला र गोष्ठीहरू जारी छन्, तर अहिले भइरहेका छलफलहरूले पनि संरक्षित क्षेत्रका व्यवस्थापनमा प्रश्न गर्नुभन्दा पनि गैंडा केन्द्रित बहसहरू सुरु भएका छन् । ‘गैंडा जोगाउ’ अभियान एउटा छुट्टै कुरा नभएर निकुञ्जको व्यवस्थापन प्रणालीसँगै जोडिएको कुरा हो । सही व्यवस्थापन भए गैंडा जोगिन सक्छन् । व्यवस्थापनमा नै सैद्धान्तिक त्रुटि भए जति छलफल गरे पनि, जति प्रयास गरे पनि र जति पैसाको खोलो बगाए पनि गैंडा जोगिन सक्दैनन् । अहिले खासगरी बहसलाई तीन कोणबाट ल्याइएको छ । पहिलो, सशस्त्र युद्धको कारणले निकुञ्जका सुरक्षाचौकीहरू विस्थापन हुनु, दोस्रो, शिखाराम चौधरीको हत्या अभियोगमा चितवनका दुई कर्मचारीहरू थुनिनु तथा तेस्रोमा कर्मचारीको मनोबल गिर्नुलाई प्रस्तुत गरिएको छ । यी सबै तर्कहरूलाई समयले उत्तर दिइसकेको छ । सशस्त्र द्वन्द्वमा भन्दा शान्ति प्रक्रिया भएका बेला बढी गैंडा मारिनुले नै यसलाई पुष्टि गरेको छ । कर्मचारीको मनोबल घटेको कुरा तथ्यहरूले नै अस्वीकार गर्दछन् । धेरै वर्षका मुद्दालाई थाती राखेर १९ खाग तस्करीको अभियोग स्वीकार गरेका याक्चे शेर्पालाई एकाएक न्यूनतम सजायको घोषणा गरिनु मनोबल बढेको हो कि घटेको ? छुटेका तस्करहरू पुनः सक्रिय रहेका समाचार सार्वजनिक हुँदाहुँदै कर्मचारीलाई याक्चे शेर्पा किन छोड्नु पऱ्यो ? सात, आठ वर्ष मुद्दा थाती राख्ने अभ्यस्त निकुञ्ज प्रशासनले अहिले हतार हतारमा फैसला गर्ने रहर किन गऱ्यो ? यी प्रश्नहरूको उत्तर सार्वजनिक रुपमा खोजिनु अहिलेको आवश्यकता हो ।

अहिलेका गैंडा जोगाउने सम्बन्धमा भइरहेका सबै छलफलहरू चौकी पुनःस्थापना, कर्मचारीको मनोबल बढाउने, संख्या थप्ने, क्षमता अभिवृद्धि गर्नेमा केन्द्रित छन् । यो सोचले सैनिक र कर्मचारीलाई निकुञ्जको प्रमुख संरक्षणकर्ता मानेको छ । सैनिक राख्दा स्थानीय जनतालाई कस्तो अप्ठ्यारो परेको छ भन्ने बारेमा हेर्ने, सुन्ने तथा सोच्ने कुनै फुर्सद छैन । स्थानीय जनता घाँस काट्न जाँदा सैनिकबाट खाने कुटाइ, बलात्कृत हुनुपर्ने अवस्था, निकुञ्ज वरिपरिका सम्पूर्ण जनता आतंकित हुनुपरेको तथ्यलाई अहिलेको संरक्षणवादी सोचले विचार गर्नुपर्ने आवश्यकता महसुस गरेको छैन । एक अध्ययनअनुसार पश्चिम चितवनको मेघौली गाविसमा मात्रै निकुञ्जको संरक्षणमा खटाइएका सैनिकहरूबाट ३७ जना बालबालिकाहरू विनाबाबुका छोराछोरीका रुपमा जीवन बिताउन बाध्य छन् । नजिकको जंगलबाट तरकारी खानको लागि निउरो ल्याउन नदिइनु, विरामी हुँदा जडिबुटी ल्याउन नपाउनु तथा संस्कार र चलनानुसार नजिकको खोलामा माछा मार्न नपाउने व्यवस्थापन प्रणालीले के जनतालाई संरक्षणको लागि विश्वासमा लिन सक्छ ? के यस्तो व्यवस्थापनले गैंडा जोगिन सक्छ ? जनतालाई बाहिर पारेर गर्न खोजिएको संरक्षणको प्रयासले के निकुञ्ज व्यवस्थापन तथा स्थानीय जनताको बीचमा सम्बन्ध सुमधुर हुने सम्भावना छ ? अवश्य छैन । स्थानीय जनतालाई संरक्षणविरोधी तथा सैनिक र कर्मचारी प्रशासनलाई चाहिँ संरक्षणको पक्षपाती ठानिनु आफैंमा हास्यास्पद तर्क हो । अहिलेको याक्चे प्रकरणमा पनि निकुञ्जका प्रमुख संरक्षण अधिकृतले सबै काम कानुनबमोजिम नै गरेका छन्, तर कानुनले उनलाई जुन स्वविवेकीय अधिकार दिएको छ, यत्रो विघ्न अधिकार दिनु ०२९ सालको सोच अझै हावी भएको हो र यो पनि गैंडा अहिलेको अवस्थामा आउनुको एउटा प्रमुख कारण हो ।

चोरी सिकारीको अभियुक्तलाई आफैं पक्राउ गर्ने, मुद्दा दायर गर्ने, अनुसन्धान गर्ने, बयान लिने, फैसला गर्ने सबै अधिकार वार्डेनमा निहित गरिनु लोकतान्त्रिक पद्धतिको मूल मर्म शक्ति पृथकीकरणको सिद्धान्तको घोर उपहास होइन र ? तर छलफलहरू यी विषयमा आवश्यकतानुसार केन्द्रित भएका छैनन् । गैंडा जोगाउने कुरा गर्दा निकुञ्ज व्यवस्थापन प्रणालीको पुनर्संरचना कुरा नगरी सार्थक निष्कर्षमा पुग्ने सम्भावना छैन । अब पुनर्संरचनाको कुरा गर्दा स्थानीय जनतालाई निकुञ्ज तथा संरक्षित क्षेत्रबाट अलग गरेर होइन, उनीहरूको त्यससँग भएको आर्थिक तथा सांस्कृतिक सम्बन्धलाई अलग गरिनु हुँदैन । स्थानीय जनताको सर्वोच्चतालाई स्वीकार गरी अरूको भूमिका स्थानीय जनताले तोकेअनुसार हुनुपर्दछ । निकुञ्ज तथा संरक्षित क्षेत्रका प्राकृतिक स्रोतका व्यवस्थापक तथा मालिक साँचो अर्थमा जनतालाई नबनाएसम्म प्राकृतिक स्रोतको उचित व्यवस्थापन गर्ने तथा गैंडा जोगाउने कुरा केवल दिवास्वप्न मात्रै हुने कुरा हो । जनताको नेतृत्वमा सर्वपक्षीय संलग्नतामा आधारित आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक अधिकार सुनिश्चत नभएसम्म दिगो संरक्षण हुन सक्दैन । विश्वास सेना र कर्मचारीमा होइन, अब जनतामा गरिनु नै श्रेयस्कर हुनेछ । ■



समय

# बाटैमा क्वाप्क्वाप् मःम

**अचेल गायिका** एन्जिला गौचनलाई भ्याई नभ्याई छ । रिहर्सल, स्टेज सो अनि साथीभाइहरूसँगको रमाइलो जमघट । तैपनि उनी हप्तामा केही समय घुमफिरमा निकाल्छिन् । न्युरोड, वसन्तपुर अनि ठमेल । साँझ नयाँसडकतिर रौसिँदा, अरूहरू जस्तै उनको पनि पेटी नजिकैबाट आउने विभिन्न खाले परिकारको सुगन्धले मुख रसाउने गर्दछ ।

स्वादिष्ट मःम, बर्गर र पिज्जा । अहिले काठमाडौंको भित्री सहरको वातावरण साँझपख निकै रमाइलो हुन्छ । पेटीको उज्यालो बत्ती, अनि ठेलामा खोलिएको 'फास्ट फुड' पसल, भीडभाड, मान्छेहरूको लावा लस्कर । नयाँसडकको सानो ठाउँमा करिब सयवटा यस्ता पसल छन् । तैपनि सबैलाई भ्याई नभ्याई । 'हेर्नुस् न', विगत ६ महिनादेखि नयाँसडकमा मःम बेच्दा यस्तै हस्याङ फस्याङ गरिरहेको देखिने मनोज श्रेष्ठ भन्छन् ।

काठमाडौंको मुटु मानिने नयाँसडकमा साझ चारदेखि राति नौ बजेसम्म यस्तै रमाइलो दृश्य देखिन्छ, आजभोलि । कोही मोटरसाइकलबाटै अर्डर गरिरहेका छन्, कोही भने गाडीको सिसा उघारेर बाफिएको मःमको स्वाद लिइरहेका देखिन्छन् । केही वर्षअघि सीमित मात्रामा ठेलागाडामा 'फास्ट फुड' दोकान देखिने काठमाडौंमा अहिले हजारौंको संख्यामा यस्ता पसल खुलेका छन्, जसले काठमाडौंमा खानाको नयाँ संस्कार भित्र्याएको छ । युरोपेली तथा भारतीयहरूको दाँजोमा नेपालीहरू खानामा त्यति उदार मानिँदैनन् । तर, काठमाडौंमा भटाभट खुल्न थालेका यस्ता पसलहरूले घरबाहिर गएर खाजा र नास्ता खाने संस्कारको विस्तारै विकास हुँदै गइरहेको छ ।

यसले सानो पुँजीमा पनि व्यवसाय गर्न निम्न तथा मध्यवर्गीय नेपालीहरूलाई उत्प्रेरित गरिरहेको छ । यति मात्र होइन, बेरोजगार तथा अरू पेसा अँगालेका मानिसहरूलाई विस्तारै यो पेसातर्फ आकर्षित गर्दै लगिरहेको छ । 'पहिले आफूले गरेको पेसाभन्दा यो काम निकै राम्रो छ', श्रेष्ठ भन्छन् । उनी महिनाको ४ देखि १० हजारसम्म कमाइ हुने बताउँछन् । उनी जस्तै वसन्तपुरमा ठेलामा 'फास्ट फुड' चलाएर बसेकी सुनसरी निवासी सुशीला गिरी पनि यो पेसामा राम्रै आम्दानी भएको बताउँछिन् । विगत तीन वर्षदेखि नै मःम बनाउने पेसा अँगालेकी गिरीले सुरुका दिनमा सटर खोलेर पसल थापेकी थिइन् । तर, त्यसले सटरको भाडा र आफू बसेको डेराको पैसा तिर्न गाह्रो भएपछि ठेलामा पसल राख्ने निधो गरेको बताउँछिन् । 'अहिले निकै सहज भइरहेको छ । सटरको महँगो भाडा तिर्नु नपर्दा केही पैसा जम्मा गर्न भ्याएकी छु', उनी भन्छिन् । वसन्तपुरमा यस्तै व्यवसाय गरिरहेका र काठमाडौंको एउटा राम्रो कलेजमा दस जोड दुईको अध्यन गरिरहेका एक युवक आफ्नो नाम सार्वजनिक नगर्न आग्रह गर्दै भन्छन्, 'मलाई कलेज पढ्न र पकेट खर्च पुगिरहेको छ, अलिकति पैसा पनि जम्मा गरेको छु ।'

काठमाडौंमा बढिरहेको 'फास्ट फुड' संस्कृति धेरै वर्गका लागि अहिले कमाइको राम्रो विकल्प भए पनि पछिल्लो समय यसले सहरमा फोहोर निम्त्याएको गुनासो गर्छन्, बटुवाहरू । टपरी र कागजमा खानेकुरा दिने हुँदा मान्छेहरूले खाएपछि यी जुठा फोहोरहरू बाटोमा फ्याँक्ने गरेका कारण सहरमा फोहोर पनि उत्तिकै देखिन्छ । स्थानीय क्लबहरूले प्रत्येक ठेलाहरूबाट रकम उठाउने गरे पनि सरसफाइतिर उनीहरूले ध्यान नदिएको गुनासो गर्छन्, व्यापारीहरू । यसैगरी पार्किङका लागि भनेर दैनिक ५० रुपैयाँ बुझाउनु पर्ने अर्का एक व्यवसायी सगुन श्रेष्ठ बताउँछन् । महानगरपालिकाले सफाइको विषयमा त्यति चासो नदेखाएको वसन्तपुरका स्थानीय राजकुमार श्रेष्ठ बताउँछन् । नेपाल बुदोकैदो फुलकन्ट्याक संघ वसन्तपुर शाखाको सचिव रहेका राजकुमार वसन्तपुरमा ठेला पसलहरूलाई व्यवस्थित गर्न आफूहरूले काम गरेको बताउँदै भन्छन्, 'यो क्षेत्र फोर भएका कारण महानगरपालिकाले ठेलामा पसल राख्न बन्द गर्ने भनेको थियो । त्यसैले हामीले पछि यसतर्फ चाख लिएनौं ।' उनले पौष १४ र १५ गते वसन्तपुरमा भएको राष्ट्रव्यापी प्रतियोगिता आयोजना गर्दा यस्तै पसलबाट दैनिक पाँच सय रुपैयाँ उठेको र केही रकम सरसफाइमा खर्च गरेको बताए ।

■ समृद्धि प्याकुरेल/काठमाडौं



भास्वर ओझा

# सहरको सयरमा सकस

■ ज्योति देवकोटा/काठमाडौं

**राजधानीको** पछिल्लो चहलपहल रिक्सामा बसी अवलोकन गर्ने चाहने पर्यटकहरूका लागि रिक्सा मजदुरहरूले गरेको आन्दोलन अहिले बाधक बनेको छ। रिक्सा मजदुरहरूले दिनभरि पसिना चुहाएको रकममा मालिकहरूले मोजमस्ती गरेको र आफ्ना मागलाई नाजायज भन्दै पन्छाउन खोजेको आरोप लगाएर मजदुरहरू आन्दोलनमा उत्रिएपछि यो अवस्था सृजना भएको हो। मालिकहरूले आफ्ना मागहरू नसमेट्ने हो भने मुलुकभरका ५० हजार रिक्सा मजदुरहरू आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्। मजदुरहरूले भोग्दै आएको दुःख बढ्न थाल्दा पनि मालिकहरूले उनीहरूको मागलाई झन् बेवास्ता गर्न थालेपछि यो आन्दोलन अगाडि सारिएको आन्दोनकारीले बताएका छन्।

तराईको आन्दोलनले सबैको ध्यान खिचिरहेका बेला काठमाडौंका रिक्सा मजदुरहरूले गरेको यो आन्दोलनले अहिले असन, इन्द्रचोक, ठमेलजस्ता रिक्सा बजार ठप्प भएका छन्। मजदुरहरूले आफ्ना १३ सूत्रीय मागसहित आन्दोलन अगाडि सारेका छन्। रिक्सा मालिकहरूले कामदार मजदुरहरूमाथि आर्थिक शोषण गरेको भन्दै आफ्ना १३ सूत्रीय मागलाई सम्बोधन नगरे मुलुकभरका रिक्सा मजदुरहरूको संयुक्त आन्दोलन हुने चेतावनीसमेत दिएका छन्।

रिक्सा व्यवसायी संघले भने अखिल नेपाल रिक्सा मजदुर संघले दबाबमा आन्दोलन गर्न लगाएको र आफ्ना ४३ वटा रिक्साहरू संघले लगेर जबरजस्ती आन्दोलन गर्न खोजेको भन्दै मजदुरहरूका सही मागलाई आफूहरूले बेवास्ता नगरेको बताएका छन्। 'हामी मजदुरको हितको लागि उनीहरूसँग जतिखेर पनि वार्ता गर्न तयार छौं, तर यसमा राजनीतिक रुपले हस्तक्षेप गरेर नसकिने मागहरूमाथि अड्को थापेर बस्न भएन', रिक्सा व्यवसायी संघका सदस्य राजु शाही बताउँछन्।

राजधानीका रिक्सा मालिकहरूले मजदुरबाट जथाभावी पैसा उठाउने, समयसमयमा धम्क्याउने जस्ता आरोप पनि मजदुरहरूले लगाएका छन्। 'मालिकहरूले हाम्रा मागप्रति पहिले पनि वास्ता गरेका छैनन्, यसपालि पनि बेवास्ता गरे भने हाम्रो आन्दोलन रोकिँदैन', रिक्सा चालक हरि तामाङ भन्छन्।

काठमाडौंको ठमेल, असन, इन्द्रचोक, हनुमानढोका, क्षेत्रपाटीलाई रिक्सा बजार मानिन्छ। राजधानीका यी स्थानमा करिब एक हजार रिक्सा चल्ने गरेको मजदुरहरूले बताउँदै आएका छन्।

कति चल्छन् ती रिक्साहरूको पहिचान गरेर नगरपालिकाले रिक्सा नम्बर दिने व्यवस्थाको पनि हामीले रिक्सा व्यवसायी संघसमक्ष माग राखेका छौं', आन्दोलनमा उत्रिएका मजदुर तामाङ भन्छन्।

अहिले काठमाडौंका रिक्सा चालकहरूले दिनभर रिक्सा चलाएबापत मालिकलाई १ सय ५० देखि २ सयसम्म बुझाउनु पर्छ। लामो समयदेखि रिक्सा मजदुरहरूले यो रकम चर्को भएको र यसमा हेरफेर हुनुपर्ने माग राख्दै आएका थिए। 'हाम्रा मागलाई मालिकहरूले बेवास्ता गर्दै आएका कारण फेरि यो आन्दोलन अगाढि बढाएका हौं', उपाध्यक्ष महेश चौधरी बताउँछन्।

रिक्सा मालिकले रिक्साचालकहरूसँग अनियमित पैसा असुलेको भन्दै प्रतिदिनको भाडा ३० तोकिनु पर्ने, रिक्साचालकलाई अस्थायी वा स्थायी पत्र दिइनु पर्ने, निःशुल्क औषधोपचार गर्नुपर्ने, रिक्सा पार्किङको व्यवस्था गर्नु पर्ने, रिक्सा मजदुरहरूका बालबच्चालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न पर्ने जस्ता १३ सूत्रीय मागसहित रिक्सा व्यवसायी संघसमक्ष रिक्साचालकहरूले माग राखेका हुन्।

पर्यटकहरूले बढी प्रयोग गर्ने भएका कारण रिक्साचालकहरूलाई राम्रो मुनाफा हुने हुँदा दैनिक २५ रुपैयाँमा रिक्सा भाडामा दिन नसकिने रिक्साधनीहरूले बताएका छन्। 'हामी वार्तामा बस्न तयार छौं, तर उनीहरूका सबै मागप्रति हाम्रो सहमति छैन', रिक्सा व्यवसायी सघंका सदस्य राजु शाही बताउँछन्।

अहिले मुलुकभरि ५० हजार रिक्सा छन् भने सबैभन्दा बढी वीरगन्जमा सात हजार रिक्सा संचालनमा छन्। करिब डेढ लाख मजदुरहरू यसमा संलग्न छन्। 'हाम्रा मागहरू रिक्सा मालिकहरूद्वारा १५ दिनमा पूरा भएनन् भने हामी राष्ट्रव्यापी रिक्सा आन्दोलन गर्नेछौं', अहिले रिक्साचालकहरूको आन्दोलनको नेतृत्व गरिरहेका अखिल नेपाल रिक्सा मजदुर संघका केन्द्रीय उपाध्यक्ष महेश चौधरी बताउँछन्। ■

विभिन्न किसिमका ट्याक्सीका मिटर ▸




# निरन्तर ठगी

■ विनिता थापा/काठमाडौं

**ट्याक्सी चढ्ने प्राय: यात्रुहरू ठगीको सिकार हुने गरेका छन्, तर यसलाई न त यात्रुले न सम्बन्धित निकायले नै गम्भीरताका साथ लिएका छन् । ट्याक्सी चालकले विभिन्न उपाय अपनाएर भाडा बढाउने गरेको सबै निकायलाई थाहा छ, तर सम्बन्धित अधिकारीहरू कारबाहीको सट्टा यात्रुहरू नै सजग रहनुपर्ने बताउँछन् ।**



**सामान्य उपभोक्ताको** त कुरै छोडौं महानगरीय ट्राफिक प्रहरी प्रभाग थापाथलीकी ट्राफिक प्रहरी सविता बुढाथोकी पनि अनेकौंपटक ट्याक्सीको ठगीमा परेकी छन् । बुढाथोकी भन्छिन्, 'कुनै महत्त्वपूर्ण वा हतारको कामको सिलसिलामा ट्याक्सी चढ्नुपर्दा मलाई समेत कतिपटक पनि ट्याक्सीचालकहरूले ठगेका छन् ।'

राजधानीका सडकमा काम विशेषले गर्दा ट्याक्सी चढ्नैपर्ने अधिकांशको पीडासँग उक्त भनाइ मेल खान्छ । फितलो नियम, कानुन र यात्रुहरूको अनभिज्ञताका कारण ट्याक्सीचालकहरूले मिटरमा उठ्नुपर्ने मूल्यभन्दा बढी मूल्य लिइरहेका छन् । हतार भएका बेला अधिकांश व्यक्ति ट्याक्सी चढ्छन् र त्यही मौका पारेर बढी मूल्य लिन्छन् भने कतिपय यात्रु आफू ठगिएको पाउँदा पाउँदै पनि समय र काम विशेषले उजुरी गर्नतिर लाग्दैनन् । यसैकारण ठगीको यो काम दिनदिनै प्रोत्साहित भइरहेको छ ।

यस्ता ठगीमा सबैले ट्याक्सीचालकलाई नै दोष दिन्छन् । ट्याक्सीचालक गोपीबहादुर तामाङको भने आफ्नै गुनासो छ । उनी भन्छन्, 'हामी त नियमभित्र रहेरै काम गरिरहेका छौं । हामी त चालक मात्र हौं दिनभर चलाउँछौं, रात परेपछि साहुलाई जिम्मा लगाउने हौं । बेला बेला यसो ट्याक्सी साहुहरूले पनि ट्याक्सीको मिटर ठिक छ कि छैन जाँच गराउनु पर्ने हो । ट्राफिकहरूले पनि मिटर ठिक छ-छैन भनी हेर्नुपर्ने हो, तर खै त्यसरी जाँचेको गरेको थाहै छैन ।'

महानगरीय ट्राफिक प्रहरी प्रभाग थापाथलीकी प्रहरी नायब निरीक्षक इन्दिरा बस्नेतका अनुसार ट्राफिक प्रहरीहरूले समय समयमा लाइसेन्स, ब्लुबुक हेर्न साथै परिचयपत्र चेक गर्ने गरेको तर मिटर ठिक छ-छैन भनेर चेक गर्ने प्रक्रिया नभएको बताउँछन् । उनका अनुसार यस कार्यमा यात्रु स्वयं नै बढी सजग रहनुपर्ने कुरा बताउँछन् । प्रनानि इन्दिरा बस्नेत भन्छिन्, 'एकदमै कम संख्यामा मात्र यसरी ठगिएको गुनासो लिएर आउँछन् ।' उनका अनुसार यदि त्यस्तो उजुरी आएको खण्डमा महानगरीय ट्राफिक कार्यालय रामशाहपथमा जानकारी गराउँदै सजाय दिलाउने कार्य भने नेपाल गुणस्तर तथा नापतौल विभागले गर्छ ।

आक्कलझुक्कल काम विशेषले मात्र ट्याक्सी चढ्ने बुद्धनगर निवासी विमल सिंहका अनुसार आफू पनि बेला बेला बढी तिर्नुपर्ने मारमा परेको कुरा बताउँछन् । सबै यात्रु विमलजस्ता पनि छैनन् । कुपन्डोल निवासी लता सुब्बाले काम विशेषले ट्याक्सी चढ्दा ठगिएको थाहा पाएर नजिकै रहेको ट्राफिक प्रहरीमा खबर गरिन् । उनी भन्छिन्, 'त्यसपछि मैले नियमानुसारको सजाय दिलाउन सकैं ।'

नेपाल गुणस्तर तथा नापतौल विभागमा कार्यरत एकाइ प्रमुख राकेशकुमार झाका अनुसार प्रत्येक ट्याक्सीमा सरकारद्वारा तोकिएको भाडादर परिवर्तन गर्न नसकिने गरी सिल छाप लगाइएको हुन्छ । यसका अतिरिक्त व्यवसायीहरूले आ-आफ्नो ट्याक्सी मिटरलाई सम्बन्धित नापतौल कार्यालयमा दर्ता गरी अनुमति लिएर मात्र चलाउन पाउँछन् ।

प्रत्येक वर्ष जाँच गरी नवीकरण गर्नुपर्ने प्रावधान रहेको एकाइ प्रमुख राकेशकुमार झा जानकारी गराउँछन् । झाका अनुसार ट्याक्सी चालकहरूमध्ये कसैले सिल बिगारी कार्यालयले तोकिएको पल्स प्रोगाम परिवर्तन गरी यात्रुलाई ठग्छन् भने कसैले बाहिरबाटै तारहरू जोडेर अर्थिङ गरी उठ्नुपर्ने भाडा बढाउने गरेका छन् । यसैगरी केहीले चाहिँ गियर बक्समा नक्कली दाँती राखी ठगीको काम गर्ने गरेका छन् । नेपाल गुणस्तर तथा नापतौल विभागको नियमानुसार यस्ता नियमविपरीत काम गर्नेहरूलाई ५ सयदेखि २ हजारसम्मको जरिवाना, जफत तथा रोक्का गर्न पाउने प्रावधान रहेको छ ।

यसो हेर्दा यो ठगीलाई निरुत्साहित पार्नको लागि सरकारी पक्षबाट कडा कारबाही व्यवस्था हुनुपर्छ भने ट्राफिक प्रहरीबाट पनि बेलाबेलामा मिटर बिग्रेको, चोरी भएको वा ठिक छ-छैन भनेर परीक्षण गरेमा यात्रुले बढी मूल्य तिर्नुपर्ने अवस्था पक्कै पनि आउनेछैन । ■



गंगाप्रसाद दाहाला

# खै क्षतिपूर्ति ?

संसदीय समितिले सिफारिस गर्दा बेलबारी घटनाका पीडितहरूलाई क्षतिपूर्ति पाउने र नयाँ ढंगबाट जिन्दगी सुरु गर्ने आशा पलाएको थियो, तर संसदीय समितिको सिफारिस अहिलेसम्म कागजमै थन्किएको छ। घटना भएको ९ महिना बित्दा पनि सरकारले न त संसदीय समितिको सिफारिसबमोजिम क्षतिपूर्ति दिएको छ न दिन सक्दिनँ नै भनेको छ।

■ ओमआस्था राई/बेलबारी (मोरङ)



सपना गुरुङका छोराछोरी

गोपालचन्द्र गौतम



रणबहादुर श्रेष्ठ



टेकबहादुर गुरुङ



**बायाँ खुट्टा खुम्चिँदैन,** न राम्ररी तन्किन्छ । उठ्न-बस्न मुस्किल पर्छ । तर, बैसाखीविना हिँडडुल गर्न नसक्ने ३६ वर्षीय टंकबहादुर गुरुङको नियति कस्तो छ भने उनी आफैं बैसाखी हुन्, आफ्नो परिवारको लागि । अरू काम गर्न नसक्ने भएपछि टंकबहादुर परिवार पाल्न जाँडरक्सी बनाउन थालेका छन् । 'एकातिर बैसाखीबेगर हिँड्न सक्दिनँ', उनी भन्छन्, 'अर्कोतिर आफैं परिवारको सहारा पनि बन्नुपरेको छ ।'

मोरङको बेलबारी-२ मा चियापसल चलाउँदै आएकी २३ वर्षीया सपना गुरुङको हत्याको विरोधमा गत वैशाख १३ गते सडकमा नारा लाइरहेका प्रदर्शनकारीमाथि सेनाले अन्धाधुन्ध गोली चलाउँदा ३६ वर्षीय टंकबहादुर घाइते भएका थिए । बेलबारीस्थित राष्ट्रिय वाणिज्य बैंकको छतमा बसेका सैनिकले चलाएको एउटा गोलीले उनको बायाँ घुँडाको पांग्रा खुस्काइदिएको थियो । अर्को गोलीले दायाँ तिघ्रा छेडेको थियो ।

टंकबहादुरजस्ता बेलबारी घटनाको चोट लिएर बाँच्ने घाइतेहरू थुप्रै छन् । त्यति बेला सेनाले प्रदर्शनकारीमाथि चलाएको गोलीबाट ६ जनाको मृत्यु भएको थियो । यसैगरी ३६ जना घाइते भएका थिए । घटनाको छानबिनका लागि गठित समितिले घाइतेमध्ये दसजनालाई गम्भीर भनेको छ । सांसद परी थापाको संयोजकत्वमा गठित समितिले सपना गुरुङसहित ७ मृतकका परिवारलाई १० लाख र गम्भीर घाइतेलाई ६ लाखका दरले क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग सिफारिस गरेको छ ।

संसदीय समितिले सिफारिस गर्दा बेलबारी घटनाका पीडितहरूलाई क्षतिपूर्ति पाउने र नयाँ ढंगबाट जिन्दगी सुरु गर्ने आशा पलाएको थियो, तर संसदीय समितिको सिफारिस अहिलेसम्म कागजमै थन्किएको छ । घटना भएको ९ महिना बित्दा पनि सरकारले न त संसदीय समितिको सिफारिसबमोजिम क्षतिपूर्ति दिएको छ न दिन सक्दिनँ नै भनेको छ । संसदीय समितिको सिफारिसप्रति सरकारी मौनता जति लम्बिँदै छ, पीडितहरू उति नै अन्योलमा पर्दै छन् ।

'कि क्षतिपूर्ति दिने आशा नदेखाउनू, देखाएपछि दिनू', अर्का घाइते ४८ वर्षीय रणबहादुर श्रेष्ठ भन्छन्, 'हामी त आज दिन्छ कि भन्छौं, भोलि दिन्छ कि भन्छौं, कहिल्यै दिँदैन ।' आफैं संसदीय समिति गठन गर्ने र त्यसको सिफारिस सिरानीमुनि थन्क्याएर सुत्ने सरकारी चाला देखेर आफू दिक्क भइसकेको रणबहादुर बताउँछन् । सुन्दरपुर-१, गोठगाउँ निवासी रणबहादुरको कम्मरमुन्तिरको भागमा लागेको गोली दायाँ तिघ्रा छेडेर अगाडि निक्लिएको थियो । दुई महिनासम्म अस्पतालमा उपचार गराएर घर फर्किंदा पनि उनी अझै खुट्टा राम्ररी टेक्न सक्दैनन् । दिशापिसाब गर्न जाँदा पनि बैसाखी चाहिन्छ ।

मोरङको बुद्धीखोलामा राखिएको ढाटमा ढिकासी कर उठाउने काम गर्दै आएका रणबहादुर २१ वर्षीय छोरा निरोज घरव्यवहार सम्हाल्न तयार नहुँदै आफू अपाङ्ग हुनुपरेकोमा खिन्न छन् । 'गाडी किन्दा बैंकबाट लिएको ऋण तिर्न सकेको छुइनँ, गाडी भने थोत्रिएर काम नलाग्ने भइसक्यो', उनी भन्छन्, 'यस्तो अवस्थामा कमाउन नसक्ने भएँ, क्षतिपूर्तिको पैसाले पसल खोलेर घरव्यवहार चलाऊँ भन्दै छु, पाउँछु कि पाउँदिनँ, टुंगो छैन ।'

रणबहादुरजस्तै सबै घाइतेसँग आ-आफ्नै चिन्ता छ, तर उनीहरूमध्ये कसैको चिन्ता घरव्यवहार धान्नेभन्दा परतिर छैन । बेलबारी-४, लालभित्तीका ५२ वर्षीय गणेशप्रसाद दाहाल भन्छन्, 'कमाउने कोही छैन, योभन्दा बिजोग के हुँदो रहेछ र ?' उनी दिनरात ओछ्यानमै सुतिरहेका हुन्छन् । टाँडे घरको भऱ्याङ उक्लिन घस्रिनुपर्छ । गणेशप्रसादलाई डाक्टरले फेरि खुट्टाको शल्यक्रिया गर्नुपर्ने सल्लाह दिएका छन् । 'फेरि शल्यक्रिया गर्नुपर्ने हो भने कहाँबाट पैसा ल्याउने ?', उनी उत्तर भेट्दैनन् ।

गणेशप्रसादलाई चारवटा गोली लागेको थियो । अन्धाधुन्ध गोली चल्न थालेपछि अरूसँगै उनी पनि भागेका थिए । तर, उनी गोलीभन्दा वेगवान् हुन सकेनन् । सपना गुरुङलाई बलात्कार गरेपछि गोली हानेर मारिएको भन्दै त्यसको विरोधमा एक भएर सडकमा उत्रिन आह्वान गर्दै माइकिङ गरिएपछि गणेशप्रसादले पनि मन थाम्न सकेनन् । उनी सयौं प्रदर्शनकारीको हुलमा मिसिए, तर उनले त्यसको ठूलो मूल्य चुकाउनुपऱ्यो ।

लालभित्तीकै ३८ वर्षीय गोपालचन्द्र गौतमको व्यथा झन् चर्को छ । झट्ट हेर्दा उनी सद्दे देखिन्छन्, तर बेलबारी घटनाले सबैभन्दा बढी चोट कसैलाई पुऱ्याएको छ भने उनैलाई । उनको बाँया गालामा लागेको गोलीले कान नै चुँडाएको थियो । शल्यक्रियाको क्रममा उनको बाँया कानको प्वाल नै टालिए । उनको बायाँ कानले सुन्न छोडेको छ ।

'म त हैरान् भइसकेँ', गोपालचन्द्र भन्छन्, 'बायाँ कानभित्र चौबीसै घन्टा जेट विमान उडेजस्तो, कसैले ठूलो स्वरमा गाना गाएजस्तो आवाज गुन्जिन्छ, रातभरि निदाउन सक्दिनँ ।' निद्रा परोस् भनेर उनी रक्सी खान थालेका छन् । रक्तचापले उनी कतिपटक हिँड्डा हिँड्दै भक्क भुइँमा ढलिसके । बायाँ आँखा कहिल्यै चिम्म हुँदैन, जहिल्यै गुच्चाजस्तै टिलीली टल्किरहन्छ । 'आँखा थाकिसक्यो', उनी भन्छन् ।

उता, सपना गुरुङको परिवारलाई पनि क्षतिपूर्ति दिइएको छैन । अहिलेसम्म सातजना मृतकका परिवारलाई राहतस्वरुप ६०-६० हजार रुपैयाँमात्रै दिइएको छ । सपना हत्याविरुद्धको प्रदर्शनमा चलेको गोली लागी खिने दर्जी भनिने छत्रबहादुर परियार, टेकेन्द्र चौधरी, सुनिता ऋषिदेव, प्रशान्त गुरुङ, फुर्वा शेर्पा र प्रभुनाथ भट्टराईको मृत्यु भएको थियो । 'मर्नेमध्ये कति घरको एकमात्र कमाउने मान्छे थिए, तिनको परिवारको बिचल्ली भएको छ', स्थानीय एमाले नेता इरान राई भन्छन् ।

त्यस्तै, गम्भीर घाइतेलाई ७० हजारका दरले राहत दिइएको छ । तिनको उपचारचाहिँ निःशुल्क गरिएको थियो । संसदीय समितिले अन्य २६ जना सामान्य घाइतेलाई पनि तिनको अवस्था हेरी क्षतिपूर्ति प्रदान गर्न गरेको सिफारिस पनि कागजमै थन्किएको छ ।

## संघर्षको तयारी

बेलबारी घटनामा मारिने, घाइते हुनेका परिवारहरू न्यायका लागि यही माघ २० गतेदेखि सडक संघर्षमा उत्रिने तयारी गर्दै छन् । संसदीय समिति र सेनाको इटहरीस्थित पूर्वी पृतना मुख्यालयद्वारा पवन पाण्डेको संयोजकत्वमा गठित छानबिन समितिले निष्कर्ष सार्वजनिक गरिसक्दा पनि सरकारले क्षतिपूर्ति दिने-नदिने कुनै टुंगो नलाएकोले सडक संघर्षको विकल्प नरहेको उनीहरू बताउँछन् ।

'ताप्लेजुङको घुन्सामा हेलिकोप्टर दुर्घटना हुँदा मर्नेका परिवारलाई सरकारले तुरुन्तै क्षतिपूर्ति दियो', घाइते रणबहादुर श्रेष्ठ भन्छन्, 'हामीलाई भने अलमल्याइरहेको छ, किनभने हामी गरिब, गाउँले र निमुखा पऱ्यौं ।' तराईमा हिंसा भड्किएका बेला आफूहरूले पनि सडक संघर्ष सुरु गर्दा थप अराजकता पैदा हुने भएकाले सरकारले तत्काल बेलबारी घटना पीडितहरूको समस्यालाई सम्बोधन गर्नुपर्ने उनको भनाइ छ । ■

# पुष्कर शाहलाई किस्टको सहयोग




**किस्ट मर्चेन्ट** एन्ड फाइनान्सले विश्व साइकलयात्री पुष्कर शाहलाई बाँकी पचास मुलुकको साइकल यात्राका लागि खानपिन र विमाका लागि आठ लाख रुपैयाँभन्दा बढीको आर्थिक सहयोग उपलब्ध गराउने भएको छ।

यसै साता आयोजित पत्रकार सम्मेलनमा उनलाई सद्भावना दूत नियुक्त गरिएको जानकारी फाइनान्सले दिएको छ। उनी थप मुलुकको भ्रमाणको लागि अफ्रिका प्रस्थान गर्नेछन् भने भ्रमणको क्रममा उनले उक्त फाइनान्समार्फत रेमिट्यान्स पठाउन नेपालीलाई आग्रह गर्नेछन्। विश्वमा शान्तिको सन्देश लिएर शाहले एक सयभन्दा बढी मुलुकको भ्रमण गरिसकेका छन्।




# देउराली-जनताको प्रतिबद्धता

**नेपालको औषधी** उत्पादनमा अग्रणी स्थान ओगट्न सफल देउराली-जनता फर्मास्युटिकल्स प्रालिको सोह्रौं वार्षिकोत्सव यसै साता सम्पन्न भएको छ। उक्त अवसरमा बोल्दै पूर्व अर्थसचिव रामविनोद भट्टराईले सरकारले स्वदेशी औषधी कम्पनीको विकासमा सरकारले थप ध्यान दिनु जरुरी रहेको बताएका छन्। गुणस्तरीय औषधी उत्पादनमा नेपाली औषधी कम्पनीहरूले विशेष ध्यान दिनु पर्ने आवश्यकता औंल्याउँदै उनले देउराली-जनता फर्मास्युटिकल्सले यस क्षेत्रमा पाएको सफलताको सह्राना पनि गरेका छन्।

समारोहमा बोल्दै कम्पनीका कार्यकारी हरिभक्त शर्माले कम्पनीले औषधीको गुणस्तरलाई प्राथमिकता दिँदै आएको बताउँदै भविष्यमा थप गुणस्तरीय उत्पादन गर्दै जाने प्रतिबद्धता व्यक्त गरेका छन्। देउराली-जनता फर्मास्युटिकल्स प्रालि नेपालमा अन्तर्राष्ट्रिय प्रविधिको आयात गरी औषधी उत्पादन गर्ने पहिलो कम्पनी हो। यस कम्पनीले गुणस्तरीय उत्पादनका कारण आइएसओ १४००१, आइएसओ ९००१ र डब्लुएचओ जिएमपी प्रमाणपत्र हासिल गर्न सफल भएको छ।

# छाला उत्पादन प्रदर्शनी

नेपालका छाला जुत्ता तथा वस्तुको प्रदर्शनी यसै साता राजधानीमा सम्पन्न भएको छ। प्रदर्शनीमा नेपालमा छाला जुत्ता तथा वस्तुको उत्पादनमा संलग्न ३० वटा कम्पनीहरूको सहभागिता रहेको थियो। आयोजकहरूमा अनुसार प्रदर्शनीमा दर्शकको उत्साहजनक सहभागिता रहेको थियो। नेपाली बजारको कुल मागमध्ये हाल नेपाली उत्पादनले ३५ प्रतिशत आपूर्ति गर्दै आएको छ भने प्रतिवर्ष २० प्रतिशतका दरले आपूर्ति बढ्दै गएको बताइएको छ।

# एभरेष्ट इन्स्योरेन्सको साधारणसभा

एभरेष्ट इन्स्योरेन्स कम्पनीको बाह्रौं साधारणसभा यसै साता सम्पन्न भएको छ। उक्त अवसरमा दिइएको जानकारीअनुसार कम्पनीले गत आर्थिक वर्षमा २२ करोड २९ लाख ७५ हजार रुपैयाँ विमा शुल्क संकलन गरेको छ, जुन गत वर्षको तुलनामा करिब आठ प्रतिशतले बढी हो। कम्पनीले आगामी वर्षसम्म चुक्ता पुँजी १० करोड रुपैयाँ पुऱ्याउने लक्ष्य राखेको छ।

# एभरेष्ट बैंकलाई सरकारी कारोवारको स्वीकृति

यसै वर्ष बैंक अफ दि एयरको उपाधि हासिल गर्न सफल एभरेष्ट बैंक लिमिटेडले सरकारी वित्तीय कारोवारका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरेको छ। राष्ट्र बैंक र एभरेष्ट बैंकबीच यसै साता सम्पन्न एक सम्झौताअनुसार एभरेष्ट बैंकले राजधानीमा राजस्व संकलन कार्य गर्नेछ। सरकारी कारोवारमा वाणिज्य बैंकहरूलाई सहभागी बनाउँदै जाने नीतिअनुसार एभरेष्ट बैंकलाई स्वीकृति दिइएको राष्ट्र बैंकले जनाएको छ। सम्झौताअनुसार अब राजधानीका करदाताहरूले आफ्नो पायकअनुसार रहेका शाखाहरूमार्फत कर बुझाउन पाउनेछन्।

# विज्ञान र वैकल्पिक चिकित्सा

■ डा. खगेन्द्र दाहाल

भारतको एक अदालतले योगगुरु स्वामी रामदेवलाई योग मात्र सिकाउन र कुनै प्रकारको चिकित्सासम्बन्धी उपचार नगर्न निर्देशन दिएको छ। स्वामी रामदेवले योग सिकाउने अलावा विभिन्न रोगको उपचार गर्ने क्रममा विरामीहरूको स्वास्थ्यमा समस्या उत्पन्न हुने र कसैको त मृत्यु पनि हुन थालेपछि अदालतले त्यस्तो आदेश दिएको हो। विगत केही समयमा उनको उपचारले मृत्यु हुनेमा उच्च रक्तचाप, मुटुका रोगी इत्यादि पर्छन्।

नेपालकै घटना, जडिबुटीबाट उपचार गराइरहेका एक १४ वर्षीय बालकलाई बेहोस भएपछि अस्पताल भर्ना गर्नुपरेको थियो। सानैदेखि चिनी रोगले चापेको उनलाई चिकित्सकहरूले सानैदेखि 'इन्सुलिन'को सुई लगाउन सम्झाएका थिए। तर आफन्तको सल्लाहले परम्परागत जडिबुटीको भरपर्दा शरीरमा चिनीको मात्रा अनियन्त्रित भएर झन्डै मृत्युको मुखमा पर्नुपर्‍यो।

कुनै अध्ययन नभए पनि नेपालमा धेरैजसो जनसंख्याले कुनै न कुनै प्रकारको परम्परागत वा वैकल्पिक चिकित्सा लिइरहेको हुन्छ। पछिल्ला केही दशकमा 'एलोपेथी' भनिने चिकित्सा प्रणालीको प्रयोग बढ्दै गए पनि परम्परागत तथा वैकल्पिक चिकित्सामा भर पर्नुपर्नेको संख्या धेरै छ। अझ केही विरामी त आधुनिक चिकित्साले काम नगरेपछि वैकल्पिक तथा परम्परागत चिकित्साका पछि लाग्छन्।

## के हो वैकल्पिक चिकित्सा ?

'एलोपेथी' भनिने आधुनिक चिकित्सा प्रणाली बाहेकका आयुर्वेद, अक्युपन्चर, होमियोपेथीदेखि लिएर रेकी, योग, ध्यान, प्राकृतिक उपचार इत्यादि सबैलाई परम्परागत तथा वैकल्पिक चिकित्सकको समूहमा राखिन्छ। यसबाहेक चुम्बक, ध्वनि, सुगन्ध इत्यादि प्रयोग गरिने उपचार विधि पनि यसै समूहमा पर्दछन्। यसमध्ये कतिपयलाई आधुनिक चिकित्सा पद्धतिको विकल्पको रुपमा प्रयोग गरिन्छ भने अन्यलाई आधुनिक चिकित्सासँगै प्रयोग गरिन्छ।

विगतका केही वर्षहरूमा नेपालमा मात्र नभएर विकसित मुलुकहरूमा समेत यसको प्रयोग बढ्न थालेको छ।

## सुरक्षा र गुणस्तरको प्रश्न

विकसित मुलुकमा यसको प्रयोगकर्ता बढेपछि त्यहाँका नागरिकहरूमा यो चिकित्साको गुणस्तरको बारेमा चासो बढ्दै गएको छ।

आम मानिसमा वैकल्पिक चिकित्सा पूर्णरुपमा सुरक्षित छ भन्ने धारणा छ। यसको जथाभावी प्रयोगले विरामीको स्वास्थ्यमा गलत असर गर्ने मात्रै नभएर विरामीको मृत्यु पनि हुनसक्छ। प्राकृतिक स्रोतबाट गरिने उपचार 'हानिरहित' हुने पर्ने हो, तर प्रकृतिमा हानिकारक विषालु तत्त्वहरू पनि नहुने होइन। त्यस्तै कतिपय जडिबुटी त एकदमै हानिकारक हुन्छन्।

सुरक्षाको प्रश्न एकातिर छ भने गुणस्तरको प्रश्न अझै महत्त्वपूर्ण छ। हरेक नाम दिएर सुरु गरिएका उपचार संस्थाहरूको गुणस्तर निर्धारण गर्ने कुनै पहल छैन, न ती उपचार पद्धतिहरू साँच्चिकै सम्बन्धित रोगको लागि उपयुक्त छन् भन्ने प्रमाणित हुन्छन्। अझ कतिपय उपचार पद्धतिले काम गर्ने प्रक्रिया पनि वैज्ञानिक छैन, त्यसैले रेकीजस्ता चिकित्सा पद्धति विज्ञान नभएर विश्वास मात्र बन्न पुगेका छन्। त्यसबाहेक उपचारको बारेमा प्रयोग गरिने 'हरेक रोगको उपचार हुने' सर्वश्रेष्ठ अविश्वसनीय फर्मुला ग्यारेन्टीका साथ उपचार गरिने इत्यादि विशेषणले यी सबै झूटा हुन्छन् भनेर अनुमान लगाउन सकिन्छ।

## गुणस्तरीय सेवा कसरी पाउने ?

आफूलाई जे रोग वा समस्याले सताएको भए पनि सर्वप्रथम एलोपेथी चिकित्सककहाँ सम्पर्क राख्नु नै सबैभन्दा राम्रो हुन्छ। त्यसबाट रोगको बारेमा राम्रो अध्ययन हुन्छ। विभिन्न परीक्षण गरेपछि रोग के कस्तो हो र कुन चरणमा छ अहिले भन्ने थाहा पाइन्छ। एउटा जानकार विरामीले निर्धक्क आफ्नो रोग के कस्तो हो, त्यसको उपचार कसरी गरिन्छ, उपचारपछि निको हुने सम्भावना कत्तिको छ भनेर बुझ्नुपर्छ। त्यस्तै 'एलोपेथी' उपचारबाट के के ठिक हुन्छ र के चाहिँ हुँदैन भनेर खुलस्त सोध्नुपर्छ। एउटा असल चिकित्सकले यी प्रश्नहरूको उत्तर दिन अप्ठ्यारो मान्दैन।

कुनै वैकल्पिक चिकित्साको बारेमा सोचिरहनु भएको छ भने आफ्नो चिकित्सकलाई कुन चाहिँ राम्रो होला भनेर सोध्नुपर्छ।

कुनै वैकल्पिक चिकित्सा केन्द्रको सम्पर्कमा हुनुहुन्छ भने त्यो कस्तो चिकित्सा पद्धति हो, कसरी काम गर्छ, चिकित्सकहरूले कुन विषयमा कति अध्ययन गरेको हो भन्ने बुझ्नुपर्छ। केही कुरा नबुझी यत्तिकै हाम फाल्नु हुँदैन, यसले स्वास्थ्यमा मात्रै असर गर्ने नभएर पैसाको पनि नाश हुन्छ।

सबैभन्दा महत्त्वपूर्ण कुराचाहिँ त्यसले साँच्चिकै काम गर्छ कि गर्दैन भन्ने नै हो। यसका लागि चिकित्सकहरूले देखाउने १-२ वटा उदाहरणको पछि नलाग्नुहोस्। कुनै अध्ययन-अनुसन्धान भएको छ कि छैन भनी सोध्नुहोस्। तपाईंको छिमेकीलाई वा तपाईंको काकीलाई ठिक भयो भन्दैमा तपाईंलाई त्यसले ठिक गर्छ भन्ने छैन।

एक प्रकारको उपचार सुरु गरेपछि त्यसले पूर्ण रुपमा ठिक गर्छ भन्ने नभएसम्म पहिले गरिराखेको उपचार त्यत्तिकै बन्द गर्नु खतरनाक हुनसक्छ। त्यस्तै एक प्रकारको औषधीले भएन भनेर पटक पटक उपचार र चिकित्सक फेरी राख्नु पनि राम्रो कुरा होइन।

## आधुनिक र वैकल्पिक चिकित्सा

रोग पत्ता लगाउन गरिने विभिन्न जाँचहरू, औषधी उपचार इत्यादिमा एलोपेथीले छलाङ नै मारेको छ। रोगको सही निदानका लागि तथा रोगको सही चुस्त उपचार एलोपेथी बाहेक अरूबाट सम्भव छैन। यसो भन्दैमा सबै रोग तथा समस्याको समाधान पत्ता लागिसक्यो भन्ने होइन। अझ पनि यस्ता कतिपय क्षेत्र छन्, जहाँ एलोपेथी निरीह सावित हुन्छ।

आयुर्वेद, होमियोपेथी तथा चिनियाँ पद्धति स्वतन्त्र रुपमा विकसित भएका चिकित्सा पद्धति हुन्। तिनीहरूको प्रमुख समस्या भनेको वैज्ञानिक अनुसन्धानको अभाव हो। आधुनिक चिकित्सा विज्ञानमा प्रत्येक दिन हजारौंको संख्यामा अनुसन्धान भइरहेका हुन्छन्। कुनै एउटा औषधी कति काम गर्छ पत्ता लगाउन सो औषधी हजारौं विरामीमा परीक्षण गरिसकेपछि मात्रै बिक्री वितरणका लागि बजारमा आउँछ। हजारौं विरामीमध्ये कतिमा काम गर्‍यो, कतिलाई नराम्रो असर गर्‍यो, कतिको लक्षण झनै बिग्यो र कतिको मृत्यु भयो इत्यादि सबै विश्लेषण गरेपछि मात्रै कुनै औषधी वा उपचार पद्धतिबारे थाहा हुन्छ। वैकल्पिक चिकित्सा पद्धतिको अनुसन्धानको लागि आवश्यक पर्ने ठूलो रकम जोहो हुन नसक्दा यी पद्धतिको वैज्ञानिकतामा प्रश्न उठ्ने गरेको छ।

## वैकल्पिक उपचारमा ठगी

निश्चित रुपमा वैकल्पिक उपचार प्रदान गर्ने केही व्यक्तिहरू साँच्चिकै अध्ययन गरेर आएका छन्। यस्ता व्यक्तिबाट उचित उपचार पाइन्छ, तर यस्ता उपचार दिने कतिपय संघसंस्थामा ठगको बिगबिगी पनि उत्तिकै छ। अप्रेसन नगरी ठिक नहुने हाइड्रोसिल, पत्थरी, हर्निया इत्यादि रोगको उपचार अप्रेसनविना गर्छु भनेर दाबी गरेबाटै यिनीहरू ठग हुन् भन्ने थाहा हुन्छ।

त्यस्तै उचाइ बढाउने, यौन दुर्बलता ठिक पार्ने इत्यादि विज्ञापनले त मानिसमा भ्रम फैलाउनेबाहेक केही पनि गर्दैन। त्यसैले यस्ता उपचार गर्ने व्यक्ति तथा संस्थाहरूबाट सही उपचार पाउन उपभोक्ता आफैं चनाखो हुनुपर्ने देखिन्छ। नत्र त्यसले स्वास्थ्यमा नकारात्मक असर पर्ने मात्रै नभएर पैसा पनि उत्तिकै नाश हुन्छ। ■

# रहस्यमय सहभागिता


■ **नवीन अर्याल/काठमाडौं**

राष्ट्रलाई नै गुमराहमा राखेर अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा खेलाडीहरू सहभागी गराइएको घटना नेपालमा पुरानो भइसकेको छ। यो प्रचलनले यस वर्ष पनि निरन्तरता पाएको छ। यसै सातादेखि चीनको चाङचुङमा आयोजना भइरहेको छैटौं शीतकालीन एसियन गेममा कुनै छनोट र जानकारीविना नै दुई नेपाली खेलाडी सहभागी भएका छन्।

माघ १२ गतेदेखि सुरु भएको शीतकालीन एसियन गेममा २६ देशका ७ सय ७७ खेलाडीहरूले दसवटा इभेन्टमा भाग लिएका छन्, जसमा नेपालबाट अल्पाइनतर्फको प्रतिस्पर्धामा प्रमोद लामाले भाग लिएका छन् भने क्रस कन्ट्रीतर्फ ताकछिरी शेर्पा सहभागी छन्। यी खेलाडी विदेशमा बस्दै आइरहेका छन्। प्रतियोगितामा भाग लिन यी खेलाडी सीधै आफूहरू बसेको देशबाट चीन पुगेका छन्। यी खेलाडीलाई एसियन गेममा सहभागी गराउने सम्बन्धमा नेपाल ओलम्पिक कमिटी र राष्ट्रिय खेलकुद परिषद् दुवैले मुलुकमा कसैलाई पत्तो नदिईकन गुपचुप ढंगले सहभागी गराएका छन्। 'एसियाडमा मुलुकको प्रतिनिधित्व गर्ने खेलाडीलाई पाकेटमार शैलीमा सहभागी गराइएको छ, त्यो निकै आपत्तिजनक कुरा हो', राखेपका सदस्य पुरेन्द्रविक्रम लाखेले *समय*लाई प्रतिक्रिया दिए। उनले एसियाडजस्तो ठूलो प्रतियोगितामा भाग लिन जाने खेलाडीहरूको विषयमा राष्ट्रलाई नै जानकारी नभएको बताउँदै खेलाडी छनोटको विषयलाई लिएर आपत्ति जनाए। 'जो अगुवा उसैले बाटो बिराएपछि के गर्ने। अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिँदा खेलाडी छनोट हुने सामान्य प्रक्रिया हुन्छ। अहिले भाग लिइरहेका खेलाडी को हुन्? त्यो देशमा खेलकुद चलाउने निकायलाई नै थाहा छैन', उनले भने।

नेपाल ओलम्पिक कमिटीका एक सदस्यका अनुसार क्रसकन्ट्री प्रतिस्पर्धामा भाग लिइरहेका ताकछिरी शेर्पा पेसाले 'ट्रेकर' हुन्। शेर्पा ६ वर्षअघि स्विजरल्यान्ड गएका थिए। उनले स्विजरल्यान्डमै 'स्की' सिकेको र चार वर्षअघि सन् २००२ मा जापानको ओमारीमा पाँचौं शीतकालीन एसियन गेम हुँदा पनि नेपालको प्रतिनिधित्व गरेका थिए। शेर्पाले गत वर्ष टुरिनमा आयोजना भएको शीतकालीन ओलिम्पिकमा पनि भाग लिएका थिए। 'त्यति बेला पनि उनी स्विजरल्यान्डबाट सीधै प्रतियोगिता खेल्न गएका थिए', नाम खुलाउन नचाहने ओलम्पिक कमिटीका ती सदस्यले भने। शेर्पा पुरुषतर्फको 'स्प्रिन्ट फ्री' स्पर्धामा सबैभन्दा अन्तिम छब्बीसौं स्थान ओगट्दै बाहिरिसकेका छन्।

अल्पाइनतर्फ भाग लिइरहेका प्रमोद लामा अमेरिकामा पढ्दै छन्। उनले पनि चार वर्षअघि जापानको ओमारीमा भएको पाँचौं शीतकालीन एसियन गेममा भाग लिएका थिए। उनी त्यति बेला पनि अमेरिकाबाट भाग लिन सोझै जापान पुगेका थिए। नेपालले शीतकालीन प्रतियोगिताहरूमा भाग लिन थालेको करिब एक दशक भए पनि यस्ता प्रतियोगिताहरूको बारेमा सम्बन्धित निकायहरूले सूचनाहरू गोप्य राख्दै आइरहेको छ। अमेरिकाको एटलान्टामा आयोजना भएको शीतकालीन ओलम्पिकदेखि नेपाल सहभागी हुँदै आइरहेको छ। यस्ता प्रतियोगिताहरूमा विदेशमै बस्दै आइरहेका नेपालीहरूलाई नेपाल ओलम्पिक कमिटीले खेलाडीको रुपमा रहस्यमय ढंगले सहभागी गराउँदै आइरहेको छ। एटलान्टा ओलम्पिकमा इङल्यान्डबाट भाग लिन अमेरिका पुगेका स्की खेलाडी जयराम खड्काले तीन वर्षअघि काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै नेपाल ओलम्पिक कमिटीले आफ्नो श्रम शोषण गरेको आरोप लगाएका थिए। नेपालमा हालसम्म स्कीले खेलको रुपमा पूर्णता पाइसकेको छैन। विदेशी पर्यटकहरूले महँगो सोखको रुपमा नेपालका केही हिमाली भेगमा स्की खेले पनि यो खेल अहिलेसम्म नेपालीहरूका लागि नौलो खेलको रुपमा परिचित छ। नेपालमा अहिलेसम्म यो खेलको एउटा पनि प्रतियोगिता आयोजना भएको छैन। देशभित्र शून्य गतिविधि हुँदाहुँदै पनि राष्ट्रिय र अन्तर्राष्ट्रियमान्यताको आधारमा यो खेलको दुईवटा संघ देशभित्र विद्यमान छ। नेपाल ओलम्पिक कमिटीका अध्यक्ष रुक्मशम्शेर राणा अन्तर्राष्ट्रियमान्यता प्राप्त संघका अध्यक्ष हुन् भने केही महिनाअघि राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठले आफ्नो अध्यक्षतामा स्की संघ परिषद्मा दर्ता गराएका थिए। देशभित्र शून्य गतिविधि भएको संघमा नेपाली खेलकुदका दुई शक्तिशाली पदाधिकारीहरूले आँखा गाड्नुलाई खेलविज्ञहरूले रहस्य मानेका छन्। शनिवार सम्पन्न हुने यो प्रतियोगितामा भाग लिन सदस्य-सचिव श्रेष्ठ माघ १० गतेदेखि नै चाङचुङमा छन्। नेपाल ओलम्पिक कमिटीका अध्यक्ष रुक्मशम्शेर राणा, नेपाल ओलम्पिक कमिटीका महासचिव ध्रुवबहादुर प्रधान र राखेपका कोषाध्यक्ष अजर मानन्धर पनि हाल चाङचुङमै छन्। ■



**छैठौं सितकालिन एसियाडमा सहभागि भएका ताकछिरी शेर्पा र प्रमोद लामा**





भारतको मुम्बईमा सम्पन्न दोस्रो आमन्त्रण विश्वकप कबडी प्रतियोगितामा सहभागि नेपाली टोली

# आशा लाग्दो प्रदर्शन

भारतको मुम्बईमा आयोजित दोस्रो आमन्त्रण विश्वकप कबड्डी प्रतियोगितामा नेपाल अन्तिम आठ स्थानमा उभिन सफल भएको छ। श्रीलंकाको राजधानी कोलम्बोमा पाँच महिनाअघि सम्पन्न दसौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)मा सहभागी भएपछि नेपाली कबड्डी टोली पहिलोपल्ट अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्रिएको हो।

मुम्बईको पानभेलस्थित कर्नाल स्पोर्टस् एकेडेमीमा सम्पन्न विश्वकप कबड्डीमा नेपालसहित १६ देशको सहभागिता थियो। नेपाल क्वाटरफाइनलमा छिमेकी बंगलादेशसँग ३०-१५को अन्तरले पराजित भयो। बंगलादेश गत महिना कतारमा आयोजित दोहा एसियाडको काँस्य विजेता टोली हो।

समूहगत खेलमा नेपालले इङल्यान्ड, दक्षिण कोरिया र इरानसँग प्रतिस्पर्धा गरेको थियो। नेपाल समूह 'बी'मा सहभागी थियो। एकै दिन तीन खेल खेलेको नेपालले पहिलो खेलमा इङल्यान्ड र दोस्रो खेलमा दक्षिण कोरियालाई हराए पनि तेस्रो खेलमा इरानसँग पराजय भोगेको थियो। दसौं सागमा एउटा पनि खेल जित्न नसकेको नेपाल दुई खेल जितेको आधारमा यो प्रतियोगितामा समूह 'बी'बाट उपविजेता हुँदै क्वाटरफाइनलमा समावेश भएको थियो। 'इरान बलियो प्रतिद्वन्दी थियो', प्रतियोगितामा समावेश भएर फर्किएका नेपाली टोलीका सदस्य महेन्द्र सुनारले *समय*सँग भने। तराईमा जारी बन्दका कारण यो प्रतियोगितामा भाग लिन जानुअघि नेपाली टोलीले एक सातामात्र तयारी गर्न पाएको थियो। 'छोटो तयारीमै हामी राम्रो प्रदर्शन गर्न सफल भयौं', नेपाली टोलीका कप्तान सरोज सिंहले बताए।

सन् २००४ देखि आयोजना भएको यो प्रतियोगिता दोस्रोपल्ट पनि भारतले जित्यो। फाइनलमा भारत र इरान भिडेका थिए। यो प्रतियोगिता सुरुमा इङल्यान्डमा हुने बताइए पनि विशेष कारणवश भारतले नै आयोजना गऱ्यो। प्रतियोगिताका लागि सबै व्यवस्था आयोजक राष्ट्रले गरेको थियो। नेपालका तर्फबाट यो प्रतियोगितामा धनुषाका सरोज सिंह, मनोज मण्डल, सञ्जय श्रेष्ठ, केवल रावत, नेपाल प्रहरीका महेन्द्र सुनार, मोतीलाल महतो, कञ्चनपुरका लक्ष्यधन अधिकारी, प्रेम थापा, नेपाल आर्मीका विकास श्रेष्ठ र काठमाडौंका लोकबहादुर ऐर खेलाडीको रुपमा सहभागी थिए। टोली प्रशिक्षकमा रामनारायण राय, टोली प्रबन्धकमा लक्ष्मीनारायण वैध, रेफ्रीमा पशुपति प्रजापति र संघका पदाधिकारी पारसमणि बराल पनि प्रतियोगितामा आफ्नो सहभागिता जनाउन गएका थिए। ■

## पाँचथरलाई उपाधि

यस वर्षको एन्फा मायोज अन्तरविद्यालय छात्रा फुटबल प्रतियोगिताको उपाधि पाँचथरले जितेको छ। माघ १२ गते शुक्रवार एन्फा कम्प्लेक्स सातदोबाटोमा भएको फाइनल खेलमा गत वर्षको विजेता मोरङलाई १-० ले हराउने क्रममा पाँचथरले उपाधि जितेको हो। पाँचथरका लागि एक मात्र निर्णायक गोल दिया गुरुङले सोह्रौं मिनेटमा गरेकी थिइन्। जिल्लाका बाइस टोली सहभागी रहेको यो प्रतियोगितामा पराजय व्यहोरे पनि आफ्नो टोलीको प्रदर्शनप्रति आफू सन्तुष्ट रहेको मोरङका प्रशिक्षक पारस चौधरीले बताएका छन्। यस्तै, पाँचथरका टोली व्यवस्थापक बालकुमार थापाले मोरङजस्तो बलियो टोलीलाई हराएर उपाधि जित्दा खुसी लागेको बताए। यसअघि धनकुटालाई सेमिफाइनलमा १-० ले हराउँदै मोरङ फाइनलमा पुगेको थियो। पाँचथरले फाइनलमा प्रवेश पाउन सेमिफाइनलमा बारबलाई १-० गोल अन्तरले नै हराएको थियो। प्रतियोगिता एन्फा, जापान फुटबल संघ, राष्ट्रिय खेलकुद परिषद् र शिक्षा तथा खेलकुद मन्त्रालयको संयुक्त आयोजनामा भएको थियो।

# सुरु भयो वैधानिकताको लडाइँ

दर्ता खारेजीका कारण चार वर्षअघि अस्तित्व गुमाएको नेपाल ओलम्पिक कमिटीलाई पुनःस्थापन गर्ने नेपाल सरकारको निर्णय दुई साता पनि बित्न नपाउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धनको विषयलाई लिएर नेपाल सुटिङ संघमा विवाद उत्पन्न भएको छ ।

गत साता मलेसियाली सुटिङ संघका महासचिव मेजर जसानी सारी १२ वर्ष लामो अन्तरालपछि सुटिङको 'सोलिडारिटी कोर्स' आयोजना गर्ने क्रममा काठमाडौं आएपछि सुटिङ संघको नेतृत्वलाई लिएर विवाद चर्किएको हो । नेपाल सुटिङ संघको अध्यक्षको हैसियतले विगत चार वर्षदेखि देशभित्र र बाहिर निर्विवाद काम गर्दै आइरहेका किशोरबहादुर कार्कीलाई बेवास्ता गर्दै नेपाल ओलम्पिक कमिटीले पुष्पदास श्रेष्ठलाई अन्तर्राष्ट्रिय मान्यताको आधार बताउँदै 'सोलिडारिटी कोर्स' आयोजना गर्ने जिम्मा दिएपछि विवादले जन्म लिएको हो ।

लोकतन्त्रबहालीलगत्तै राष्ट्रिय खेलकुद परिषद्ले शाही सरकारका पालामा भएको पन्ध्रवटा राष्ट्रिय संघहरूको चुनाव बदर गर्ने निर्णय गर्दा कार्की अध्यक्ष रहेको सुटिङ संघ पनि तदर्थमा गाभिएको थियो । परिषद् आफैंले गरेको निर्णयको जानकारी राष्ट्रिय संघहरूलाई बेलैमा गराउन नसक्दा सुटिङ संघको आधिकारिकतालाई लिएर लामो समय बहस चलिरहेको थियो । तर, 'सोलिडारिटी कोर्स' सञ्चालन गर्ने क्रममा विवाद उत्पन्न भएपछि परिषद्ले गत साता आफ्नो आधिकारिक धारणा सार्वजनिक गर्दै कार्कीलाई नै मान्यता दिएको जनाएको छ भने कोर्स सम्पन्न भएपछि राजधानीको एक होटलमा समापन कार्यक्रम आयोजना गर्ने क्रममा नेपाल ओलम्पिक कमिटीले श्रेष्ठ नै सुटिङ संघको आधिकारिक अध्यक्ष रहेको र यस विषयमा विवाद नचर्काउन राखेपसँग आग्रह गरेको छ ।

'मसँग राष्ट्रिय मान्यता छैन, तर मलाई अन्तर्राष्ट्रिय मान्यता छ', नेपाल ओलम्पिक कमिटीको सदस्य रहेका पुष्पदास श्रेष्ठले ठोकुवा गर्दै *समय*सँग भने । तर, सरकारी मान्यता पाएका कार्की भने स्वदेशी र विदेशी दुवै मान्यता आफ्नो संघलाई रहेको दाबी गर्दै करिब चार वर्ष पूरै निष्क्रिय रहेका श्रेष्ठलाई अन्तर्राष्ट्रिय मान्यताको पत्र सार्वजनिक गर्न चेतावनी दिन्छन् । 'दुई वर्षअघि मलेसियामा भएको एसियन सुटिङ महासंघको कार्यकारी समितिको चुनावमा म र मेरा महासचिव रणबहादुर चन्दले भोट हालेर आउँदा श्रेष्ठ कहाँ थिए ?', प्रतिप्रश्न गर्दै कार्की भन्छन् । उनी आफूलाई अन्तर्राष्ट्रिय मान्यता नभएको भए मलेसियामा सन् २००४ को फेब्रुअरी १५ तारिखमा भएको एसियन सुटिङ महासंघको चुनावमा भाग लिन नदिने बताउँदै भन्छन्, 'कि यो सबै चुनाव बदर हुनु पर्‍यो । होइन, भने हाम्रो अन्तर्राष्ट्रिय मान्यताको विषयमा ओलम्पिकले कसरी प्रश्न उठाउन सक्छ ?' उनी राष्ट्रिय खेलकुद परिषद् र नेपाल ओलम्पिक कमिटीबीच बनेको मार्गचित्रअनुसार पनि आफ्नो संघ राष्ट्रिय र अन्तर्राष्ट्रियरुपमा आधिकारिक भएको बताउँछन् । 'हामीले अन्तर्राष्ट्रिय सहमति र राष्ट्रिय खेलकुद परिषद् र मन्त्रालयको रोहवरमा २०६२ साल असार १५ गते चुनाव गराएका थियौं, जुन चुनावलाई अन्तर्राष्ट्रिय सुटिङ संघ (आइएसएसएफ) र एसियन सुटिङ महासंघ (एएससी)ले मान्यता दिइसकेका छन्', उनी भन्छन् ।

तर, श्रेष्ठ राष्ट्रिय मान्यताको विषयमा कार्कीको भनाइप्रति सहमति जनाए पनि अन्तर्राष्ट्रिय मान्यताको विषयमा भने आफू नै आधिकारिक भएको ठोकुवा गर्छन् । 'यो हुनै सक्दैन, कार्कीले अन्तर्राष्ट्रिय मान्यता पाएका छैनन् । नेपाल ओलम्पिक कमिटीबाट अन्तर्राष्ट्रिय सेक्टरमा मेरो नाम पहिलेदेखि नै गएको छ । त्यसैले अर्को चुनाव नभएसम्म मेरो आधिकारिकतालाई अन्तर्राष्ट्रियस्तरमा कसैले चुनौती दिन सक्दैन', उनी दाबी गर्छन् । उनी कार्कीले एसियन सुटिङ महासंघको चुनावमा मतदान गरेको विषय भने आफूलाई थाहा नभएको बताउँदै भन्छन्, 'यो कुरा अन्तर्राष्ट्रिय निकायलाई नै सोध्नुहोस् ?' उनले आफूले अहिलेसम्म संघबाट राजीनामा नदिएको बताउँदै भने, 'किशोरबहादुर सिंहको पालामा मलाई राजीनामा दिनु भनेको हो, तर मैले राजीनामा दिइनँ ।'

कार्की यो विषयमा श्रेष्ठले शतप्रतिशत झूटो बोलेको बताउँछन् । २०६० साल मंसिर २ गते श्रेष्ठले तत्कालीन सदस्य-सचिव किशोरबहादुर सिंहलाई संघको पेस्की फर्स्योट सम्बन्धमा लेखिएको पत्रमा आफूलाई भूतपूर्व अध्यक्षबाट सम्बोधन गरेको कागज देखाउँदै कार्की भन्छन्, 'वैधानिकताको विषयमा अनावश्यक अड्को थाप्ने काम भयो भने हामी कानुनी उपचारमा जानेछौं ।' श्रेष्ठ भने यसले आफ्नो अन्तर्राष्ट्रिय हैसियतमा कुनै असर नपर्ने बताउँछन् ।



**■ नवीन अर्याल/काठमाडौं**




# चुँडिएका सपना

**मुलुकमा द्वन्द्व** सुरुवात भएपछि डम्बरकुमारी जस्ता सयौं पात्रहरूको उदय भयो । यसै अवधिमा यस्ता डम्बरकुमारीहरूको कुमारित्वमाथि रमाउनेहरूको संख्या पनि तीव्ररुपमा बढ्यो । दिनप्रतिदिन मुलुकको अव्यवस्थित अवस्थालाई विशेषगरी पत्रकारहरूले नजिकबाट नियाल्ने मौका पाए ।

सर्वसाधारणले पहिचान गर्न नसकेका धेरै पात्रहरूलाई एउटा पत्रकारले निकटबाट नियाल्ने मौका पाएको हुन्छ । पत्रकारिताको धर्म निर्वाह गर्ने क्रममा कति बाहिर ल्याउन मिल्छ, कति मिल्दैन, यिनै मिल्ने र नमिल्ने कुराको सँगालो हो, पत्रकार शंखर खरेलको उपन्यास डम्बरकुमारी एट याहु डट कम ।

पत्रकारिता गर्ने क्रममा पत्रकारका सिंगो अनुभूति समेटिएको पूर्ण उपन्यास हो, डम्बरकुमारी । उपन्यासकी नायिकाका रुपमा डम्बरकुमारी मुख्य पात्र हुन् । उनले भोगेको पीडा र दुःखले पाठकको आँखामा आसु उमार्ने शैलीमा आफ्ना शब्द समेटेका छन्, खरेलले ।

द्वन्द्वका बेला सर्वसाधारणले माओवादी र सरकारको बीचमा रहेर जीउनुको पीडा मात्र समेटिएको छैन, माघ १९ अघि र पछि राजाले देखाउँदै आएको निरंकुश शैलीको पनि राम्रोसँग व्याख्या गरिएको छ उपन्यासमा ।

देशको बिग्रँदो अवस्थासँगै डम्बरकुमारी जस्ता यौनपेसा गर्नेहरूको संख्यामा उल्लेख्य वृद्धि भयो । यसको कारक तत्त्व मुलुकको अशान्ति थियो । तैपनि समाजले सधैं यहाँसम्म पुऱ्याउनेलाई होइन, यो पेसा गर्नेलाई दोष दिइरह्यो । एउटा पत्रकारले समाचार संकलन गर्ने क्रममा यस्ता अवस्थाहरू निकटबाट नियालेको हुन्छ । यसैलाई सारमा समेटेका छन्, लेखकले आफ्नो उपन्यासमा ।

जनयुद्ध सुरु भएदेखिका सहज र असहज सम्पूर्ण अवस्था खरेलले आफ्नो उपन्यासमा समेटेका छन् । विशेष गरी डम्बरकुमारी जस्ता सयौंका टुटेका सपनाको सँगालो हो भन्दा फरक पर्दैन डम्बरकुमारी उपन्यास ।

■ **ज्योति देवकोटा**

# सम्झनाका चित्रहरू




**श्रीओम श्रेष्ठ** 'रोदन' नेपाली साहित्यिक क्षेत्रको नौलो नाम होइन । कविता, लघुकथा र निबन्धका क्षेत्रमा लामो समयदेखि पृथक् पहिचान बनाउन सफल रोदनले मुलुकभित्रै आफू हिँड्दाका अनुभूति सँगालेर नियात्रा संग्रहका रुपमा आफ्नो पछिल्लो साहित्यिक कृति बाहिर ल्याएका छन् ।

पहाडदेखि हिमालसम्म र पूर्वदेखि पश्चिमसम्मको यात्राका क्रममा लेखकले देखेका भोगेका अनेक उकाली ओरालीको दुरुस्त तस्बिर देखाएका छन्, नियात्रा संग्रहमा । साहित्य समाजको प्रतिविम्ब हो । नियात्रा संग्रहमा यिनै अविस्मरणीय क्षणका प्रतिविम्बहरू चित्रण गरिएको छ । मिठा र लोभलाग्दा शब्दहरूले सिँगारिएका नियात्राभित्रका शीर्षक नै आकर्षक शब्दले सिँगारेका कारण नियात्रा संग्रहको पाना पल्टाउँदै पाठकका आँखा तान्छ ।

एउटा स्रष्टाले गाउँका कुनाकन्दरामा पुग्ने अवसर पायो भने उसका कस्ता भावना पानामा कोरिँदा रै'छन् भन्ने प्रस्ट तस्बिर देख्न सकिन्छ, 'रोदन'को नियात्रा संग्रह 'नबिर्सने दिनहरू'भित्र ।

गढीमाईको मेलाको बयान होस् अथवा सधैं नांगो तर, प्राकृतिक सुन्दरताले सम्पन्न मानिने हिमालपारिको जिल्ला जोमसोमको बयान होस् अथवा ओखलढुंगाको उखानसँग उकालो काट्नुको मजा होस्, आफ्नो यात्राका क्रमका बिताएका सर्वश्रेष्ठ समय सँगालेका छन्, नियात्राकारले आफ्नो कृतिमा ।

मानिस स्वभावैले प्रकृतिप्रेमी हुन्छ । साहित्यको बिँडो थाम्ने जिम्मेवारीले पनि हुन सक्छ । रोदनले प्रकृतिसँग रहन चाहने मानवीय स्वभाव पुस्तकमा समेटेका छन् । कलात्मक शैलीमा समेटिएका पन्ध्रवटा नियात्रामा प्रत्येक पानाभित्र फरक शैलीको स्वाद दिन सफल भएका छन्, लेखक । ■




किताब : लोकतान्त्रिक शक्ति र सहकार्यको संस्कृति
लेखक : दयालबहादुर शाही
पृष्ठ : १३०
मूल्य : रु १००/-
प्रकाशक : सुविस्त शाही




किताब : विकास
लेखक : अरुण उपत्यकाका आमाबाबु र छोराछोरी
पृष्ठ : ७९
मूल्य : रु ९९/-
प्रकाशक : कवि परियार




किताब : एक्लै-एक्लै
लेखक : अरुण तिवारी
पृष्ठ : ७०
मूल्य : रु ७५/-
प्रकाशक : एएनटी




किताब : पुल र पर्खालहरू
लेखक : स्नेह सायमि
पृष्ठ : ७०
मूल्य : रु ७५/-
प्रकाशक : सिर्जना

# नवयुग

■ किशन थापा 'अधीर'

**घर सँगै भए पनि साइबरक्याफेमा अचेल आउनै मन लाग्दैन...काम न काजका बोकाहरू मात्र भोकाएर बसिरहने त हो...थ्याङ्क्स गड्, आज खासै हुल रहेनछ । कुनामा एक जोडी रहेछ...त्यति हो । तिनीहरूको युनिफर्म त चिनेकै प्लस टुको जस्तो लाग्छ, पढ्न भनेर आउने यहाँचाहिँ...जेसुकै होस्, आ...**

'नाइँ' भनेपछि नाइँ, नाइँ । चिच्याइदिएँ मैले त, जोडले नै ।

किन घरको कुरा मानूँ म ? के अझै बच्ची छु र ? के हामीजस्ता यङ जेनेरेसनलाई थाहा छैन र के कुराले आफ्नो भलाइ हुन्छ, केले हुँदैन ? बडो, छोरीको हित सोचेको रे ।

सोचेको भए त्यस्ता जाबो पत्रकारको हातमा सुम्पन खोज्थे त ? त्यस्ता पत्रकार त नेपालमा अलपत्रकार भएर रहिरहने त हो ।

ड्याडीले खुसुक्क मामुलाई भन्दै हुनुहुन्थ्यो, 'छोरी त के हो हँ...?'

'के हुनु नि...? घमन्डी छे क्या...बढी नै ।' मामुको उत्तर थियो, अर्को कोठाको दैलोमै उभिएर सुन्न भ्याइसकेकी थिएँ ।

'साँच्चै नै अझ पढ्न चाहन्छे कि क्या...?'

'केको हुन्थ्यो नि', मामुको बीचमै बोली आएको थियो, 'लभसभ गरी कि क्या...बरु ।'

'ठिक छ, त्यसो भए सोध न...भेट्न ल्या भन त ।'

ओ.. गड ! यस्तो गोल्डन चान्स दिएको बेला आफ्नो...मोरो ! ध्यानै दिँदैन हामीलाई त । म पनि के कम 'सबै ठिटीहरूभन्दा के कम...मेकअप, फेसन केमा...केमा ? केहीमा पनि कम छैनँ क्यारे ! तैपनि किन यता हेर्दैन मोरो ! कसलाई ध्यान दिँदो रहेछ त ? अरू कसैलाई पनि ध्यान दिएको जस्तो पनि त लाग्दैन...न कतै छक्का त हैन ? सहरको त्यत्रो ठूलो इन्डस्ट्रलिस्टको छोरो नभएको भए म मात्र कहाँ यस्तरी दुःख भोगीभोगी ध्यान दिन्थेँ र त्यल्लाई !

मोबाइल बज्यो, को रहेछ, हुम् नम्बर...चिनेजस्तै लाग्यो । ए, आयो, प्रभाको रहेछ ।

बटन थिचेर बोल्न के लागेको थिएँ, उतैबाट आवाज आयो, 'ए सपना ! के गरिरहेकी ?'

मोरी मिल्ने साथी त हो, भनिदिएँ, 'यहाँ भर्खरै अघि कस्तो भयो !'

'के भयो ?'

'कुनचाहिँ ध्वाँसे मोरो फेमिलीसहित आएको थियो...।'

उताबाट आइहाल्यो, 'ए पख् पख्...सुनिएन । टावर गएको जस्तो छ...म हाइटमा चढ्छु पख् त ।'

पर्खें, एक छिनपछि आयो, 'अँ, ल भन् ।'

अघिकै कुरा दोहोऱ्याएपछि भनेँ, 'ड्याडको कुनचाहिँ साथीको छोरो रे...त्यस्ता मोरो ।'

'के गर्दो रहेछ ?'

'म त केके न होला भन्ठान्या त...पत्रकार रे ।'

'के भो त ? अचेल पत्रकारले पनि त मालामाल गाँठ कमाउँदो रहेछ नि...सहरका दुईनम्बरीहरूबाट...खबर नछापिदिने सर्तका लागि...।'

'कमाउँछ त्यस्ताले...।'

'अनि तैँले के भनिस् त ?'

'के भन्नु नि...मैले नाइँनाइँ भन्दा पनि ड्याडी जान्ने भएर घरमै बोलाइदिएर...म त केके न होला भनेर रेडी भएको त ल...बूढालाई इम्प्रेस गर्न होला, आफूलाई स्मार्ट देखाउन होला, आफ्नो थोत्रे विचार हालेर देशको हालखबर...भन्दै थियो, हाम्रो देशका समस्या अब त समाधान भयो होला भन्ठानेको त, झन्झन् विकराल हुँदै गइरहेछ । देश हाम्रो, समस्या हाम्रो, मान्छे हाम्रो...भने अचम्म छ ! निर्णयचाहिँ किन अरूको ? भन्दै थियो मोरो ।'

'हे...त्यस्ताको कुरा के सुन्नु ! हामीलाई के मतलब यस्ता पोलिटिकल कुरा...। बरु हाम्रो क्लासको त्यो जानुका छे नि...त्यसको दाइ त रहेछ नि...।'

- के भन्छे यो केटी ? अस्तिसम्म जानुकालाई हेर्न पनि घीन मान्ने केटी, के भन्दै छे ?, 'त्यो गुन्डा ?'

- 'ए पख्, पख् । यहाँ कोही आएजस्तो छ । नेटमा आइज न त, म पनि भित्र कोठामा पस्छु ।'

- 'ल, ल ।'

मोबाइल जिन्सको खल्तीमा कोचिदिएँ, टिसर्टतिर त राख्नै हुन्न, देख्यो कि चाहिहाल्छ जोकोहीलाई...भाइ सुमनदेखि सबैलाई...आफ्नो कार्डको पैसा सिद्धिएला भनेर सबै...। आफूलाई कार्ड फुत्काउन कस्तो गर्न पर्छ, यहाँ भने सबैलाई...कसरी सकिन्छ र ! नाकको अगाडि केही गन्हाएको जस्तो छ, पसिना हो कि क्या...बिहान लगाएको परफ्युम...आ, होस् । त्यो नयाँ परफ्युम लगाउन पऱ्यो, ओह ! हातमा लिनेबित्तिकै भ्वाट्ट आइहाल्यो दीपक...मोरो यस्ता अत्तरको समेत विचार पुऱ्याउँथ्यो मेरा लागि...।

साँच्चै भनूँ भने त केटामान्छेहरू त मूर्खे हुन्...हामीले जे अह्राए पनि मानिहाल्ने...हा...हा...।

एक्लै हाँस्न थालेछु, प्रभा आइसकी कि...आ, के दुःख दिइरहेकी होली, त्यति गफ गर्न पनि साइबरक्याफेमा गइरहनुपर्ने...छुच्ची, कार्ड सकिन्छ भनेर...उसको पो घरमै नेट छ...।

घर सँगै भए पनि साइबरक्याफेमा अचेल आउनै मन लाग्दैन...काम न काजका बोकाहरू मात्र भोकाएर बसिरहने त हो...थ्याङ्क्स गड्, आज खासै हुल रहेनछ । कुनामा एक जोडी रहेछ...त्यति हो । तिनीहरूको युनिफर्म त चिनेकै प्लस टुको जस्तो लाग्छ, पढ्न भनेर आउने यहाँचाहिँ...जेसुकै होस्, आ... ।

सिपियोको स्विज दबाएर मनिटर खोल्नेबित्तिकै कलमा माउसले क्लिक गरिदिएँ ।

आइडीमा सपना अन्डर स्कोर २००७ एट हटमेल डट कम टाइप गरेर पासवर्डप्लेटमा पनि औँला चलाइदिएँ ।

ओह ! हरियो सिग्नल बलिरहेछ,आफ्नो आइडि प्रभा आइसकिछ, हेरूँ त ... यु आर विइङ लेट भनेर प्रश्न आइसेकेको रहेछ ।

रोमनमा टाइप गरिदिएँ, 'यति पनि *के ढिलो हुनु नि । तेरो पो कोठैमा नेट छ अनि...।*

*तँलाई पनि राख् भन्या हैन त ? तेरो ड्याड त्यति धेरै कमाउने मान्छे भएर पनि...।*

*मेरो बूढो कुरै नगर न । नेट त आफैं पनि राख्न सक्छु नि, तर शङ्का गर्छ, कताबाट ल्याइस् भनेर...।*

*उताबाट हाँसेको चिह्न पठाई, रिचार्ज कार्डजस्तै...ठिटाहरूबाट...?'*

*हेर्, यस्ता कुरा भनेकै हामीले ठिटाहरूबाट मुड्ने हो । बोकाहरूलाई के छ र...हामीबाट एकदुई चान्स पाउनुमै ग्रेट एचिभ्मेन्ट ठानिहाल्छन् ।*

*साँच्चै एडिक्ट नै हुँदो रहेछ....ती अविज्ञा र हेमकलालाई नपुग्ने के छ र...डिपार्टमेन्ट स्टोरमा सधैं छक्क्याएर कस्मेटिक गुड्स उडाइहाल्दा रहेछन्...। यो कुरा त त्यो...एक्लै पढेर बस्ने किरण छ नि, त्यसले थाहा पाएर पो....।*

*त्यो मोरो...? गधा हो त्यो । हामीलाई त के भन्छ थाहा छ त्यो ? घुस्याहा बाउका बिग्रेकी छोरीहरू रे...।*

*त्यसको बाउले त खान पाए पो खान्छ त घूस ।*

*एनी वे...अँ, अनि बता त, के भन्दै थिइस् अघि ? अँ, म भन्दै थिएँ, गुन्डा त भन्ने हो भने सबै केटाहरू हुन्छन्...तर त्यो विशेष रहेछ क्या ।*

*आज किन नि त्यसको बारे...?*

*हामीले जानुकालाई मिडिल क्लासकी केटी ठानेर केयर गरेका थिएनौं नि...ओहो ! तिनेरुको त बाबा...तराईमा पनि त्यतिकै प्रोपटी, यहाँ पनि...त्यसको बाउ त अमेरिकामा रेस्टुरेन्ट खोलेर पो बसेको रहेछ....मालामाल गाँठिस रहेछन् नि त । चाहे भने अमेरिकै सेटल हुनसक्ता रहेछन् ।*

नचाहँदा नचाहँदै पनि औंला चलिसकेछन् किबोर्डमा, *हो र ?*

मोरीको भाग्य खुल्ने भयो कि क्या ! तर के थाहा, रिचार्ज कार्डबिनाको मोबाइलमा गफ दिएजस्तै हो कि !

टाइप गर्न औंला चलाउनै लागेकी के थिएँ, त्यति नै बेला अर्को च्याटबक्स देखियो *हाइ फर यु अलवेज रे, उस्* । को रहेछ ?

फेरि देखियो -हाउ इज योर लाइभ गोइङ अन ? कोचाहिँ रहेछ त यो, सोधेँ - *के मैले तपाईंलाई चिन्छु होला ?*

*उताबाट आइहाल्यो - अवश्य, अवश्य । कुरा गर्दै जाऔं, त्यसपछि चिनिहालिन्छ ।*

*हुम्...यो पक्कै नेटकीरो हुनुपर्छ, केटीहरूको यड लिएर दिमाख चाट्ने ।*

*प्रभातिर लागेँ, अँ, अनि...?*

*कस्ती रहिछे यो, मैले टाइप गरेकै कति भइसक्यो, जवाफ पठाएकी छैन, के गर्दै छे ?*

*ए...प्रभा काली । के गर्दै छेस् ?*

*बरु त्यही नेटकीरो पो हतारियो, किन हो...हामीसँग बोल्नै नहुने जस्तो...।*

*सरी, नचिनेको मान्छेसँग कुरा गर्ने चलन छैन ।*

*म चिनिएकै साथी हुँ तिम्रो ।*

*नाम ?*

*पछि चिनिहाल्छौ नि ।*

*कहाँबाट पाएको मेरो आइडी?*

*भगवान्ले दिनुभएको ।*

*को भगवान् ?*

उताबाट मरीमरी हाँसेको चिह्न आयो । फेरि आयो - *हामी सबैको माथि बस्ने...।*

*प्रभा.....आरयुटी ? आरयुटी ??*

के हो नि त्यस्तो *आरयुटी ??* भनेको ?

आर यु देयर भनेको नि ।

एकछिन पख् न...ऊ आइसक्यो क्या ।

यता फेरि हरियो चिह्न देखिँदै थियो, खोलिहेरेँ - *किन, के भो ? यति राम्रो मान्छेले बीचमै कुराकानी छाड्दैन त ?*

केही टाइप गर्नुअघि उतापट्टिको कुनामा भ्वाट्ट आँखा पुग्यो । अहिले कुन केटा आएर बसिसकेछ, शङ्कास्पद ढङ्गमा चालचुल गर्दै थियो । केटीहरूको एड्रेस त पाउनै हुन्न...तर त्यसले ?

'दाइ, यता सुन्नुस् त ।' साइबरधनीलाई बोलाएँ ।

नेटमा केही समस्या पर्‍यो कि भन्ने ध्येयमा होला, मनिटरतिर हेर्दै उसले सोध्यो, 'भन्नुस् ?'

'त्यो केटाले मेरो एड हेर्न आएको थियो हो अघि ?'

'खै...तपाईंको पछाडिबाट हिँडेको त देखेको थिएँ ।'

'ए...ल भइहाल्यो ।' म पनि कस्तो एकसुरे हुन थालेछु ।

त्यहाँ भने देखिँदै थियो - *के अर्कालाई मारिदिने विचार छ कि क्या हो ?*

*किन ?*

*बोल्दै नबोलेर ।*

प्रभा कुकुर्नी पनि व्यस्त भइहाली । म किन बसिरहूँ त्यस्ता दुईपैसे लफङ्गोसित झुन्डिएर ? साइनआउट गरिदिएँ । पैसा तिरेर बाहिरिएँ । केटो हेरेको हैरै होला...के मतलब त्यस्ताको ।

उफ् ! फेरि मोबाइल बज्यो, प्रभा नै रहिछे ।

'किन फेरि ...?'

'किन साइनआउट भइहालेकी ?'

'तँ बिजी भइहालिस् त ।'

'अँ...अलिकति । तीन महिनाका लागि ऊ आजै सिंगापुर उड्दै छ त्यसैले । सी अफ गर्न मसँगै हिँड्छेस् भने एउटा कुरा बताउँछु ।'

'के ?'

'पहिला जान्छु भन् न त ।'

'ल भन् त ।'

'मेरो उसलाई पनि थाहा रहेछ...तँलाई माग्न आउने केटाको बारेमा ।'

बोक्सी, एकदुई पटक बोलिदियो होला, त्यतिकै मेरो ऊ भनिहाल्छे ।

'कसरी ?'

'राम्रैसित चिनेको केटो हो रे । कस्तोकस्तो एडभन्चर न्युज बटुलेर खुपै चर्चा कमाइरहेछ नि त । सबैले उसको लेखनको पनि प्रशंसा गर्छन् रे ।'

'होस् ...त्यस्ता जाबो ।'

'किन यसो भनेकी भन् त ?'

*'उस्...तेरो मात्र चाला थाहा छैन कि क्या हो ? आजभोलिका ठिटीहरूलाई यस्ता इज्जत कमाएको, राम्रो चरित्र, राम्रो विचार, राम्रो व्यवहार भएको...ह्वाट आर दिज अल थिङ्स, हँ ? हाम्रा लागि ह्वाट डज इट मिन ? यस्ता कुराले लाइफ चल्छ अहिले ? फरेन कन्ट्रीतिर जान चान्स नपाउने केटा पनि केटा हो ?'* ■

**कविता**

# सपनाहरू के भए हुँ ?

■ क्षेत्रप्रताप अधिकारी

सपनाहरू के भए हुँ ?
तिमीले–
हाम्रा छातीमा रोपेका
गाँस, वास र कपास उम्रिएनन्
तिमीले–
बस्तीमा कबुलेका
ओखती र अक्षरहरू आएनन्
धेरै वर्ष भयो–
तिमी पनि आएनौ
मेलम्ची पनि आएन
सपनाहरू के भए हुँ ?

हामीलाई बाँडेपछि
तिमीले टार्न खोजेका
र, भाका सार्न खोजेका सपनाहरू
हालसालै–
विस्फोट भएका छन्
आगोमा उभिएर तिमी
अवशेष बटुलिरहन्छौ
भैगो, रंगीन सपना नबाँड अब
बरु लाज पचाएर भन–
हामीलाई सुताएका थाङ्ना
सपनाहरू के भए !

सपनाको विस्फोटपछि
लामो सहवास सकेर
सहर पसेका माओवादीहरू !
खाओवादीले जस्तै –
जथाभावी सपना नपस्कनु है
सपना साकार भएन भने
पड्किँदोरहेछ, देखियो
फेरि बम पड्कियो र खोलो फर्कियो भने
देश बगेर माछो
अरूकै ढडियामा पर्नेछ
र, हाम्रो हातमा बाँकी
मात्र एउटा पश्चात्ताप
सोधिरहेको हुनेछ–
सपनाहरू के भए हुँ ?

ए, अन्तिम भरोसाहरू
हामीलाई –
शब्दले सुमसुम्याएर होइन
कामले थुम्थुम्याएर ज्यूँन देऊ
हामीलाई –
सुनको सपना बाँडेर होइन
नुनको ढिको खोलेर
खोलेहरू प्यूँन देऊ
अन्यथा–
तिम्रो बाटोमा पनि
त्यही एम्बुस प्रश्न
तगारो तेर्सिएर सोधिरहनेछ–
सपनाहरू के भए हुँ ?




बटुवाहरूलाई गणतान्त्रिक रचना सुनाउन बुटवलको सार्वजनिक चौपारीमा पंक्तिबद्ध भएर बसेका साहित्यकार तथा कलाकारहरू

# सकिएन साधना

**रुपन्देहीका स्रस्टाहरू** आन्दोलनका बेला जति गहिरोसँग राजतन्त्रविरुद्ध उत्रिएका थिए, अहिले मुलुक संविधानसभाको बाटोमा हिंडिसक्दा पनि उनीहरूको आन्दोलनले विश्राम लिएको छैन ।

उनीहरू साहित्य सिर्जना गरिरहेका छन् । सडक तताइरहेका छन् । जनताहरू आकर्षित गरिरहेका छन् । उनीहरू सजिलो ठाउँमा आरामका सिर्जना गर्न पनि व्यस्त छैनन् । अझ पनि उनीहरू सडकमै व्यस्त छन् र लक्ष्य पूरा नहुन्जेल सडक तताइरहने सुरमा छन् ।

जनताका वास्तविक दिन नआएको उद्घोष गर्दै सडकमा चेतनाका गीत गाउन व्यस्त छन्, अहिले पनि उनीहरू । उनीहरूले गणतन्त्र स्थापनाको दबाब र चेतनाका लागि सडकको यात्रा जारी राखेका छन् ।

जनआन्दोलनका बेला उनीहरूले गीत, कविता र गजलको माध्यमद्वारा जनतालाई आन्दोलनमा होमिन प्रेरित गरेका थिए ।

धेरैजसोले आन्दोलनपछि विश्राम लिएका बेला रुपन्देहीका यी साहित्यकारहरूले भने झन् सक्रियता देखाउनुपर्ने ठहर गर्दै नयाँ अभियान थालेका हुन् ।


उनीहरूको अभियान गणतन्त्र स्थापनाका लागि निरन्तर साधना गर्नु हो र त्यसका माध्यमबाट जनतालाई जागृत गराउनु हो । साहित्यकार ऋषिराम भुषाल भन्छन्, 'साहित्यकारले कहिल्यै विश्राम लिंदैनन् । जनताको वास्तविक नयाँ दिन ल्याउनका लागि निरन्तर यस्तो अभियान जारी राख्नुपर्छ ।'

गणतान्त्रिक व्यवस्थालाई निम्तो दिन उनीहरूले साहित्यकार र कलाकारहरूको मोर्चा नै बनाएका छन् र सडकमा कार्यक्रम चलाइरहेका छन् । मोर्चाका अध्यक्ष दिल साहनी भन्छन्, 'हामी यस्ता कार्यक्रमलाई निरन्तर अगाडि बढाउँछौं ।'

उनको भनाइमा साहित्यकारहरूको यस्तो समर्पणले गणतन्त्र ल्याउने अभियानमा चेनता विस्तार गर्नेछ र षड्यन्त्र र धोकाहरूलाई खबरदारी गर्नेछ ।

बुटवलको मिडिया चोकमा लहरै जुटेका साहित्यकार र कलाकारहरूले यस्तै सन्देशका रचना वाचन गरेका थिए । उक्त कार्यक्रममा बुँद राना, राचन्द्र भट्टराई, दिल साहनी, ऋषिराम भुषाल, कपिल लामिछाने, डा. घनश्याम परिश्रमी, रुद्र ज्ञवाली, दीपक विश्वकर्मा लगायत दर्जनौं साहित्यकार एवं कलाकारहरू सहभागी थिए ।

■ **दीपक ज्ञवाली/बुटवल**



# सकियो नेपथ्य यात्रा



**'शान्तिको लागि** शिक्षा'को नारा बोकेर नारायणघाटबाट सुरु भएको नेपथ्य संगीत यात्रा-२०६३ ले मुलुकका पन्ध्र स्थानमा आफ्नो सांगीतिक प्रस्तुति देखाइसकेपछि बुधवार राजधानीका श्रोतालाई सांगीतिक मनोरञ्जन दिएर बिट मारेको छ ।


नेपथ्यले यसै शीर्षकमा चार वर्षदेखि सांगीतिक कार्यक्रम प्रस्तुत गर्दै आएको छ । 'शान्तिको लागि शिक्षा'अन्तर्गत २०५९ मा पहिलो र २०६१ मा दोस्रो नेपालव्यापी संगीतयात्राको अनुभव बटुलेको नेपथ्यको यो तेस्रो अभियान हो । विगतका भ्रमणहरूमा जस्तै यसपटक पनि नेपथ्यले आफ्नो कार्यक्रममा सामाजिक चेतना तथा सहयोगको कार्यलाई सम्बद्ध गरेको जानकारी आयोजक तथा नेपथ्यका व्यवस्थापक नेपा-लयका टोली नेता किरणकृष्ण श्रेष्ठले बताए । 'विगतको सहकार्यलाई निरन्तरता दिँदै यसपटक पनि नेपथ्यले राष्ट्रका बालबालिकाको आवाजलाई बल पुऱ्याउने काम गरेको छ', किरणकृष्ण श्रेष्ठ भन्छन् ।

नारायणघाटबाट आरम्भ भएको 'शान्तिको लागि शिक्षा' नेपथ्य संगीत यात्रा २०६३, दमक, धनकुटा, लहान हुँदै पुनः पश्चिमतिरका जिल्लाहरूमा आफ्नो सांगीतिक प्रस्तुति देखाएर अन्तमा काठमाडौं फर्किएको हो ।

संगीतयात्रामा आयोजक, प्राविधिक र नेपथ्यका कलाकारहरूसहित ६५ जनाको समूह संलग्न थियो । 'नारायणघाटबाट सुरु भएको हाम्रो अभियान, काठमाडौंमा आएर विसर्जन गर्दै छौं । दर्शकले गरेको माया बिर्सन सक्ने अवस्था छैन, अब मुलुकको अवस्था पहिलेभन्दा सहज भएको छ । कहीं रोकटोक छैन । हाम्रो यो देशव्यापी यात्रा भविष्यमा पनि निरन्तर अगाडि बढाउन सकियोस्', नेपथ्यका गायक अमृत भन्छन् ।

युद्धको अवस्था झल्काउने गाइनेशैलीको 'घटना' एल्बमको गीतलाई सबै ठाउँमा मन पराएको बताउँदै गुरुङ अगाडि भन्छन्, 'अब कहिल्यै युद्ध नदोहोरियोस् भन्ने नेपथ्यको अभिव्यक्तिलाई दर्शकले ताली बजाएर स्वागत गरे, यसैलाई यसपालिको सफलता ठानेका छौं ।'

सामाजिक तथा आर्थिक कारणले मनोरञ्जनबाट टाढा रहेका दर्शकका लागि नेपथ्यले देशभर 'शान्तिका लागि शिक्षा'को नारा लिएर निःशुल्क कार्यक्रमहरू गरेको हो । ■








गफाडी सिनेकर्मीहरू : युवराज लामा (नबनेको सिनेमा 'बुद्ध'का निर्माता), नारायण पुरी ('नरमाया' र 'उलार'का कागजी निर्देशक), आकाश अधिकारी (हलिउडस्तरको सिनेमा बनाउने डिङ हाँक्ने निर्देशक) र अशोक शर्मा ('चेलिबेटी'को गफ दिने निर्माता/निर्देशक)

# निर्माताका फिल्मी सपना

**निर्माता उद्धव पौडेलले एक वर्षभित्र सातवटा सिनेमा निर्माण गर्ने घोषणा गरेर सबैलाई आश्चर्यचकित पारेका छन् । यसअघि पनि नेपाली चलचित्र उद्योगमा ठूल्ठूला घोषणा नभएका होइनन्, तर, त्यस्ता थुप्रै घोषणा गफैमा मात्र सीमित भए ।**

**■ ईश्वर रौनियार/काठमाडौं**

गोपीकृष्ण मुभिजले एउटा भव्य समारोह आयोजना गरी सन् २००७ भित्र सातवटा चलचित्र निर्माण गर्ने घोषणा गरेको छ, माघ ९ गते । त्यो पनि सम्पूर्ण चलचित्रहरू सिनेमास्कोप प्रविधिमा बनाउने गरी । अधिकांशतः नेपाली चलचित्र १६ एमएम क्यामेराले मात्र खिच्ने गरिन्छ ।

गोपीकृष्णको यो महत्त्वाकांक्षी घोषणाले नेपाली चलचित्र उद्योगमा विभिन्न खाले चर्चा सुरु भएको छ । यद्यपि, गोपीकृष्णका सञ्चालक उद्धव पौडेललाई भने त्यसले खासै असर गरेको देखिँदैन । उनी भन्छन्, 'मसँग सिनेमा घर मात्र होइन, अब चलचित्र प्रशोधन गर्ने ल्याब पनि भएको छ । यस्तो स्थितिमा एउटा बनाऊँ वा सातवटा । मेरा लागि त्यो एउटै कुरा हो ।'

उद्धवले भनेजस्तै हुने हो भने उनी नेपाली चलचित्र उद्योगका शक्तिशाली निर्माता हुन सक्छन् । हालै उनले नेपालको एक मात्र सिनेमा प्रशोधन केन्द्र, जहाँ चलचित्र छायांकनका लागि स्टुडियो समेत छ, नेपाल चलचित्र विकास कम्पनी बालाजुको बहुमत सेयर किनेका छन् । यसअघि नै उनीसँग सातवटा सिनेमा घरहरू थिए । यसरी उद्धवसँग उनले भनेजस्तै चलचित्र प्रशोधन, निर्माण र प्रदर्शन सबै पक्षको प्रविधि भएको छ । यस्ता निर्माताहरू नेपालमा अरू छैनन् ।

उनले निर्माण गर्ने घोषणा गरेका चलचित्रहरूमा दुईवटा भोजपुरी र पाँचवटा नेपाली छन् । २१ वर्षअघिको सुपरहिट चलचित्र कुसुमे रुमालको सिक्वेल पनि निर्माण गर्नेछन्, कुसुमे रुमालकै नामबाट । जसको निर्देशन गर्नेछन्, उनका २१ वर्षीय छोरा निरकले । निरक हालै बेलायतबाट चलचित्र निर्देशनको तालिम लिएर आएका हुन् । रमाइलो कुरा के हो भने तुलसी घिमिरेको निर्देशनमा बनेको उक्त सिनेमाको प्रदर्शनका दिन उनी जन्मेका थिए ।

पुराना हिट चलचित्रको नामबाट विदेशमा पनि यसरी चलचित्र बनाउने चलन छ । निरकले पनि त्यस्तै गर्न खोजेको बताए । घोषित अन्य चलचित्रहरूमा दीपक घिमिरेको निर्देशनमा पर्खिबसेँ, किशोर राना मगरको घर ऐल सैँया हमार, विजय थापाको सुन्दर मेरो नाम, रमेश वुढाथोकीको जीवनमृत्यु, राजकुमार शर्माको गंगा भुट न बोलावे र दयाराम दाहालको घरज्वाइँ छन् ।

चलचित्र उद्योगमा मन्दी छाइरहेको भनिएका बेला उद्धवले निकै रमाइलो र उत्साहवर्द्धक घोषणा गरेका छन् । त्यसो त यसअघि पनि नेपाली चलचित्र उद्योगमा ठूल्ठूला घोषणा नभएका होइनन्, तर त्यस्ता थुप्रै घोषणा घोषणामै सीमित भए । कहिल्यै चलचित्र बन्न सकेनन् ।

नेपाली चलचित्र निर्माताहरूको चर्चाका लागि ठूल्ठूला पत्रकार सम्मेलन र घोषणा गर्ने निकै पुरानो बानी हो । करिब अढाई वर्षअघि निर्देशक आकाश अधिकारीले १५ करोड रुपैयाँको लागतमा हलिउडस्तरको चलचित्र सूर्योदय : द राइजिङ बनाउने घोषणा गरेका थिए ।

अर्का निर्देशक नारायण पुरीले पनि केही वर्षअघि नरमाया र उलार नामक दुई अलग धारको चलचित्र निर्माण गर्ने घोषणा गरेका थिए, तर अहिलेसम्म न त अकाशको सूर्य नै उदायो न त पुरीकी नरमाया नै आइन् ।

किन ती चलचित्रको निर्माण हुन सकेन त ? निर्देशक पुरी भन्छन्, 'अमेरिकी विश्वविद्यालयका विद्यार्थीहरूले नरमायाको निर्माणमा लगानी गर्ने सहमति भएको थियो । पछि छायांकनको क्रममा काठमाडौं बाहिर जाँदा माओवादीले चन्दा मागे । त्यही कारणले यसको छायांकन रोकियो र अहिलेसम्म पनि रोकिएकै छ ।'

अर्को चलचित्र उलार पनि त्यही चन्दा आतंकका कारण रोकिएको निर्माताको दाबी छ । अहिले लेखक नयनराज पाण्डे आफैँले उलारको निर्देशन गर्ने सुनिँदै छ ।

निर्देशक युवराज लामाले पनि केही वर्षअघि नै चार करोडको लगानीमा बुद्ध नामक चलचित्र बनाउने घोषणा गरेका थिए, तर अहिलेसम्म पनि यो चलचित्रको निर्माण सुरु हुने कुनै लक्षण देखिएको छैन ।

निर्देशक अशोक शर्माले पनि तीन वर्षअघि बनाउने घोषणा गरेको सिनेमा 'चेलिबेटी'को अहिलेसम्म केही अत्तोपत्तो छैन ।

चलचित्र डब्बाबन्द हुने प्रवृत्ति नेपालमा मात्र होइन, हलिउड र बलिउडमा पनि छ । तर, त्यहाँका निर्मातासँग चलचित्र डिब्बाबन्द हुनुका पर्याप्त कारण हुन्छन् । नेपाली निर्माता-निर्देशकहरू भने सिनेमाको घोषणा तामझामका साथ गर्छन्, तर वर्षौंसम्म पनि यसका लागि न कुनै तयारी गर्छन्, न 'आफ्नो प्रोजेक्ट' तुहिएको जानकारी नै दिन्छन् । ■

# निरन्तर अनुसन्धान



**काठमाडौं** विश्वविद्यालयका प्राध्यापक डा. मथुरा केसीले स्कुले जीवनमा कहिल्यै डाक्टर बन्छु भनेर सोचेका थिएनन्। एसएलसी उत्तीर्ण गरेपछि मूल विषय अंग्रेजी र अर्थशास्त्र लिएर आइएमा भर्नासमेत भएका थिए, उनी। 'साइन्स राम्रोसँग पढ्यो भने डाक्टर बन्न पाइन्छ, नभए पनि साइन्स टिचर त हुन पाइन्छ', एकजना साथीले यस्तो सल्लाह दिएपछि उनको मन तुरुन्तै बदलियो। घरबाट मुस्किलले स्वीकृति लिएपछि उनी आर्ट्स छाडेर साइन्स पढ्न महात्मा गान्धी डिग्री कलेज गोरखपुर लागे। त्यहाँ भर्ना भएर उनले मेहनतसाथ पढे र आइएस्सी बायोलोजी समूहका पाँचवटा सेक्सनबाट प्रथम भएर सबैलाई उछिनेपछि डाक्टर पढ्ने ढोका खुल्यो।

खुला प्रतिस्पर्धाबाट कोलम्बो प्लानअन्तर्गत ढाका मेडिकल कलेजबाट सन् १९७५ मा एमबिबिएस उत्तीर्ण गरेपछि उनको सपना साकार भयो। सन् १९८२ मा इन्स्टिच्युट अफ पोस्ट ग्र्याजुएट मेडिसिन एन्ड रिसर्चबाट फेलो अफ कलेज अफ फिजिसियन एन्ड सर्जन (एफसिपिएस) सिध्याएपछि उनको करियरले गति लिन सुरु गर्‍यो। डा. केसी एफसिपिएस गर्ने पहिलो नेपाली समेत हुन्। सन् १९८४ देखि इरानमा दस वर्ष कन्सल्ट्यान्ट फिजिसियन र बंगलादेश इन्स्टिच्युट अफ डाइबेटिज, इन्डोक्राइन एन्ड मेटाबोलिज्म (बर्डेम)मा अढाई वर्षजति रिसर्च अफिसर एवं कन्सल्ट्यान्टका रुपमा काम गरिसकेका छन् केसीले।

काठमाडौं मेडिकल कलेज स्थापनाका सुरुका कठिनतम दिनमा डा. केसीले निर्देशकको भूमिका निर्वाह गरेका थिए। अहिले काठमाडौं मेडिकल कलेजको वरिष्ठ कार्डियो डाइबेटोलोजिस्टका रुपमा कार्यरत डा. केसीले गरेका विभिन्न अनुसन्धानमध्ये औषधीको रुपमा जडीबुटी सेवन गर्दा स्वास्थ्यमा पर्ने प्रतिकूल असरसम्बन्धी अनुसन्धान चर्चित छ। उनले रक्तचाप, डाइबेटीज ग्लुकोज, टाइफाइडलगायत विभिन्न रोगसम्बन्धी अनुसन्धानसमेत गरेका छन्। उनी भन्छन्, 'अनुसन्धानविनाको पढाइ सार्थक बन्न सक्दैन, त्यसैले मैले अनुसन्धानलाई निरन्तरता दिइरहेको छु।'

अहिलेसम्म कार्डियो डाइबेटीजसम्बन्धी सयभन्दा बढी सम्मेलनमा सहभागी बनेका डा. केसीको डाइबेटीजसम्बन्धी किताब चाँडै प्रकाशित हुँदै छ। डाक्टरी पेसाबाहेक साहित्यमा पनि कलम चलाउने उनका तीनवटा कृति सार्वजनिक भएका छन्। साहित्य जीवन भएकाले यसतर्फ लागेको विचार राख्दै उनी भन्छन्, 'जब कुनै विषयले भावनात्मकरुपले छुन्छ, कथा, कविता, गीत प्रकट हुन्छ।'

नेपाल कार्डियाक सोसाइटी, सोसाइटी अफ इन्टरनल मेडिसिन नेपाल, नेपाल बंगलादेश साहित्य समाजलगायत दर्जनौं संस्थामा क्रियाशील डा. केसीका सामाजिक कुसंस्कारविरुद्ध लेखिएका लेखहरूसमेत विभिन्न पत्रिकामा छापिएका छन्। ■





युवराज घिमिरे

# आन्तरिक संकट र षडयन्त्रको अवधारणा

**हरेक राष्ट्रहरूको** आफ्नो सुरक्षा अवधारणा हुन्छ, जसमा सम्भावित षड्यन्त्र पक्षको व्याख्या पनि गरिएको हुन्छ। राष्ट्र सुरक्षित र प्रगतितिर अगाडि बढ्ने क्रमलाई सुनिश्चित गर्न तथा उसको अखण्डता तथा हितको रक्षा गर्न यस्तो अवधारणा विकसित गरिएको हुन्छ। र, त्यस्ता अवधारणा यथार्थ वा काल्पनिक मान्यताबाट पनि प्रभावित भएको पाइन्छ।

विश्वका आणविक शक्तिसम्पन्न मुलुकहरूले आफ्नो शक्ति विश्व कल्याण र सुरक्षाका लागि भएको दाबी गर्दै आए पनि मुख्यतया त्यो उनीहरूको सुरक्षा अवधारणाकै विस्तार र पुष्टिमा समर्पित देखिन्छ। र, अक्सर सुरक्षाका हिसाबले ढुक्क यी मुलुकहरू आफ्नो आर्थिक सम्पन्नताका साथै अन्तर्राष्ट्रिय जगत्मा आफ्ना व्यापारसहित अन्य हितहरूलाई विस्तार गर्नमा तल्लीन पनि छन्। नेपालकै छिमेकी चीन र भारतको आर्थिक वृद्धिदर तथा विश्वबजारमा उनीहरूको उपस्थितिले यसलाई पुष्टि गर्छ।

त्यस्तै इराक लगायत अन्यत्र अमेरिकाको सुरक्षा नीतिको व्याख्याका आधारमा देखिएको उपस्थितिको अन्यत्र व्यापक आलोचना भए पनि समान हित र सुरक्षाका अवधारणामा बाँधिएका राष्ट्रहरूको समूह 'नेटो'को समर्थनले उसलाई निकै हदसम्म नैतिक समर्थन पनि हासिल भएको छ। त्यो समर्थन विश्वमा अहिले अनेकरुपमा देखापरेका 'आतंकवाद'का शक्तिहरूका कारण पनि अमेरिकालाई हासिल भएको छ। अफगानिस्तान, इरान वा इराकमा पूर्वमा अमेरिकाको भूमिकाको व्यापक आलोचना भए पनि 'जुम्ल्याहा टावर' आक्रमणपछि अमेरिकाले आफूलाई 'आतंकवाद'विरुद्धको लडाइँमा सबभन्दा अगाडि राखेको छ।

हो, बाह्यजगत्को सुरक्षा अवधारणाका साथै आन्तरिक संघर्षहरूमा पनि राष्ट्रहरूका षड्यन्त्र अवधारणा यदाकदा हास्यास्पद रुपमा प्रस्तुत भएका छन्। उदाहरणका लागि अहिले अमेरिकाले राष्ट्रिय व्यक्तित्वका रुपमा सम्मान गर्न थालेका महान् व्यक्तित्व स्वर्गीय मार्टिन लुथर किङ जुनियरलाई खासगरी 'काला'हरूको अधिकारका लागि सन् ५० र ६० को दशकमा आन्दोलनको नेतृत्व गर्दा कम्युनिष्ट एजेन्ट भन्ने गर्थे, अमेरिकी जासुसी संस्थाले। द्वि-ध्रुवीय विश्व र शीतयुद्धको प्रारम्भिक चरणमा अवधारणात्मक र यथार्थका हिसाबले अमेरिका र कम्युनिष्ट सोभियत संघ एक-अर्काका दुस्मन मात्र थिएनन्, एक-अर्का मुलुकमा वा उनीहरूका प्रभाव क्षेत्रमा घुसपैठद्वारा उपद्रव मचाउने संयन्त्र र नीति पनि उनीहरूले लिए। मार्टिन लुथर किङमाथिको आशंका त्यही अवधारणाको आशंकापूर्ण र काल्पनिक पाटो थियो।

छिमेकको कुरा गर्दा चीन अहिले खासगरी वाणिज्य र आर्थिक उपलब्धिको सफलतापछि ऊ विश्वका विभिन्न भाग र मुलुकमा आफ्नो उपस्थिति जनाउनमा तल्लीन छ, हस्तक्षेपको आभास नदिईकन। सुरक्षाको अवधारणामा क्षेत्रीय आणविक शक्ति भारतलाई सन्तुलन गर्न ऊ सीमित ढंगले पाकिस्तानसँगको सम्बन्धलाई थप आयाम दिँदै छ। रक्षा व्यवस्थालाई सहयोग गर्दै भने अमेरिकाले खतरनाक शक्तिका रुपमा प्रस्तुत गर्दै आएको उत्तर कोरियामाथि नैतिक दबाब दिन विश्व समुदायको अगुवाइ गर्न पनि उसले खोजेको देखिन्छ। र, व्यापक असरको उसको सुरक्षा नीतिभित्र 'तिब्बत'को अस्तित्व छ, जसमाथि कुनै प्रश्न वा आशंकालाई उसले स्पष्टरुपमा विरोध जनाउँछ। अर्थात् तिब्बतको विषयमा विश्व समुदायको 'हस्तक्षेप' वा चासोलाई आफ्नै हिसाबले अस्वीकार गर्ने हैसियत बनाएको छ, शक्तिशाली चीनले।

अर्को छिमेकी भारतको सुरक्षा अवधारणा अहिलेको अवस्थामा खासगरी इस्लामिक आतंकवादबाट त्रस्त देखिन्छ, जसलाई उसको मान्यताअनुसार पाकिस्तानको गुप्तचर संस्था आइएसआईले प्रभावित गरेको छ- यद्यपि पाकिस्तान आफ्ना आन्तरिक उपद्रवहरूमा भारतको बाह्य जासुसी संस्था 'र'को हात भएको आरोप पनि चर्को रुपमा लगाउँदै आएको छ। धर्मको नाममा विभाजित भारत र लगातार ६० वर्षको शत्रुवत् सम्बन्धका कारण भारत-पाकिस्तान एक-अर्काबीचको अविश्वास बुझ्न कठिन छैन।

तैपनि भारतको सुरक्षा अवधारणामा आइएसआई 'फ्याक्टर' सर्वाधिक महत्त्वपूर्ण कुरा हो। त्यहाँका सुरक्षानिकायहरूले भारतकै कतिपय नेताहरू र महत्त्वपूर्ण कर्मचारीहरूलाई पनि संदिग्ध सम्पर्कका कारण निगरानीमा राखेका घटनाहरू त्यहाँका संचारमाध्यममा आउने गरेका छन्। बंगलादेश र नेपालमा समेत 'आइएसआई' संचालनमा रहेको मान्यता त्यही अवधारणाको पाटो हो। तर, भारतको सबभन्दा सबल पक्ष के हो भने उसका विभिन्न राजनीतिक दलहरूमा राष्ट्रिय सुरक्षाको अवधारणाप्रति प्रतिबद्धता छ, प्रशासनिक संयन्त्रमा नीतिगत र अवधारणात्मक स्पष्टता छ भने राज्यको आधिकारिताको वैधानिकता र सामर्थ्यमा कुनै गिरावट आएको छैन।

यी सबै पृष्ठभूमिलाई केलाउँदा नेपाल त्यहीँ चुकेको छ। नेपालको आफ्नो सुरक्षा अवधारणा वा त्यसले रक्षा गर्ने राष्ट्रियताको जग अक्सर अन्ध 'भारत विरोध' रह्यो भने सत्तामा जवाफदेहिताको संस्कृति बनेन। सुरक्षा र परराष्ट्र मामिलामा पृथ्वीनारायण शाहले 'दुई ढुंगाको तरुल'का रुपमा नेपाललाई प्रस्तुत गर्दा दुईबाट चेपिन नहुने तर दुवैसँगको सम्बन्ध आफ्नो सुरक्षाका लागि अनुकूल बनाउनुपर्ने अवधारणा प्रस्तुत गरेका थिए। तर, मुलुक अहिले कमजोर र नीतिगत शून्य हुनुको पछाडि राष्ट्रिय चरित्रको अभाव पनि हो। केही प्राप्तिका लागि सबैसँग लम्पसार पर्दा आफ्नो राष्ट्रिय स्वाभिमान झुक्छ र त्यसको प्रतिकूल मूल्य चुकाउनुपर्छ भन्ने मान्यताको अभावले पनि राष्ट्रिय स्वाभिमान लुप्त भएको छ।

जहाँसम्म सत्तामा प्रवेश गर्न लागेका माओवादीहरू छन्, उनीहरूको अवधारणात्मक मान्यता स्पष्ट छ- साम्राज्यवादी अमेरिका उसको शत्रु हो। तर 'विस्तारवादी भारत'लाई उनीहरूले अब मित्र मान्न थालेका छन्। उनीहरूसँग फरक मत राख्ने आन्तरिक शक्तिहरू साम्राज्यवाद 'दलाल' र प्रतिगमनका मतियार भनिनेछन् उनीहरूको विचारमा। तर, मुलुकको राजनीतिले उनीहरूलाई आफ्नो मान्यतामा वस्तुनिष्ठता र व्यवहारिकता स्विकार्न बाध्य तुल्याउनेछ भोलि। तराईको सन्दर्भमा उनीहरूको 'षड्यन्त्रको सिद्धान्त' प्रत्युत्पादक भइसकेको छ, मुलुक र उनीहरूका लागि पनि। ■

विश्वका आणविक शक्तिसम्पन्न मुलुकहरूले आफ्नो शक्ति विश्व कल्याण र सुरक्षाका लागि भएको दाबी गर्दै आए पनि मुख्यतया त्यो उनीहरूको सुरक्षा अवधारणाकै विस्तार र पुष्टिमा समर्पित देखिन्छ। र, अक्सर सुरक्षाका हिसाबले ढुक्क यी मुलुकहरू आफ्नो आर्थिक सम्पन्नताका साथै अन्तर्राष्ट्रिय जगत्मा आफ्ना व्यापारसहित अन्य हितहरूलाई विस्तार गर्नमा तल्लीन पनि छन्।